# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## सुरेश वाग्ले 'वासु' स्मृति दिवस : को हुन् सुरेश वाग्ले ?



● **नारायण अधिकारी निश्चल**

महान जनयुद्धको क्रममा उच्च शहादत प्राप्त नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का बाँकी ४ पेजमा


वर्ष ५ अङ्क १३ पूर्णाङ्क २०३ २०७७ भदौ २९ गते सोमबार Monday, 14 Sept., 2020 पृष्ठ ८ मूल्य रू. १०|–


# गम्भीर राष्ट्रघातको तयारीमा सत्तारुढ नेकपा

काठमाडौं । अन्ततः सत्तारुढ डबल नेकपा गम्भिर राष्ट्रघाततर्फ उन्मुख भएको छ । अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौता राष्ट्रघाती रहेको भन्दै त्यसको खारेजीका लागि चौतर्फी रूपमा आवाज उठिरहेको र दबाब आन्दोलनहरू सञ्चालन भइरहेको पृष्ठभूमिलाई बेवास्ता गर्दै डबल नेकपाको हालै सम्पन्न स्थायी समितिको बैठकले एमसीसी सम्झौता अमेरिकी डिजाइन अनुसार नै संसदबाट पास गर्ने निर्णय गरेर गम्भिर राष्ट्रघात गर्न लागेको विश्लेषण हुन थालेको छ । डबल नेकपाको बैठकले एमसीसी सम्झौता संशोधन तथा परिमार्जनसहित संसदबाट पास गर्ने भनेको छ। तर उक्त सम्झौता अमेरिकाले हुबहु पास गर्नुपर्ने दबाब दिइरहेको छ । वर्तमान ओली नेतृत्वको सरकार र सरकारको नेतृत्व गरेको डबल नेकपासँग अमेरिकी दबाबको समना तथा प्रतिवाद वा प्रतिरोध गर्ने हैसियत, ल्याकत, आँट नरहेको हुँदा एमसीसी हुबहु पास हुने निश्चित प्रायः भएको छ । साम्राज्यवादी मुलुक अमेरिकाको नीति, योजना, कार्यक्रम र निर्देशनमा चल्ने वर्तमान ओली सरकार पहिल्यैदेखि एमसीसी संसदबाट हुबहु पास गर्नुपर्ने अडानमा रहेको छ र उसले त्यसका निम्ति पार्टीभित्र र बाहिर पनि 'होमवर्क' गरिरहेको छ । त्यही होमवर्कले नै डबल नेकपाभित्र शीर्ष नेताहरूबीचको किचलो, आरोप प्रत्यारोप, गुटबन्दी तथा सत्तास्वार्थ सबैको व्यवस्थापन गरेको छ र डबल नेकपाभित्रका एमसीसी (एमसीसी) सम्झौता नेपालको संसदबाट सके सर्वसम्मत, नभए दुईतिहाइ बहुमत, त्यो पनि नभए सामान्य बहुमतबाट पास गराउन चाहन्छ अमेरिका ।




विरोधी आवाजलाई पनि बन्द गरिदिएको छ । संस्थागत रूपमा नै एमसीसी पास गर्ने निर्णय गरेर डबल नेकपा गभिर राष्ट्रघातको अन्तिम तयारीमा जुटेको छ ।

विकास र सहयोगको आवरणमा नेपालको असल छिमेकीको रूपमा रहेको चीनलाई घेरा हाल्ने र त्यसका लागि नेपालको भूमि, प्राकृतिक तथा मानवीय स्रोत साधनको प्रयोगमा एकाधिकार स्थापित हुने गरी अमेरिकाको हिन्द प्रशान्त सैन्य रणनीति अनुसार मिलेनियम च्यालेन्ज कर्पोरेसन

नेपाल सरकार र एमसीसीबीच सन् २०१७ सेप्टेम्बर १४ मा सम्झौता भएको थियो । एमसीसीको ५० करोड अमेरिकी डलर र नेपाल सरकारको १३ करोड अमेरिकी डलरमा अन्तरदेशीय विद्युत् प्रसारण लाइन र सडक मर्मत परियोजना संचालन गर्नका लागि एमसीसी सम्झौता भएको भनिए पनि यससँगै अमेरिकाको साम्राज्यवादी स्वार्थ यसमा अन्तर्निहित भएर आएको यसको अद्येता, विश्लेषक तथा देशभक्त एवम् क्रान्तिकारी नेताहरूले बताइरहेका छन् र उनीहरूले जुन कुनै हालतमा यो सम्झौता खारेज गरिनुपर्ने, अन्यथा नेपाल अमेरिकाको उपनिवेश (गुलाम, कठ्पुतली देश)मा परिणत हुने चेतावनी दिँदै आएका छन् । नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायत ११ वटा राजनीतिक दलले संयुक्त रूपमा एमसीसीको खारेजीको लागि आन्दोलनमार्फत् दबाब दिँदै आएका छन् भने एमसीसी खारेज अभियान नै बनाएर विभिन्न क्षेत्रका विज्ञहरूले समेत खारेजीको लागि दबाब दिँदै आएका छन् ।

एमसीसी सम्झौता २०७६ असार ३० गते प्रतिनिधिसभामा दर्ता भएको थियो । सम्झौतालाई प्रतिनिधिसभाबाट अनुमोदन गर्न नेपाल सरकार र एमसीसीबीच भएको सहमति अनुसार नै संसदमा दर्ता गरिएको थियो ।

एमसीसी सम्झौता संसोधन हुन्छ त ?

अमेरिकी परियोजना एमसीसी सम्झौता भइसकेपछि संसाधन भएको उदाहरण विश्वका कुनै मुलुकमा पनि भेटिँदैन । बरु, दुई वटा देशमा रद्द भने भएको छ । मादि र मदासकेशर देशमा भने यो सम्झौता नै रद्द भएको थियो ।

५० वटा देशमा भएको एमसीसी सम्झौतामध्ये १७-१८ वटा देशमा यो सम्झौता संसदबाटै अनुमोदन भएर काम भइसकेको छ । दक्षिण एसियाली मुलुक बाँकी ६ पेजमा

## अखिल नेपाल किसान महासंघ (अप्फा), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान संघको भर्चुअल राष्ट्रिय भेलामा प्रस्तुत हुने अवधारणा पत्र

काठमाडौं । अखिल नेपाल किसान महासङ्घ (अप्फा), अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी), अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान सङ्घको आयोजनामा भर्चुअल संयुक्त राष्ट्रिय भेला हुन गइरहेको छ । यो राष्ट्रिय भेलामा जोडिनुभएका केन्द्रीय समितिका कमरेड, वस्तुगत सङ्गठनका पदाधिकारी, प्रदेश र जिल्लाका प्रतिनिधिहरूलाई हार्दिक स्वागत तथा अभिनन्दन गर्न चाहन्छौं ।

हामी चार सङ्गठनहरूले संयुक्त कार्यक्रमको आयोजना गरिरहेका छौं । यसभन्दा पहिले काठमाडौंको हार्दिक होटलमा, त्यसपछि विभिन्न कृषि तथा अर्थविद्हरूलाई पनि सहभागी गराएर किसानको साझा मुद्दा तयार गरी नेपाल सरकारलाई ध्यानाकर्षण गराउने र किसानका साझा मागहरूलाई सरकारले पूरा नगरे माग पूरा गराउन आन्दोलनमा उत्रने तयारी गर्दै थियौं । तर कोभिड-१९ को महामारीले परिस्थितिमा नयाँ सङ्कट पैदा भयो । भौतिक रूपले हामीले तय गरेको कार्यक्रमलाई अगाडि बढाउन बाधा उत्पन्न भयो । यो दौरानमा सरकारलाई दबाब दिन भर्चुअल बैठक गरी संयुक्त वक्तव्यमार्फत सरकारलाई ध्यानाकर्षण गर्ने प्रयत्न गर्‍यौं । यहीबिचमा कृषि वैज्ञानिक, कृषिविज्ञलाई समेत सहभागी गराएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बाँकी ८ पेजमा

## ७ ट्रेड युनियन महासंघको विरोध कार्यक्रम सम्पन्न
## रोग सँग कि भोक सँग ? भन्दै मजदुरहरू आन्दोलित



काठमाडौं । नेपाली श्रमिक वर्गको हक अधिकार र व्यवस्था स्थापनाको पक्षमा निरन्तर क्रीयाशिल ७ ट्रेड युनियन महासंघको संयुक्त विरोध कार्यक्रम काठमाडौको माइतीघर मण्डलामा सम्पन्न भएको छ । कोरोनाको त्रास देखाई सरकारले ६ महिना देखि निरन्तर जारी राखेको लकडाउन र निषेधाज्ञाको कारण नेपाली श्रमबजारमा क्रीयाशील उत्पीडित मजदुर र विपन्न समुदायको जीवन संकटपुर्ण अवस्थामा पुगेको, मजदुरहरूको व्यापक रोजगारी कटौती गरिएको, तलब सुविधा कटौती गरिएको, विभिन्न मजदुर विरोधी सम्झौताले मजदुरहरूको हक अधिकारलाई कमजोर बनाएको, वैदेशिक रोजगारीमा रहेका नेपाली मजदुरहरूको स्वदेश बाँकी ७ पेजमा

## नेकपा (क्रान्तिकारी माओवादी)का प्रवक्ता प्रतीकद्वारा प्रेस वक्तव्य प्रकाशित

पार्टीका केन्द्रीय समिति सदस्य कमरेड हरेराम पटेलको गिरफ्तारीको विरोध गर्दै उहाँलाई अविलम्ब, निसर्त र ससम्मान रिहाइ गर्न सरकारसँग जोडदार माग

काठमान्डौ । नेकपा (क्रान्तिकारी माओवादी) पार्टीका केन्द्रीय समिति सदस्य कमरेड हरेराम पटेललाई सरकारले गिरफ्तार गरेको जानकारी प्राप्त भएको छ। उहाँको गिरफ्तारीलाई लिएर पार्टी प्रवक्ता प्रतीकद्धारा प्रेस वक्तव्य प्रकाशित गरिएको छ, जसको पूर्ण पाठ तल दिइएकोछ :

**प्रेस–वक्तव्य**

हाम्रो पार्टीका केन्द्रीय समिति सदस्य कमरेड हरेराम पटेललाई यही २०७७ भाद्र २५ गते बारा जिल्लाको सपहीबाट गिरफ्तार गरेको घटनाप्रति हाम्रो पार्टीको गंभीर ध्यानाकर्षण भएको छ । नेपाल सरकारले गरेको यो गिरफ्तारी अन्यायपूर्ण र पूर्वाग्रहपूर्ण छ । हाम्रो पार्टीले यस गिरफ्तारीको घोर विरोध गर्दै उहाँलाई अविलम्ब, निसर्त र ससम्मान रिहाइ गर्न सरकारसँग जोडदार माग गर्दछ ।

*मितिः २०७७ भदौ २६ गते*

*प्रतीक*

*प्रवक्ता*



## क्रान्तिकारी माओवादीले कब्जा गरेको जग्गा सार्वजनिक सम्पतिको रुपमा राख्ने बर्दघाट नगरपालिका प्रमुख बस्यालको प्रतिबद्धता



❑ **पुष्पा गिरी**

नवलपरासी । नेकपा (क्रान्तिकारी माओवादी)ले बर्दघाट नगर समितिले विहीवार कब्जामा लिएको जग्गा स्थानीय तह मातहत ल्याइने भएको छ । बर्दघाट नगरपालिकाका नगर प्रमुख धीरज शर्मा बस्यालले सोमवार पत्रकार सम्मेलन गरी बर्दघाट-२ चिसापानी ढेडाँरीफाँटस्थित राष्ट्रिय आवास कम्पनीको जग्गा स्थानीय तहको मातहत गर्ने प्रतिबद्धता गर्नुभएको हो ।

विहीवार नेकपा (क्रान्तिकारी माओवादी)ले सार्वजनिक सम्पतिको रूपमा जग्गा राख्न भन्दै कब्जामा लिएको घोषणा गरेको थियो । सोही जग्गा सार्वजनिक बनाउन नेपाली काँग्रेस सहितका ६ दलले नगरपालिका तथा जिल्ला प्रशासन कार्यालयलाई ध्यानाकर्षण गराएका थिए । पत्रकार सम्मेलनमा बोल्दै नगर प्रमुख बस्यालले ६ दलले जग्गा तथा बिबिध बिषयलाई समेटेर जारी गरिएको संयुक्त प्रेस विज्ञप्ति प्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो ।

उहाँले वार्ड नं. २ चिसापानीमा अवस्थित दिब्यज्योती बाँकी ७ पेजमा

## सरकारी नेकपाको बैठक : 'ब्रेन ट्युमरको उपचार कपालमा तेल !'

*सरकारी पार्टीको एउटा सर्बोच्च कमिटीको बैठकलाई जुन महत्वका साथ लिइएको थियो, त्यसबारे मा माथि बताई सकिएको छ । त्यसका साथै, कोभिड १९ को कारणबाट मात्र होइन, यो सरकारको आफ्नै कारण र अन्य विविध कारणबाट देशमा उत्पन्न महासंकटका बेलामा बस्दै गरेको यो बैठकलाई मानिसहरूले महत्वका साथ हेरेका थिए*



● सीपी गजुरेल ●

'सात लाख सदस्यता भएको', 'संसदमा दुई तिहाई सिट ओगटेको' दम्भबाट ग्रस्त सरकारी नेकपाको भाद्र २६ मा बसेको स्थायी समितिको बैठक त्यो पार्टीमा हुनेहरूका लागि त मुटुको ढुक् ढुकी जत्तीकै बनेको थियो । अरु पार्टीहरू, सामाजिक संजाल र संचार माध्यमकालागि पनि यो निकै चासोको विषय बनेको थियो । झण्डै दइतीहाई बहुमत स्थायी समितिका सदस्यहरूले लिखित रूपमा माग गरिएको कारणबाट बसेको हो यो बैठक, ७९ दिन स्थगित भएर बस्न लागेको उच्च कमिटीको बैठक भएको हुनाले पनि मानिसहरूमा यो बैठकबारे केही कौतुहल हुनुलाई स्वभाविक नै मान्नु पर्छ । यस्तो बहुआयामिक महत्वको बैठकलाई विषय बनाएर यो सानो आलेख यहाँ प्रस्तुत गरिएको छ । यसको शिर्षकमा प्रयोग भएको यो विचार, आदर्शलाई होइन, सरकार बनाउने विषयलाई मात्र केन्द्रमा राखेर बनाइएको पार्टीलाई लागेको रोग 'ब्रेन टुमर' हो भन्ने यथार्थ चाहिँ त्यसै पार्टीका नेता, स्थायी समितिका सदस्य र बैठकको माग गर्ने एकजना हस्ताक्षर कर्ताले बैठककै समयमा बोलेको कुरा सार्वजनिक भएको हुनाले शिर्षक राख्दा त्यहिँबाट सापटी लिएको हुँ ।

**पार्टीको सर्बोच्च प्राथमिकता**

सरकारी पार्टीको एउटा सर्बोच्च कमिटीको बैठकलाई जुन महत्वका साथ लिइएको थियो, त्यसबारेमा माथि बताई सकिएको छ । त्यसका साथै, कोभिड १९ को कारणबाट मात्र होइन, यो सरकारको आफ्नै कारण र अन्य विविध कारणबाट देशमा उत्पन्न महासंकटका बेलामा बस्दै गरेको यो बैठकलाई मानिसहरूले महत्वका साथ हेरेका थिए । तर, अरु विषयमा त कुरै छाडौं, असार १० गतेको बैठकमा तय गरिएका सबै एजेण्डालाई पनि छलफलको विषय बनाइएन । उपरोक्त तमाम विषयहरूलाई तामेलीमा राखियो । बैठकको एक मात्र एजेण्डा थियो ६ सदस्यीय कार्यदलले दुई अध्यक्षको निर्देशनमा तयार पारेको प्रतिवेदनलाई पारित गर्ने ।

देशका अगाडि यतिखेर यति ठुलो संकट उपस्थित छ। कोभिड १९ को महामारीले पुरै देश आक्रान्त छ । त्यसै पनि नेपालमा बेरोजगारीको समस्या निकै गम्भीर छँदै थियो । देश विकासमा योगदान पुऱ्याउने युवाहरूका पल्टन विदेशमा ओइरो लाग्दै आएको थियो । देश भित्रका र विदेशमा नै बेरोजगार भएर बाँकी २ पेजमा

## सम्पादकीय

# डबल नेकपाको राष्ट्रघात

यतिखेरको नेपालमा राष्ट्रिय स्वाधीनताका सर्वाधिक चर्चित र संवेदनशील विषय हुन्- नेपाल सरकारले जारी गरेको लिम्पियाधुरासहितको नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा' र 'मिलेनिम च्यालेन्ज कर्पोरेशन (एमसीसी)' । नेपालको नयाँ नक्सा भारतीय विस्तारवादसँग सम्बन्धित छ भने एमसीसी अमेरिकी साम्राज्यवादसँग सम्बन्धित छ । अर्थात् नेपालको राष्ट्रिय स्वाधीनताका लागि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद नै सबैभन्दा ठूला चुनौती (खतरा) हुन् ।

लिम्पियाधुरा, कालापानी र लिपुलेक यतिबेला भारतीय कब्जामा छ । उसले आफ्नो नक्सामा उक्त नेपाली भूमि गाभेको मात्रै छैन, भौतिक रूपमा पनि त्यो क्षेत्रमा उसले उपस्थिति जनाइराखेको छ । कालापानीमा उसले बर्षौंदेखि आफ्नो सेना तैनाथ गरिराखेको छ भने लिपुलेक क्षेत्रमा हालसालै सडक सञ्जाल निर्माण गरेको छ । जसको नेपालमा व्यापक विरोध भयो र जनदबाबकै कारण नेपालको सरकारले उक्त भूमिसहितको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गर्न बाध्य भयो र संविधान संशोधन गरी निशान छापमा समेत उक्त नक्सा परिमार्जन गरियो । तर भारतले उक्त नेपाली भूमि विना ऐतिहासिक तथ्य प्रमाण बलमिच्याईपूर्वक आफ्नो भएको दावी गरिरहेको छ र भारतसँग सीमा जोडिएका अन्य ६ दर्जनभन्दा बढी ठाउँमा सीमा अतिक्रमण जारी राखेको छ । जारी नयाँ नक्सा अनुसारको नेपाली भूमि भारतीय कब्जाबाट फिर्ता गर्ने दायित्व नेपाल सरकारको हो, राज्यको हो ।

मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) अमेरिकी साम्राज्यवादी परियोजना हो । यो चीनलाई घेरा हाल्ने र एशियामा आफ्नो एकाधिकार स्थापित गर्ने अमेरिकी हिन्द प्रशान्त सैन्य रणनीतिको मिसनसँग सम्बन्धित परियोजना हो । सोही उद्देश्य हासिल गर्न अमेरिकाले एमसीसी परियोजनाअन्तर्गत नेपाल भूमि, यहाँको प्राकृतिक तथा मानवीय स्रोध साधन चीनका विरुद्ध प्रयोग गर्न खोजेको छ । एमसीसीमा उल्लेखित प्रावधानहरूले नेपाल अमेरिकी साम्राज्यवादको कठ्पुतली (गुलाम) देशमा परिणत हुने निश्चित देखिएको छ । यो परियोजनालाई रोक्ने र नेपालका कार्यान्वयन हुन नदिने मुख्य दायित्व र काम पनि नेपाल सरकारकै हो ।

नेपालमा यतिखेर डबल नेकपाको सरकार छ । उक्त पार्टीको पहिलो नम्बरका अध्यक्ष समेत रहेका केपी शर्मा ओली प्रधानमन्त्री छन् । ओली तिनै व्यक्ति हुन्, जसले भारतको हितनुकूलको महाकाली सन्धि गराउन ठूलो भूमिका खेलेका थिए । र, अहिले भारतले लिम्पियाधुरासहितको कब्जा गरिएको नेपाली भूमि आफ्नो भएको दावी त्यही महाकाली सन्धिलाई आधार मानेर गरिरहेको छ । त्यसभन्दा अघि तत्कालीन ब्रिटिश साम्राज्यवादसँग गरिएको सुगौलीसन्धियताका सबै ऐतिहासिक तथ्य प्रमाणहरूले उक्त भूमि नेपालको हो भन्ने स्पष्ट रूपमा देखाएको छ । त्यसमाथि उक्त भूमिमा बसोबास गर्ने नेपालीहरूको नेपालसँग जनगणना गरेको र नेपाल सरकारलाई तिरो तिरेको रसिदहरू पनि प्रमाणको रूपमा रहेका छन् । यी ऐतिहासिक तथ्य प्रमाणहरूका आधारमा उक्त भूमि फिर्ताका लागि नेपाल सरकारले जुन तदारुकता देखाउनुपर्ने हो, त्यस दिशामा माखो मारेको छैन । जेठमा नक्सा जारी गरेको सरकारले अहिले यो विषयमा शब्द उच्चारण नै समेत गर्न छाडिसकेको छ । करिब तीन चार महिनाको किचलो, आरोप प्रत्यारोप, सत्ता स्वार्थको झगडा मिलेको मिलाएको भनिएको पछिल्लो डबल नेकपाको स्थायी समितिको बैठकमा ओली र प्रचण्डको सहमतिको प्रस्तावमा 'एमसीसी' पास गर्ने विषय उल्लेख गरिएको भए पनि भारतले कब्जा गरेको भूमि फिर्ता गर्ने विषयमा उल्लेख नै छैन । र, यो विषयमा कसैले आवाज उठाएको पनि सुनिएन । आफैले जारी गरेको नक्सा अनुसारको जमिन कायम गराउने तथा अतिक्रमित फिर्ता गर्ने विषयमा एकातिर छलफल नहुनु तर अर्कोतिर राष्ट्रघाती एमसीसी सदनबाट पास गराउने विषयमा संस्थागत निर्णय हुनु भनेको डबल नेकपाभित्र 'राष्ट्रिय स्वाधीनताको मृत्यु' हुनु हो । यसअघि एमसीसी खारेजीका लागि आवाज उठाउने डबल नेकपाका नेताहरूको 'राष्ट्रवाद' पनि केवल पद र पैसाका लागि बार्गेनिङ मात्र रहेछ कि भन्ने भन्ने गम्भिर आशंका उत्पन्न हुन गएको छ ।

सिद्धान्त, विचार, आदर्श, मूल्य मान्यता, नैतिकता र इमान्दारिता सिद्धिएपछि पद र पैसाका लागि जे पनि गर्ने दलाल चरित्रको विकास हुने रहेछ । राज्य शक्ति र स्रोत साधनको चरम दुरूपायोग गरी देश र जनतालाई नै एक हिसाबले बन्दक बनाएर तीन छ महिनादेखि पार्टीभित्रको किचलोमा रमाएका र एकसाथ 'भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद'को दलालीको प्रतिस्पर्धामा लागेका डबल नेकपाका नेताहरू अन्ततः एमसीसी पास गर्ने, भारतले कब्जा गरेको लिम्पियाधुरा, लिपुलेक, कालापानीलगायत भूमि फिर्ताका लागि ठोस पहल नगर्ने सर्तमा पद र पैसाको भागबण्डा गरी नाटकीय सहमति कायम गरेको प्रचार गरिरहेका छन् । दास र भाट चरित्रका कार्यकर्ताहरू उत्सव मनाइरहेका छन् । माफिया र विचौलियाहरू भोज भतेरको खेती चलाइरहेका छन् । यता जनता भने दिनदिनै भोग र रोगले छट्पटाएर निकै कारुणिक र दर्दनाक मृत्यु बरण गरिरहेका छन् । सहरका सडक गल्लीहरूमा एक छाकका लागि श्रमजीवी मजदुरहरू तड्पीइरहँदा, छट्पटाइरहँदा शासकहरू भने चौरासी व्यन्जनमा स्वाद फेरिरहेका छन् । यो घडीमा शासकहरू, डबल नेकपाका नेताहरूमा कथित राष्ट्रवादको मात्रै होइन, मानवीय संवेदनाको पनि मृत्यु भएको महसुस सारा जनताले गरिरहेका छन् । मरता तो क्या नइ करता भनेजस्तै भोका नाङ्गा जनताको विद्रोहले अवश्य पनि एकदिन 'त्यो मृत्युको' दाहःसंस्कार गर्नेछ र त्यो खरानीबाट नयाँ युगको सुत्रपात गर्नेछ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निषक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# 'ओली संज्ञान' र अतर्क बुद्धिवाद



● कुमार शाह ●

दुईतिहाइ बहुमत प्राप्त सरकारको नेतृत्व गरिरहेका केपी शर्मा ओली र उनको समूहको संज्ञानात्मक प्रक्रिया अतर्क बुद्धिवादमा आधारित छ । यो सहजवृत्तिमा आधारित हुन्छ र यसमा विचार तथा नैतिकताको कसी वा बन्धन लागु हुँदैन । यसमा बुद्धि, विवेक र तर्कको स्थान हुँदैन । यस्ताखाले अतर्क बुद्धिवादमा सापेक्ष सच्चाइसमेत पाइँदैन ।

अतर्क बुद्धिवादले प्रकृति र मानव समाजको नियम, रूपान्तरणको नियम तथा वस्तुगत नियम मान्दैन । यसको मूल रुझान भनेको उपयोगितावाद हो । वस्तु पदार्थ, विचार वा व्याख्या स्वेच्छाचारितापूर्वक अराजक किसिमले गर्दछ । विवेकको धज्जी उडाउनु र भ्रम सिर्जना गर्नु तथा भएको दिमाग पनि भुटिदिनु यसको सहज उद्देश्य हुन्छ । यो विशिष्ट, आशक्तिपूर्ण र मुठ्ठीभर संभ्रान्त वर्गको जीवन र जगतलाई हेर्ने एक महत्वपूर्ण मानसिक प्रक्रिया हो । यो बढी सत्ता र स्वार्थमुखी हुनुका कारण आम तथा जनमुखी हुँदैन । वीरपूजा, महामानवीकरण, प्राधिकार र हुकुममा यसको स्वत्व निहित हुन्छ । यो बढी नै यथास्थितिमय, अतितमुखी वा पश्चगामी पनि हुन्छ ।

विचार निर्माणमा सक्रिय सिंगो संज्ञानात्मक प्रक्रिया- दृष्टि, ध्यान, स्मरण, संश्लेषण र निर्णयपछि अभिव्यक्तिका लागि प्रयोग गरिने माध्यम अर्थात् भाषाको चयन र निपूर्णता आदिमा यो प्रवृत्तिको बालरोगीपन पाइन्छ । सरल भाषामा भन्नुपर्दा यसमा 'जानकारी लिएर' सिधै वा जस्ताको तस्तै 'अवधारणा' का रूपमा प्रस्तुत गरिएको हुन्छ ।

कार्ल मार्क्सको भाषामा अवधारणा भनेको 'संसार' वा कुरोलाई बुझ्नु र अभिव्यक्ति तथा प्रक्रियाका हिसाबले 'बदल्नु' हो । तर अतर्क बुद्धिवादका आधारमा निर्माण हुने संज्ञानले कुनै कुरालाई गतिका आधारमा बदल्ने होइन, बरु प्रवाहलाई रोक्ने र थिचोर्ने र भ्रष्टीकरण गरेर यथास्थिति र पश्चगमनको श्रेष्ठता कायम गर्न टुपीदेखि पैतलासम्मको बल लगाउँछ ।

मानिसले जुन तरिकाले सोंच्छ, गम्छ र विचार गर्छ तदनुरूपको अभिव्यक्ति व्यवहारमा देखाउँछ । यो आफैमा पाप वा श्रापको प्रतिफल भने होइन, बरु सारा जीवन र जगतलाई हेर्ने, ग्रहण गर्ने, बुझ्ने र त्यसलाई अभिव्यक्त गर्ने उसको एक सिंगो संज्ञानात्मक (कग्निटिभ) प्रक्रियामा भर पर्छ । यो एक प्रवृत्ति, धारा र मत पनि हो । यथास्थिति र परिवर्तनको बीचमा संग्राम चलिरहेका बेला अथवा तानेर पछाडि खिच्ने वा लतारेर अगाडि बढ्ने 'टग अफ वार' का बेला यो प्रवृत्ति तात्कालीक, क्षणिक तर अनुकुल वातावरणका कारण बेलाबखत व्यवहारमा अभिव्यक्त हुन आउँछ ।

यसले पुराना उखानटुक्का र मुहावराको सहयोग लिने (भैंसी किने जुम्राको के हिसाब, घरबेटीले डेरावाललाई चाबी बुझाउने), किम्बदन्तीलाई आदर्श बनाउने (जस्तै रामराज्यको खोजी गर्ने), अग्रगमनको चलाकीपूर्ण वेवास्ता गर्ने (जस्तै समाजवाद निर्माणको चर्चा नै ओझेलमा पारिदिने), अग्रगमनका खुट्टा ताछ्न पश्चगामी शाब्दिक र भाषिक वाण प्रयोग गर्ने (जस्तै बयल गाडा चढेर अमेरिका पुग्ने), वर्तमानलाई अस्वीकार गर्ने (जस्तै युवालाई पार्टीमा लागेको कतिभयो भनी सोधेर 'ए अझैं १० वर्ष बाँकी रहेछ, म जेल बसेकै जत्ति त पुगेको रहेनछ' भनी उडाइदिने), सतही ज्ञानमा रमाउने (बेसारपानी खाऊ, हाँछ्यूसाछ्यूँ गरेर कोरोना भगाऊ) जस्ता सहज प्रवृत्तिगत अभिव्यक्तिका छनक उजागर गरिदिन्छ । यसले ज्ञान, क्षमता र भविष्यको कुनै लेखो राख्दैन । जुनसुकै होस् विगत स्वर्णिम थियो भन्ने यसको आदर्श हुन्छ । 'बाउभन्दा छोरा जान्ने, गैरी तालमा माछा मार्ने ?', 'तेरो बाउले मेरो आङमा मुतिदिन्थ्यो,' अर्थात् तेरो बाउलाई समेत सानो बच्चामा खेलाएको मानिस हुँ म भन्ने जस्ता अतितमुखी आडम्बरको सहारा लिन्छ यसले ।

अतर्क बुद्धिवादी प्रवृत्तिले वर्तमानलाई यथास्थितिमा लट्काइ राख्न चाहन्छ । यसका लागि उसले प्राचीन र पश्चगामी कुतर्कलाई निकै मिठास र मिजासका साथ 'रामवाण'का रूपमा प्रस्तुत गर्छ, जहाँ पुराण कथावाचनका तर्क न तुकका तर निकै उत्तेजनात्मक र रंगिला कुराले वरपर बसेकालाई लट्ठ र मक्ख पारिराखेको हुन्छ । अतर्क बुद्धिवादी सोच र अभिव्यक्तिको आशय नै हर तरहले विवेक र अग्रगमनलाई बन्दी बनाउनु र अतर्क र भावना प्रवल बनाएर छाडिदिनु हो । यसले विवेक बञ्चित झुण्ड वा हनुमान तयार पार्न मद्दत गर्दछ । यसमा नश्लीयता पनि लुकेको हुन्छ, जसलाई लिएर हालैका दिनमा ओली सरकारबारे गम्भीर टिप्पणीहरू पनि भैरहेका छन् ।

अतर्कबुद्धिवादी सोच र अभिव्यक्तिमा तर्क र संगति दुवै हुँदैन । अचेतन तथा पश्चगामी संकल्पले यसलाई दैनन्दिन उकेरा लगाइरहेको हुन्छ । गाउँघरमा यसलाई 'सोमत नभएको' भन्ने गरिन्छ । यो प्रवृत्तिलाई निराशा, थकान, असीम दबाब, पूर्वाग्रह, अतर्क, खण्डित विचार, बदलाभाव, मिथ्या श्रेष्ठता कायमको लालसा तथा आत्मप्रशंसाको भोकले निरन्तर पछ्याइरहेको हुन्छ । यसका कारण दुनियाँले दुःख त पाउँछन् नै, तर यो धार वा प्रवृत्तिका अनुयायीलाई क्षणभर शान्ति र चैनको स्वास लिने अवसरसम्म मिलेको हुँदैन । यो चिन्तनधारा वा प्रवृत्ति परपीडक जति छ, त्योभन्दा सैयौं गुणा आत्मपीडक पनि हुन्छ । संज्ञानात्मक दुरीका हिसाबले यो आत्महत्या गर्ने धारणाको नजिक हुन्छ ।

समाज रूपान्तरणको गति रोक्न उभिने भनेको कम मूर्खतापूर्ण कुकर्म होइन । पश्चगामी र खण्डित विचार यसको वैचारिक स्रोत हुने भएकाले येरेसियन र टिबेटियन दुई भौगर्भिक प्लेट एकापसमा निर्ममताका साथ घच्चापच्ची गरिरहँदा जसरी यो क्षेत्रमा सानाठूला भूकम्पीय धक्का महसुस भैरहन्छन्, त्यसै गरी मनमथिंगलभित्र निरन्तर चलिरहेको संज्ञानात्मक प्रक्रिया वा घच्चापच्चीले यो प्रवृत्तिधारकको सोचमा खण्डित र अराजक अनुभूति तथा अभिव्यक्तिको बग्रेल्ती उत्पादन भैरहन्छ ।

सत्ता प्रवृत्तिका हिसाबले अतर्क बुद्धिवादले आत्मसमीक्षा गर्नुभन्दा पनि अटेरी, निरंकुश, नियन्त्रणकारी र फासीवादी बनाउँदै लगिरहेको हुन्छ । किनकि उसभित्र मानसिक रूपमा उत्पन्न विसंगति र उसैका कारण समाजमा उत्पन्न अराजकता केबल बल प्रयोगका कारणमात्र नियन्त्रण संभव छ भन्ने बाध्यात्मक निष्कर्षमा अतर्क बुद्धिवाद पुग्ने गर्दछ ।

पुँजीपति वर्गको मात्र पछिल्लो उदाहरण लियौं भने पनि उन्नाइसौं शताब्दीको सुरुआतसँगै औद्योगिक पुँजीवादले राज गरिरहन संभव छ वा यो विश्व साम्राज्यवादमा परिणत हुन अवश्यंभावी छ भनी दुई पक्ष लामो समय भिडिरहे । यसलाई समाजवादी नेता लेनिनले 'साम्राज्यवाद : पुँजीवादको एक मरनासन्न अवस्था' भनी संश्लेषण गरिदिएपछि औद्योगिक पुँजीवादी आफू यथास्थितिको सिकार भएको महसुस गरे, जो अतर्क वुद्धिवादमा आधारित थियो ।

तर नेपालमा हाल सत्तामा रहेका 'कम्युनिष्ट' यी पुँजीवादी जत्तिको आत्मसमीक्षाको हैसियतमा पनि छैनन् । सत्तामा विराजमान अतर्क वुद्धिवादी समूह आफ्ना यस्ता असंगतिपूर्ण हर्कत प्रदर्शन गर्न रमाइरहेका देखिन्छन् । पछिल्लो चरणमा प्रम ओलीका प्रेस सल्लाहकारले बाबुराम भट्टराईलाई 'ओली जेलमा छँदा बाबुराम भट्टराईले फन्डिङमा पीएचडी गर्दै थिए' भनी दिएको जवाफ अतर्क बुद्धिवादको एउटा राम्रो उदाहरण हो । यो भनाइले हालका प्रम ओली वा पूर्वप्रम भट्टराईमध्ये को योग्य थिए भन्ने होइन कि को पुरानो थियो भनी 'ओल्ड इज गोल्ड' को यथास्थितिवादी र पश्चगमनकारी श्रेष्ठतालाई अतार्किक तर बलपूर्वक स्थापना गर्न जोड गर्दछ । तर्कका हिसाबले यसले अहिलेभन्दा पञ्चायतकाल, त्योभन्दा राणाकाल, त्योभन्दा मल्ल-लिच्छवीहुँदै महाभारतको कृष्णकाल र त्योभन्दा पनि रामायणकाल स्वर्णिम थियो भन्नेमा पुर्याउँछ ।

क्रान्तिकारी मार्क्सवादीले क्षितिजीय रूपमा जनवादी केन्द्रीयताको प्रयोग गरी उच्चतम जनवादी तरिका अपनाएर अतर्क बुद्धिवादको आधार व्यवहारतः अन्त्य गरिदिन्छन् । साथै, उर्ध्वतर रूपमा सामूहिक विचार र नेतृत्वका आधारमा विचार, तर्क र संश्लेषणलाई अघि बढाउँछन् । व्यवस्थाका हिसाबले हुकुम प्रमाङ्गीका आधारमा 'टप टु बटम' उर्ध्वतर रहने सामन्तवादी प्रणाली, 'टप टु बटम' तर बीचबीचमा 'डेमोक्र्याटिक' अभ्याससहित निर्वाचित तर छिन्नभिन्न रहने पुँजीवादी प्रणालीभन्दा हरक्षण, हरइश्युमा अनुमोदित (क्रान्ति र रूपान्तरणको निरन्तर प्रक्रियामा रहने हुनाले) विसाल जनवादी केन्द्रीयताको अभ्यासमा आधारित सामूहिक विमर्शमार्फत् संश्लेषित क्रान्तिकारी वा कम्युनिष्ट प्रणाली सबैभन्दा अग्रगामी हुन्छ । अतर्क बुद्धिवाद वा यथास्थिति र पश्चगमनको यसमा स्थान हुँदैन ।

सांगठनिक रूपमा आजभन्दा करीब आधा शताब्दी अघि नै क. माओको पालामा बढी सामूहिक, प्रतिनिधिमूलक तथा सहभागिताका हिसाबले 'थ्रि इन वान' को थ्योरी लागु गरिइसकिएको छ । अहिले सांगठनिक रूपमा बढी इन्टरयाक्टिभ वा अन्तरक्रियामूलक बनाएर लगिनुपर्ने आवश्यकतालाई महसुस गरी सापेक्षतामा सबै सामाजिक वर्गको प्रतिनिधित्व हुने गरी पार्टी संगठनभित्र सकेसम्म 'अल इन वान' बनाउनु जरुरी भएको छ ।

विचार, क्षमताका साथै प्रतिनिधित्वका आधारमा सोचिनु पर्छ, भलै यो सेल कमिटीबाट नै लागू गर्न प्रयास किन नगरियोस् । एकदिन त्यो विकास भएर नीति निर्माणको तहमा पुग्छ र एक जात, वर्ग, वंश, क्षेत्र, नस्ल, लिंग, समुदाय आदिको अन्त्यसँगै यसले सामूहिकता र बहुजन हितायको स्थितिमा पुर्याउँछ । यसले नयाँ सरकार र नयाँ राज्य निर्माणको मात्र होइन, राज्य विलोपीकरणको मैत्रीपूर्ण बहसमा एकसाथ अघि बढाउन मद्दत पुर्याउँछ ।

## सरकारी...

आउने गरी एकलाख भन्दा बढी बेरोजगारको संख्या थपिने पक्का छ । पटक पटक लगाइएको लकडाउन् र निषेधाज्ञाका कारण विपन्न वर्गका जनताको आय सुन्यमा झरेको छ । बस्ने खाने व्यवस्था नै नभएर विजोग भएको छ । जतासुकै 'रोग्ले मर्ने भन्दा भोक्ले मर्ने डर् ठुलो' भन्ने आवाज सुनिन्छ । स्वास्थ, शिक्षा, उद्योग धन्दा, कल कारखाना, यातायात, व्यापार, व्यवसाय, सबै धरासायी भएको छ । यी यावत् समस्याको समाधानकालागि मुख्य रूपमा सरकार नै जिम्मेवार हुन्छ भन्ने कुरा बताइरहनै पर्दैन । यस्तो अवस्थामा सरकारको नेतृत्व संचालन गरिरहेको पार्टीको एउटा माथिल्लो निकायको बैठकमा यी विषयलाई कार्यसूचिमा प्रस्तुत समेत नगर्नुले यो सरकार र सरकारको संचालन र नेतृत्व गरिरहेको पार्टी कति गैह्र जिम्मेवार रहेछन् भन्ने राम्रो सँग बुझ्न सकिन्छ । यस्तो अवस्थामा सरकारी पार्टीको मुख्य जोड, मुख्य प्राथमिकता के रहेछ भन्ने सबैले बुझ्ने अवसर पाउनु चाहिँ राम्रो भएको छ । यस्तो पार्टीलाई राज्यको सम्पूर्ण बागडोर कति दिन सम्म चलाइरहन दिने ? यो प्रश्न अब गम्भीर रूपले उठेको छ, अझै व्यापक रूपमा उठ्नु आवश्यक छ ।

***कार्यदल र यसको प्रतिवेदन !***

सत्ताधारी पार्टी नेकपा असार १३ गते तिर पुग्दा करिब करिब फुट्ने अवस्थामा पुगेको थियो । पार्टीका पहिलो अध्यक्ष र प्रधान मन्त्रीले नै नेकपा (एमाले) निर्वाचन आयोगमा दर्ता गराउने पहल गरेका, म पार्टी फुटाइ दिन्छु भनेर बैठकमै भनि सकेका र दल विभाजन र दल दर्ता गर्न सजिलो हुने अध्यादेश ल्याउन ठिक परेका तथ्य पनि आइसकेका थिए । उनैले एकतर्फी रूपमा स्थायी समितिको तोकिएको बैठक पनि खारेज गरि सकेका थिए । सरकारी पार्टी फुट्को सँघारमै पुगिसकेको थियो । पार्टी फुटि हाल्यो भने मेरो हालत के होला ? मलाई कति फाइदा होला, कति घाटा होला ? खाइ पाइ आएको जोगिएला कि नजोगिएला ? भन्ने कुराले सबैलाई यस्तो सँग पिरलिरहेको देखिन्थ्यो कि त्यसले सरकारी पार्टीमा हा हा कार नै मचिएको थियो । मानिसहरू फुट भन्ने शब्दबाटै आतंकित थिए । पार्टी जसरि भए पनि फुट्नु हुँदैन । फुटबाट जसरी पनि जोगाउनु पर्छ । 'प्रथम अध्यक्ष तथा प्रधान मन्त्री कामरेड्को के मा चित्त दुख्यो, वहाँको इच्छा पुरा गरि दिएर भए पनि पार्टी फुट्न चाहिँ दिनु हुँदैन' भन्ने आवाजहरू सुनिन थाले । उनले साँच्चैनै फुटाई दिइ हाले भने त खाई पाई आएको सबै गुम्ने खतरा देखे उनले । राजीनामा माग्न सबै भन्दा बढी उद्दत देखिएका एकजना शिर्ष नेता नै यसबाट बढी आतंकित र गलिताम् भएको देखियो । उनीहरूको हैशियत राम्रो सँग नेपाली समाजमा स्पष्ट भएको छ । संभावित पार्टी फुट जोगाउनका लागि दवाब दिन टोलीहरू बने । हस्ताक्षर अभियान चले । डेलिगेसनका डेलिगेसनको लर्को लाग्यो । पहिले लागेका आफना गुट परित्याग गरेर प्रधान मन्त्रीको गुटमा जानेको संख्या अप्रत्याशित रूपमा बृद्धि भयो । ओलीजीले अध्यक्ष वा प्रधान मन्त्रीबाट राजीनामा माग्ने नेताका विश्वास पात्रले नै ओली कमरेड्ले होइन, तिमीले चाहिँ राजीनामा दिनु पर्छ भन्न थाले । ओलीजीको वरीपरी परिक्रमा गर्ने संख्या बढ्दै गयो । उनी सँग आमने सामने भएर राजीनामा माग्ने कामरेड्ले नै आत्म समर्पण गरिदिए । यसैबाट जन्मियो ६ सदस्यीय कार्यदल अनि यसले तयार गरेको प्रतिवेदन । नेताहरूले दुईजना नेताहरूको चित्त बुझाउने प्रतिवेदन पारित गर्नु नै आफ्नो परम कर्तव्य ठाने । पार्टीलाई फुट्बाट बचाउने उपायका रूपमा यसलाई उनीहरूले अँगाले । कतिपय नेताले उक्त प्रतिवेदनलाई 'ब्रेनट्युमरको रोगलाई कपालमा तेल लगाएको' अभिव्यक्ती दिए । बैठकको अध्यक्षता गर्ने अवसर बल्ल पाएका अध्यक्षले यी सबैलाई सुझावका रूपमा ग्रहण गरिने भन्दै प्रतिवेदन सर्वसम्मतिबाट पारित भएको घोषणा गरे । धन्य सरकारी पार्टीले अवलम्बन गरेको 'जनवादी केन्द्रीयता'! संचार माध्यमहरूले यस्तै जानकारी गराएका छन् ।

***सच्चा एकता कि युद्ध विराम ?***

के साँच्चै नेकपामा अभुतपूर्व एकता कायम नै भएको हो त ? भन्ने प्रश्नमा सहभागिहरू नै भनिरहेका छन् कि यो त तत्कालको पार्टी फुटलाई रोक्नका लागि गरिएको अस्थायी युद्ध विराम हो । यो कुरा एकजना यसै पार्टीका वरिष्ठ नेताले बैठकमै राखेको विषय हो । यसले पार्टीमा एकता होइन, फुटको दायरालाई नै बढाएको छ । यतिखेर दलाल पुँजीपति वर्गका पनि दलालहरूको र विचौलियाहरूको राज्य संचालनमा र पार्टीमा बोलवाला भएको कुरा कतिपय नेताहरूले बैठक मै बताएका छन् । यो भनेको त वर्ग दुश्मनहरू राज्य र पार्टी संचालनमा हावी भएको स्वीकारोक्ति हो । प्रचण्ड,माधव नेपाल र झलनाथ खनालजीहरू ओलीले लगाएको 'भारतीय दलाल'को आरोपबाट वरी भएको चर्चा पनि कतै चलेको पाइएको छैन । यसका साथै वरिष्ठ नेता माधव नेपालले १७ बुँदे पत्र पनि दर्ता गराएका छन् भन्ने चर्चा छ । सोचाईमा भएका यतिधेरै ठुला अन्तर कायम रहि रहँदा आगामी दिनमा सरकारी पार्टीको भूमिका कस्तो हुने हो भन्ने कुरा त भविष्यमा देखिँदै जाने छ ।

***को सँग कस्तो सम्वन्ध ?***

जहाँ सम्म सरकारी नेकपा हो त्यसको चरित्रमा कुनै सकारात्मक परिवर्तन आएको छैन । त्यो प्रतिकृयावादउन्मुख दक्षिणपन्थी संशोधनवादी दल नै हो । त्यहाँ भित्रका अन्तर्विरोधहरूलाई राष्ट्र र जनताको पक्षमा उपयोग गर्ने विगतको हाम्रो नीति सहि छ । विगतमा सत्ताधारी पार्टी भित्रका कतिपय गुटहरू र कतिपय व्यक्तिहरूसँग बनाइएको समझदारीले अमेरिकी प्रशासन अन्तर्गतको मिलेनियम च्यालेंज कर्पोरेसनसँग यही सरकारव्दारा गरिएको कम्प्याकट सम्झौतालाई चालु संसदको अभिवेशनबाट तत्काले पारित गराउने कामलाई सफल हुन नदिन तथा लिम्पियाधुरा, कालापानी र लिपुलेक सहितको नक्शा जारि गराउन महत्वपूर्ण भूमिका खेलेको थियो । हाम्रो त्यो नीति सहि थियो र त्यसलाई कायम राख्नु नै उचित हुने देखिन्छ । नेपालमा भविष्यमा जन आन्दोलन उठ्ने संभावना प्रबल छ र यसको तयारीका दौरानमा कसको भूमिका कस्तो हुने छ, त्यो व्यवहार मै देखिने छ । सबै सकारात्मक पक्षहरूलाई विना पूवा'ग्रह समेटेर लैजाने हाम्रो नीति सहि छ ।

२०७७/५/२८

# पार्टी इतिहासमा मोहनविक्रम सिंहको अन्तर्वार्ताले पारेको भ्रमबारे



● रामसिंह श्रीस ●

*नेपाली काँग्रेसलाई हामीले दुश्मन शक्ति ठहराएको तर उहँले मित्र शक्ति मानेको हुनाले हामीले उहँलाई गद्दार घोषित गऱ्यौं । त्यसपछि गद्दार पुष्पलाल भन्ने पुस्तक निस्कियो ।' उहाँको यस भनाईले पुष्पलाललाई गद्दार भन्नुको कारण नेपाली कांग्रेसलाई मित्र शक्ति मान्नु हो । त्यही अन्तरवार्तामा उहाँले मनमोहनको बारेमा भन्नु भएको छ तर मनमोहन पछि सम्म सहमतिमा आउनु भएन । उहाँ नेपाली काँग्रेस सम्बन्धी पुरानै अडानमा कायम रहनु भयो । तैपनि चौथो महाधिवेशनमा गएर त्यो समझदारीबारे टुङ्गो लगाउने समझदारी भयो ।' नेपाली कांग्रेस सम्बन्धि पुरानै अडानमा कायम रहनु भनेको उहाँकै भनाई अनुसार नेकालाई राष्ट्रिय पुँजीपति वर्गको पार्टी र त्यसकारण जनगणतान्त्रीक शक्ति तथा मित्र शक्ति मान्ने गरेको कुरा हो । उहाँकै भनाइबाट नै के प्रष्ट देखिन्छ भने नेपाली कांग्रेस प्रति एउटै दृष्टिकोण अपनाउने क.पुष्पलाललाई गद्दार भन्नु भयो भने का.मनमोहनजीलाई केन्द्रीय न्युक्लीयसमा राख्नु भयो । क.मनमोहन अधिकारीलाई त्यही दृष्टिकोणको कारणले न्युकलसबाट हटाइएको होइन गोपनिएता भङ्ग गरेको कारणले हटाएको भनिन्छ । उहाँहरूको यो व्यवहारले का.पुष्पलालमाथि अन्याय गरेको प्रष्ट देखिन्छ*

क.मोहनविक्रम सिंह नेपालको कम्युनिष्ट आन्दोलनमा चिरपरिचित नाम हो । नेपालको काम्युनिस्ट आन्दोलनमा पहिलो पुस्ताका नेतृत्व तहका बाँकी रहेका थोरै व्यक्तिहरूमध्य उहाँ एक हुनुहुन्छ । उहाँ केही अपवाद छोडेर विशेषत बि.स.२०२८ साल देखि पार्टीको मुख्य पदमा नै हुनुहुन्छ । पार्टी इतिहासको विभिन्न कालखण्डमा घटेका घटनाहरूको जिउँदो साँक्षीहरूमध्य उहाँ एक हो । उहाँबाट नेपालको कम्युनिष्ट पार्टीको इतिहासमा घटेका घटनाहरूको सत्यतथ्य कुरा नयाँ पुस्ताले जान्न चाहन्छ । नयाँ पुस्तालाइ सत्य तथ्य बताई दिने उहाँको कर्तव्य पनि हो । तर उहाँबाट त्यसप्रकारको काम हुन सकिरहेको छैन ।

हालै उहाँले नेपालको कम्युनिष्ट पार्टीको इतिहासमा घटेका घटनाहरूको बारेमा 'युगदर्शन साप्ताहिक' मा लामो अन्तरवार्ता प्रकाशित गर्नु भएको छ । ( ७ भाद्र २०७७ आईतबार १२:५४ बजे) त्यो अन्तरवातार्मा उहाँले पार्टी इतिहासमा घटेका थुप्रै घटनाहरूको बारेमा गलत कुराहरू बताउनु भएको छ । कतिपय कुराहरू गलत छन् कतिपय कुराहरू तोडमोड गरिएको छ र कतिपय कुराहरू द्वैद अर्थ लाग्ने गरी प्रस्तुत गर्नुभएको छ । यसले पार्टी इतिहासको बारेमा सत्य तत्थ्य कुराको जानकारी दिने भन्दा पनि नया पुस्तालाई दिगभ्रमित पार्ने काम गरको छ । निश्चय नै घटनाहरूलाई हेर्ने आ-आफ्ना दृष्टिकोणहरू हुन्छन् तर तथ्यको तोडमोड गर्ने कुरा इतिहास प्रतिको अपराध नै हुन्छ । नयाँ पुस्तालाई सत्यतथ्यमा पुग्न सजिलो होस भन्नकोलागि मलाइ थाहा भएका कुराहरूमध्य केही प्रतिनीधिमूलक विषयहरूमा प्रष्टपार्ने प्रयास गरेको छु ।

उहाँ महामन्त्री भएको बेला वि.सं.२०३३ साल तिर बाग्लुङ जिल्लामा पुग्नु भएको थियो । त्यतिबेला म जिल्ला सदस्य थिएँ । उहाँलाई मैले भौतिक रूपमा प्रथम पटक भेटेको त्यतिबेला नै हो । वि.सं.२०३५ सालमा म केन्द्रीय सदस्यमा मनोनित भएँ । अनुशासनको कारबाहिमा परेको हुनाले त्यतिवेला उहाँ केन्द्रीय समितिमा हुनु हुन्नथ्यो । तर छिटै नै उहाँलाइँ पुन केन्द्रीय समितिमा ल्याइयो । त्यसपछि वि.स.२०६३ सालसम्म हामी प्राय केन्द्रीय समितिमा रहेर काम गऱ्यौं । उहाँकै नेतृत्वमा लामो समयसम्म एउटै पार्टीमा काम गर्ने अवसर प्राप्त भयो । त्यसकारण वि.स.२०३५ साल देखि वि.स.२०६३ सालसम्म घटेका घटनाहरूको थोरबहुत जानकारी म पनि राख्दछु । उहाँले भनेका कुराहरूमा सत्यतथ्य के कति छ भन्ने विषय मसँग सम्बन्धित विषयहरूबाट सुरु गर्दछु ।

*१– म सँग सम्बन्धित विषय*

अन्तरवार्तामा उहाँले भन्नु भएको छ 'खास गरेर हाम्रो पार्टी वा जनमोर्चामा पूर्व मसालका बराबर सदस्यहरू थिए । हाम्रो पूर्व पार्टीका तर्फबाट केन्द्रीय समितिमा सामेल भएका रामसिंह श्रीसको नेतृत्वमा केही साथीहरूले सरकारमा जाने प्रस्तावमा मत दिए ।' यसमा उहाँले भ्रूट बोल्नु भएको छ । त्यसो भए सत्यता के हो त ? यो हाम्रो पार्टी (एकता केन्द्र मसाल) हुँदाको कुरा हो । केन्द्रीय समितिको बैठकमा महामन्त्री का.मोहनविक्रमसिह र सहमहामन्त्री का प्रकासको अलग अलग समानानतर राजनीतिक प्रस्ताव आएकाथिए । पछि का.नवराज सुवेदी र का.दिलबहादुर श्रेष्ठले छुट्टै राजनीतिक प्रस्ताव पेशगर्नुभयो । का.प्रकासले आफ्नो प्रस्ताव फिर्तालिएर नवराजजीहरूको प्रस्तावलाइ समर्थन गरेपछि उहाँहरूको प्रस्ताव बहुमतले पारित भयो । त्यो प्रस्तावमा अन्तरिम सरकारमा सहभागि हुनसकिने कुराथियो । त्यसलाइ अझ मूर्त बनाउन पी.बी.लाई अन्तरिम सरकारमा जाने निर्णय गर्ने अधिकार दिने प्रस्ताव आएको थियो । मोहनजी लगायत हामीले त्यसको विरोध गऱ्यौं । प्रतिक्रियावादी सरकारमा सहभागी हुने कुरा कम्तीमा पनि राष्ट्रिय सम्ममेलनले पारित गर्नुपर्छ भन्ने तर्क राख्यौं । छलफल भयो सर्वसम्मत हुन सकिएन । त्यो प्रस्तावमा मतदान भयो । पूर्वमसालका क.नवराज सुवेदीले त्यो प्रस्तावलाई समर्थन गरेको हुनाले वहुमतले पारित भएको हो । त्यो केन्द्रीय समितिको बैठकमा सहभागी थुप्रै केन्द्रीय सदस्यहरू अहिले पनि हुनुहुन्छ उहाँहरू सँग बुझ्दा अरु प्रस्ट हुनेछ । त्यति वेला पूर्व मसालका का.नवराज बाहेक अरु सबैले अन्तरिम सरकारमा जाने प्रस्तावको बिपक्षमा मत हालेका हुन् । अर्को घटना का.मोहनजीहरूले कोअर्डिनेसन कमिटि बनाइसके पछि बुटवलमा केन्द्रीय कमिटिको अन्तिम बैठक बस्यो । त्यो बैठकमा का.प्रकासजीहरू आउनु भएको थिएन । का.चित्रबहादुर आले, का.सोनाम साथी र का.धर्मचन्द्र लावति आउनु भएको थियो । हामीले त्यो बैठकमा केही प्रस्तावहरू राखेका थियौं,ती प्रस्तावहरू भित्र कोर्डिनेसन कमिटी बिघटन गर्ने र सरकारमा नजाने प्रस्ताव पनि थियो । त्यसको एकप्रति महामन्त्रीलाइ बुझाएका थियौं । यति प्रस्ट हुँदाहुदै पनि रामसिंहको नेतृत्वमा केही साथीहरूले सरकारमा जाने प्रस्तावमा मत दिए भनेर उहाँले जुन भन्नु भएको छ त्यो सरासर झुट हो । त्यसको पछाडी उहाँको के उद्देश्यले काम गरेको छ त्यो पछि प्रस्ट हुँदै जाला ।

अन्तरवार्तामा उहाँले भन्नु भएको छ, 'हाम्रो पार्टीलाई पुरै माओवादीमा लैजाने प्रकाशहरूको प्रयत्न त हुन सकेन तर रामसिंहको नेतृत्वको समुहलाई हाम्रो पार्टीबाट लैजान उनीहरू सफल भए ।' उहाँको यो भनाइ पढेपछि पाठकहरूले बुझ्ने भनेको मेरो नेतृत्वको समूह मोहन विक्रमलाई छोडेर प्रकाशसँग गए भन्ने हुन्छ । यहाँ पनि उहाँ सरासर झूट बोल्नु भएको छ । वास्तविकता के हो भन्ने बुझ्न पार्टीमा फुट हुनुभन्दा अगाडीको केही पृष्ठभूमि बुझ्न आवश्यक छ । राजा ज्ञानेन्द्रले संकटकाल लगाएपछि हाम्रो पार्टीको केन्द्रीय समितिको बैठक लामो समयसम्म बस्न सकेन । हाम्रो लामो प्रयत्न केन्द्रीय समितिको बैठक भारतको लखनउमा बस्यो । त्यो बैठकमा महामन्त्री मोहनविक्रम सिंह, सहमहामन्त्री प्रकास र मलगायत ८ जना केन्द्रीय सदस्यहरूको समान्तर तीन वटा राजनीतिक प्रस्ताव प्रस्तुत भए । ती प्रस्तावहरूमाथि बैठकमा छलफल गरी टुङ्गो लगाउन सकिएन । अर्को बैठकमा छलफल गर्ने भनेर थाती राखियो । त्यस बेलादेखि हामी ८ जनाको समूहलाई पार्टीभित्र तेस्रो धार भन्न थालियो । यसरी हामी का.मोहनजी र का.प्रकाशजीभन्दा अलग धारको रूपमा अगाडि बढ्न थाल्यौं । नेकपा (एकताकेन्द्र)सँग पार्टी एकता गरेर नेकपा (एकताकेन्द्र-मसाल) बनाएपछि क.मोहनजी र क.चित्रबहादुर के.सी.ले प्रकाशहरू सँगसँगै जान सकिन्न हामीले पूर्व मसाललाई पुनर्गठन गरौं भन्नुभयो । मलगायत थुप्रै सी.सी.एम साथीहरू उहाँहरूको त्यो कुरामा सहमत भएनौं । त्यसपछि काठमाडौंमा पूर्वमसाल पक्षको गोप्य भेला भयो । त्यो भेलामा मलगायत पूर्वमसाल पक्षमा प्रायः सबै सी.सी.एम.हरू उपस्थित थियौं । तर भेलामा उहाँहरूले सोचेजस्तो भएन । क.चित्रबहादुर के.सी.र हाउसबाट ३ जना जति प्रतिनिधिबाहेक सबैले अहिले पार्टी फुटाउन हुन्न भन्ने मत प्रकट गर्नुभयो । तर उहाँहरूको पार्टी फुटाउने योजना चलि नै रह्यो । त्यसपछि फेरि पार्टीलाई क्रान्तिकारी दिशामा कसरी लैजान सकिन्छ भन्ने विषयमा छलफल चलाउनका लागि पूर्वमसाल पक्षको साथीहरूको अन्तरक्रियात्मक भेला गर्ने सहमति भयो । त्यो भेला गोरखपुरमा गर्ने निधो भयो । पूर्व निर्धारित समयमा गोरखपुरमा भेला भइयो । त्यहाँ क.मोहनजीले पहिले अन्तरक्रियात्मक भेला गर्ने सहमति भए पनि अब परिस्थिति बेग्लै भएकाले राष्ट्रिय भेला गरौं भन्ने प्रस्ताव हामी सी.सी.एम.हरूबीच राख्नुभयो । मलगायत पूर्वमसालका सात जना सी.सी.एम.हरूले उहाँको त्यो प्रस्तावमा सहमति जनाएनौं । त्यसपछि उहाँले हलमा जाउँ हलले जे भन्छ त्यही गरौं भन्नु भयो । हामीले त्यो कुरालाई पनि मानेनौं । हामीले पूर्वमसालको त्यो भेलामा सहभागी नहुने कुरा गऱ्यौं । तैपनि यी यी कारणहरूले गर्दा हामीले यो भेला बहिस्कार गऱ्यौं भन्ने जानकारी दिन हाउसमा जाने सल्लाह गऱ्यौं । हलमा हामीले आफ्ना कुराहरू राखेर भेला बहिस्कार गर्न त्यहाँ उपस्थित प्रतिनिधिहरूलाई आह्वान गऱ्यौ । हामी ७ जना सी.सी.एम.सहित ५५ जना साथीहरूले सो भेला बहिस्कार गऱ्यौं ।

उहाँहरूले भेला गर्नुभयो र मोहनजीको नेतृत्वमा कोअर्डिनेशन कमिटी बनाउनु भयो । पार्टीसँग न सम्बन्ध न सम्बन्ध विच्छेदको नीति घोषणा गर्दै स्वतन्त्र कार्यक्रमहरू गर्न थाल्नु भयो । हामी भने काठमाडौं फर्क्यौं । प्रकाशजीहरूले हामी पार्टी चलाउँ भन्ने प्रस्ताव राख्नु भएको थियो । हामीले उहाँहरूसँग पनि अहिले पार्टी फुटाउने पक्षमा छैनौ भन्ने जवाफ दियौं र हाम्रो पक्षको राष्ट्रिय भेला गरी नेपाल कम्युनिष्ट पार्टी (एकताकेन्द्र-मसाल) महाधिवेशन आयोजक समिति गठन गऱ्यौं । त्यसको संयोजकमा म चुनिएँ अनि हामीले सिराहाका वि.एल.जीको समूहसित एकता गऱ्यौ । त्यसपछि हाम्रो पार्टी, क.ऋषि कट्टेल नेतृत्व गरेको नेकपा (माले) र क.सीताराम तामाङले नेतृत्व गरेको नेकपा (मालेमा) को बीचमा एकता गरेर वि.स.२०६३ साल फागुनमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) निर्माण गऱ्यौं । यसबाट के स्पष्ट हुन्छ भने हामी मोहन विक्रमसँग अलग भएपछि प्रकाशहरू (त्यतिबेला उहाँ सहमहामन्त्री हुनुहुन्थ्या)सँग एउटा बैठक पनि बसेनौं । उनीहरू सँग-सँगै जाने कुरा परै जावस । हामी मोहनजीसँग अलग भएको प्रकाशको कारणले होइन कि मोहनजी कै कारणले उहाँसँग विद्रोह गरेर अलग पार्टी बनाएका हौं ।

अन्तरवार्तामा उहाँले भन्नुभएको छ, 'मैले तयार पारेको दस्तावेजमा पार्टीमा देखा परेको मध्यपन्थी प्रवृत्तिको आलोचना गरेको थियो । 'त्यो आलोचनाको पक्षमा केन्द्रीय समितिमा पहिले बहुमत थियो । भक्तबहादुर बैठकमा उपस्थित भएपछि पक्ष र विपक्षमा बराबर मत थियो । त्यो बेलासम्म रामसिंह श्रीस हाम्रो पक्षमा नै हुनुहुन्थ्यो । पछि उहाँले त्यो मत परिवर्तन नै महाधिवेशनको लागि निर्णायक कारण बन्यो । हामी अल्पमतमा पऱ्यौ ।' यहाँ उहाँले द्वैध अर्थ लाग्ने अत्यन्तै गोलमटोल भाषा प्रयोग गर्नु भएको छ । मेरो मत निर्णायक भएको कुरा केन्द्रीय समितिमा हो कि महाधिवेशन हलमा हो त्यो प्रष्ट छैन । जता अर्थ लगाए पनि हुने खालको भाषा प्रयोग गर्नु भएको छ । महाधिवेशनको लागि दस्तावेज तयार पार्ने क्रममा उहाँले केन्द्रीय समितिको बैठकमा छलफलको लागि दस्तावेजको ड्राफ्ट प्रस्तुत गर्नु भएको थियो । छलफलको क्रममा पार्टीमा मध्यपन्थी प्रवृत्ति छैन भन्ने पक्षमा मैले आफ्ना धारणाहरू राखें । केन्द्रीय समितिको बहुमतले मध्यपन्थी प्रवृत्ति छ भन्ने उहाँको प्रस्तावलाई अस्वीकार गऱ्यो । उहाँले आफनो अस्वीकृत मतलाइ फरकमतको रूपमा फोरममा लैजानु भएको हो । त्यसमा पहिले मत बराबर भएको र मेरो मत निर्णायक भएको भन्ने कुरा सत्य होइन । यसको प्रमाण त्यतिवेला पार्टी फोरमको लागि प्रकाशित'अन्तरीम मतभेदका दस्तावेज' भन्ने पुस्तिका प्रयाप्त छ । त्यस पुस्तिकामा आफ्नो फरक मत मध्यपन्थी कमजोरी बारे भनेर क.मोहनजी लगाएत तीन जना केन्द्रीय सदस्यहस्ले प्रस्तुत गर्नु भएको छ । त्यसको विपक्षमा दशजना केन्द्रय सदस्यहरू छन् । एकातिर तीन जना अर्कातिर दश जना हुँदा कसरी मेरो मत निर्णायक भयो ? त्यसकारण केन्द्रीय समितिमा मेरो मत निर्णायक भएको होइन । 'उहाँको मत परिवर्तनले नै महाधिवेशनको लागि निर्णायक कारण बन्यो हामी अल्पमतमा पुग्यौं' भन्ने उहाँको भनाइले महाधिवेशन हलमा मेरो मत निर्णयक भयो भन्ने अर्थ लगाउन पनि सकिन्छ तर महाधिवेशनमा गएका प्रतिनिधिहरूलाई थाहा छ मध्यपन्थी कमजोरी छ भन्ने का.मोहनजीको पक्षमा ३९ मत परेको थियो भने मध्यपन्थी कमजोरी छैन भन्ने पक्षमा ६९ मत परेको थियो । (का.चित्रबहादुर के.सी.को राजनीतिक जीवन र व्यक्तित्व पृष्ठ ६६) । ३९ मतको विरुद्ध ६९ मतले उहाँको मतलाई खारेज गरेको थियो । यहाँ ३० मतको फरक छ । मेरो मत निर्णायक हुनलाई कम्तिमा १६ जना प्रतिनीधिहरू मैले जहाँ भन्छु त्यतै भोट हाल्ने हुनुपर्दछ । बाग्लुङबाट जाने प्रतिनीधिहरू मध्य म मात्र वहुमतको पक्षमा थिए । उहाँका माथिल्लो भनाईलाई यी तथ्यहरूले खण्डन गर्दछन् ।

*२– क.पुष्पलालको सम्बन्धमा*

उहाँले अन्तरवार्तामा भन्नु भएको छ, 'खास गरेर नेपाली काँग्रेसलाई हामीले दुश्मन शक्ति ठहराएको तर उहँले मित्र शक्ति मानेको हुनाले हामीले उहँलाई गद्दार घोषित गऱ्यौं । त्यसपछि गद्दार पुष्पलाल भन्ने पुस्तक निस्कियो ।' उहाँको यस भनाईले पुष्पलाललाई गद्दार भन्नुको कारण नेपाली कांग्रेसलाई मित्र शक्ति मान्नु हो । त्यही अन्तरवार्तामा उहाँले मनमोहनको बारेमा भन्नु भएको छ 'तर मनमोहन पछि सम्म सहमतिमा आउनु भएन । उहाँ नेपाली काँग्रेस सम्बन्धी पुरानै अडानमा कायम रहनु भयो । तैपनि चौथो महाधिवेशनमा गएर त्यो समझदारीबारे टुङ्गो लगाउने समझदारी भयो ।' नेपाली कांग्रेस सम्बन्धि पुरानै अडानमा कायम रहनु भनेको उहाँकै भनाई अनुसार नेकालाई राष्ट्रिय पुँजीपति वर्गको पार्टी र त्यसकारण जनगणतान्त्रीक शक्ति तथा मित्र शक्ति मान्ने' गरेको कुरा हो । उहाँकै भनाइबाट नै के प्रष्ट देखिन्छ भने नेपाली कांग्रेस प्रति एउटै दृष्टिकोण अपनाउने क.पुष्पलाललाई गद्दार भन्नु भयो भने का.मनमोहनजीलाई केन्द्रीय न्युक्लीयसमा राख्नु भयो । क.मनमोहन अधिकारीलाई त्यही दृष्टिकोणको कारणले न्युकलसबाट हटाइएको होइन गोपनिएता भङ्ग गरेको कारणले हटाएको भनिन्छ । उहाँहरूको यो व्यवहारले का.पुष्पलालमाथि अन्याय गरेको प्रष्ट देखिन्छ ।

क.पुष्पलाललाई गद्दार भनेको कुरा फिर्ता लिएको समय पनि गलत बताउनु भएको छ । उहाँले अन्तरवार्तामा भन्नु भएको छ, 'पुष्पलालजीको निधन पछि हाम्रो पार्टीको (राष्ट्रिय भेला या सम्मेलन) मा पुष्पलाल प्रतिको हाम्रो पुरानो दृष्टिकोण बदल्यौं ।' त्यहि अन्तरवार्तामा अर्को ठाउँमा भन्नु भएको छ,'त्यो बेला हाम्रो नीति बाममोर्चामा पनि सामेल हुने थियो तर बाममोर्चाकी अध्यक्ष साहना प्रधानले हामीले पहिले पुष्पलाललाई गद्दार भनेको हुनाले हामीलाई त्यसमा मिलाउनु तयार नभए पछि हामी बाम मोर्चामा सामेल हुन सकेनौं ।' उहाँको यस भनाईले का.पुष्पलाललाई गद्दार भनेको कुरा फिर्ता लिएको सयम वि.सं.२०३५ देखि २०४६ को विचमा हुनुपर्दछ । किन भने का.पुष्पलालको निधन वि.सं.२०३५ सालमा भएको थियो भने साहना प्रधान बाममोर्चा अध्यक्ष २०४६ सालमा हुनुभएको थियो । तर का..पुष्पलाललाई गद्दार भनेको कुरा फिर्ता लिएको समय त्यो होईन । त्यसो भए सत्यता के हो त ? उहाँले गद्धार पुष्पलाल भन्ने पुस्तकको दोश्रो प्रकाशन 'क्रान्ति वा भ्रान्ति' नाममा वि.सं.२०५२ मा प्रकाशन गर्नु भएको छ । तत्कालिन एकता केन्द्र र तत्कालिन मसालको विचमा पार्टी एकता सम्बन्धि छलफल हुँदा दुई पार्टी वीच मतभेदहरू देखिए । ती मतभेदहरू मध्य एउटा मतभेद क.पुष्पलालको मुल्याङ्कनको बारेमा थियो । पार्टी पंक्तिमा तलसम्म पठाईएको 'नेकपा(मसाल) र नेकपा(एकताकेन्द्र)को मतभेद सम्बन्धि संयुक्त दस्तावेज' को पृष्ठ ३१मा 'हाम्रो पार्टीले पुप्पलाललाई गद्दार मान्दछ' भनेर प्रस्तुत गरिएको छ । वि.सं.२०५७ सालको आठऔं राष्ट्रिय सम्मेलनमा जाँदा का.मोहनजीले यसमा मेरो रिजर्भेशन रहन्छ तर केन्द्रय समितिको तर्फबाट क.पुप्पलाललाई गद्दार भनिएको कुरा फिर्ता लिउँ भन्नु भयो । त्यसै अनुसार केन्द्रीय समितिले उहाँलाई गद्दार भनेको कुरा फिर्ता लियो र त्यो निर्णयलाइ राष्ट्रिय सम्मेलनले अनुमोदन गरयो । यो तथ्यले उहाँले भनेको समयको खण्डन गर्दछ भने उहाँको मत रिजर्भ रहेको कुराको पनि उजागर गर्दछ ।

अन्तरवार्तामा उहाँले क.पुप्पलालको बारेमा सैद्धान्तिक र राजनीतिक विषयहरूमा पनि गलत कुरा बताउनु भएको छ । जस्तो उहाँले भन्नु भएको छ, 'महान बहसको बेलामा उहाँ मध्य मार्गी दृष्टिकोणमा पुग्नु भएको थियो । त्यो दृष्टिकोण थियो, चीन र रुसका पार्टीहरूमा चलेका महान वहसको सन्दर्भमा एक प्रकारको तटस्थ वा समदुरीको दृष्टिकोण ।' यो कुरा उहाँ आफु जेलबाट निस्केपछि (२०२७) पार्टी निर्माण गर्ने सन्दर्भमा उल्लेख गर्नू भएको छ । तर का.पुष्पलालले वि.सं.२०२५ सालमा गोरखपुरमा गरेको रीष्ट्रिय सम्मेलनद्धारा पारित गरिएको 'नयाँ जनवादी कार्यक्रम' भन्ने दस्तावेजमा भनिएको छ''यो आधुनिक संशोधनवादको शुरु युगोस्लाभियाको नेतृत्वबाट भई हाल सोभियत संघको नेतृत्वमा यसलाई प्रचारित गरिएको हुँदा अब यसले विश्वका हरदेशको कम्युनिष्ट पार्टी भित्र जड जमाएको छ ।' त्यसैमा अझै अगाडी भनिएको छ, 'आजको युगमा अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा मार्क्सवाद, लेनिनवादको शुद्धताको रक्षा क.माओको नेतृत्वमा चीनीयाँ कम्युनिष्ट पार्टीले नव संशोधनवाद विरोधी अभियान चलाई विश्वकम्युनिष्ट क्रान्तिकारीहरूलाइ जुन पथप्रदर्शन गर्ने कार्य भएको छ त्यसले गर्दा नवसंशोधनवादी नेतृत्वको प्रयत्न असफल हुन गएको छ ।' (पुप्पलालका छानिएका रचनाहरू भाग १ मदन आश्रीत स्मृति प्रतिस्ठान, नेपाल पृष्ठ २४० ।) यसै कुरालाई अझ स्पष्ट पार्दै अगाडी भनिएको छ 'तर पार्टीको केन्द्रीय नेतृत्वले कुनै र कस्तै परिस्थितिमा पनि कार्यनीति निश्चित गर्दा मार्क्सवादी लेनिनवादी तथा माओ विचारधाराको विपरित गई कार्यनीति निश्चित गर्नु हुँदैन ।' (उही पृ.३०५) दस्तावेजमा यति कुरा प्रष्ट हुँदाहुँदै पनि चीन र रुसका पार्टीहरूमा चलेको महान वहसको सन्दर्भमा तटस्थ र समदुरीको दृष्टिकोण थियो भन्नु क.पुष्पलाल माथिको घोर अपमान हो ।

*३– क.निर्मल लामाको सम्बन्धमा*

अन्तरवार्ता उहाँले भन्नु भएको छ, 'निर्मल लामा पक्षसितको फुट आवश्यक र सही दुवै थिएन । त्यो फुट लामाजी र म दुवै जना केन्द्रीय समितिमा नभएको बेलामा भएको थियो ।' लामाजीसंगको फुट आवश्यक र सही ढुवै थिएन भनेर जुन समिक्षा गर्नु भएको छ त्यो पछि गर्नु भएको हो । त्यो फुट लमाजी र म दुवै जना केन्द्रीय समितिमा नभएको बेलामा भएको भनेर त्यो फुटमा उहाँको कुनै भूमिका थिएन भन्ने सन्देश दिन खोजिएको छ । तर वास्तविकता त्यस्तो थिएन । त्यो फुटमा उहाँको भूमिका कस्तो थियो भन्ने कुरा बुझ्न पार्टी फुटुन भन्दा अगाडीको पृष्टभूमिमा जानु पर्दछ । क.मोहजनजी जलजला केसमा कारवाही परेपछि (वि.सं.२०३५) क.निर्मल लामा महामन्त्री बन्नु भयो । वि.सं.२०३६ सालमा जनमत संग्रहको घोषणा भयो । बदलिएको राजनीतिक परिस्थितिमा महामन्त्रीबाट अगाडी सारिएका कतिपय महत्वपूण कुराहरूलाई केन्द्रीय समितिको बहुमतले स्वीकार गरेन । त्यसपछि क.निर्मल लामालाई महामन्त्री र पी.वि.बाट हाटाईयो र क.भक्तबहादुर श्रेष्ठलाई महामन्त्रीमा निर्वाचित गरियो । अर्कोतिर क.मोहन विक्रमजीलाई कारवाहीको समयावधि पुरा नहँदै पुनः केन्द्रीय समितिमा ल्याइयो । एउटा समय यस्तो आयो महामन्त्री भक्तबहादुर श्रेष्ठ हुनुहुन्थ्यो भने क.निर्मल लामा र क.मोहन विक्रम सिंह केन्द्रीय सदस्य हुनुहुन्थ्यो । वि.स.२०३८ सालको प्लेनमपछि पाँचौ महाधिवेशन गर्ने निर्णय भयो । त्यतिबेला पार्टीमा पंचायती व्यवस्था भित्रको चुनावलाई *बाँकी ४ पेजमा*

# सिन्धुपाल्चोक पहिरो अपडेटः
# ९ जनाको शव भेटियो, २३ अझै बेपत्ता

***पहिरोमा परी २० भन्दा बढी घर पुरिएको र पहिरोले कैयौं धानखेतसमेत ध्वस्त बनाएको । समस्याको दीर्घकालिन समाधान खोज्न सभामुखको आग्रह***

काठमाडौं । सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-७ को घुम्थाङमा रहेको नागपूजे र भीरखर्कमा पहिरो खस्दा ९ जनाको मृत्यु भएको छ ।

बाह्रबिसे गाउँपालिका वडा ७ का वडाध्यक्ष मीनबहादुर श्रेष्ठका अनुसार पहिरोले पुरेको अवस्थामा नौ जनाको शव भेटिएको छ । तीनजनाको घाइते अवस्थामा उद्धार गरिएको छ । पहिरोमा परेका अझै २३ जना बेपत्ता रहेको वडाध्यक्ष श्रेष्ठले जानकारी दिए । पहिरोमा परी बेपत्ता भएका भक्तिमाया श्रेष्ठ, ल्याकसिं तामाङ, धनलाल श्रेष्ठ, शुकलाल विक, जुनु विक, सन्देश विक, सर्किनी श्रेष्ठ र हिरामाया श्रेष्ठको शव भेटिएको हो ।

भीरखर्कबाट खसेको पहिरोमा परी दुई गाउँमा क्षति पुगेको थियो । बेपत्ता व्यक्तिहरू



धेरैजसो पुरिएको वडाध्यक्ष श्रेष्ठले बताए । सशस्त्र प्रहरी, नेपाली सेना र जनपथको टोलीले उद्धारलगायत बेपत्ताको खोजी जारी राखिएको छ । सभामुख अग्निप्रसाद सापकोटाले पहिरोमा परी ठुलो जनधनको क्षति भइरहेको भन्दै दीर्घकालिन समाधान खोज्न सरकारसँग आग्रह गरेका छन् । पहिरो आएको जानकारी पाए लगत्तै सिन्धुपाल्चोक पुगेका सभामुख सापकोटाले त्यहाँ असाधारण प्रकृतिका पहिरोहरू जान थालेको हुँदा यसबाट सुरक्षाका लागि संघीय सरकारले नै पाइलट प्रोजेक्ट नै बनाएर काम गर्नुपर्ने भएको बताए ।

सभामुख सापकोटाले सिन्धुपाल्चोकमा असार २४ देखि निरन्तर पहिरो गइरहेको र त्यहाँ गएका पहिरोलाई सामान्य बाढी पहिरो र सामान्य प्राकृतिक प्रकोपको रूपमा हेर्न नहुने बताए । सभामुख सापकोटाले संघीय सरकारलाई एकीकृत र केन्द्रिकृत योजना बनाएर काम गर्न र सिन्धुपाल्चोकको पहिरोको दिर्घकालीन समस्या समाधान गर्नका लागि एउटा पाइलट प्रोजेक्ट नै बनाएर काम गर्न आग्रह गरेका छन् ।

## पार्टी...

उपयोग गर्ने वा बहिस्कार गर्ने, सशस्त्र संघर्षको स्वरूप दीर्घकालीन जनयुद्ध कि सशस्त्र जनविद्रोह भन्ने लगायतका कैयौं राजनीतिक प्रश्नहरू केन्द्रिय समितिमा फकर फरक विचारहरू आईसकेका थिए । क.निर्मल लामाले पंचायत व्यवस्था भित्रको चुनावलाई उपयोग गर्नुपर्दछ र नेपालकमो सशस्त्र संघर्षको स्वरूप चीनको जस्तो दीर्घकालीन जनयुद्ध नभएर रुसको जस्तो अल्पकालीन सशस्त्र जनविद्रोहको कार्यदिशा बनाउनु पर्दछ भन्नु हुन्थ्यो । क.मोहन विक्रम सिंह, मोहन वैद्य, चित्रबहादुर के.सी.लगायत वहुमत केन्द्रीय सदस्यहरूले पंचायती व्यवस्था अन्तगरगत हुने चुनावलाई बहिस्कार गर्नु पर्दछ र नेपालको सशस्त्र संघर्षको स्वरूपम दीर्घकालिन जनयुद्ध हुनुपर्दछ भन्ने पक्षमा थिए । अव केन्द्रीय समितिमा वहुमत पक्ष र अल्पमत पक्ष भनी दुई पक्ष भएका थिए । पाँचौ महाधिवेशनको लागि दस्तावेज तयारी गर्ने क्रममा ती फरक विचारहरू पनि त्यहाँ अभिव्यक्त भए । दस्तावेज तयारी नहुँदै पार्टीको केन्द्रीय समितिमा देखापरेका विचारहरूलाई तलसम्म लैजाने निर्णय भयो । त्यति बेलासम्म उहाँहरू दुवै जना केन्द्रीय सदस्य हुन हुन्थ्यो ।

त्यसपछि आफ्नो फरक विचार तल लैजाने क्रममा क.निर्मल लामाले पार्टीको गोपनियता भंग गरेको आरोपमा उहाँलाई केन्द्रीय समितिबाट हटाएर सेल कमिटिमा राखियो । अर्कोतिर मोहन विक्रम सिंहलाई अर्को साँस्कृतिक केशमा कारवाही गरियो र उहाँलाई पनि केन्द्रीय समितिबाट हटाएर सेल कमिटिमा राखियो । त्यसपछि अर्को घटना घट्यो महामन्त्री भक्तबहादुर श्रेष्ठ गिरफ्तार हुनुभयो । त्यो अवस्थामा केन्द्रीय समितिको आकस्मिक बैठक बस्यो । त्यो बैठक क.मोह वैद्य 'किरण'को अध्यक्षतामा बसेको थियो । त्यो वैठकमा क.मोहनवैद्य किरण र क.भक्तबहादुर श्रेष्ठलाई अनुशासनको कारवाही गर्नु पर्दछ भन्ने प्रस्ताव आयो । वहुमतले त्यो प्रस्तावलाई अस्वीकार गर्‍यो । त्यसपछि का.सूर्यनाथ रान यादवले यस प्रकारको केन्द्रीय समितिमा बस्दिन भनेर केन्द्रीय समितिबाट राजीनामा दिनुभयो । राजीनामा फिर्तालिन धेरै अनुरोध गरियो तर उहाँले मान्नु भएन । त्यसपछि केन्द्रीय समितिले उहाँको राजीनामा स्वीकृत गर्‍यो । त्यसपछि केन्द्रीय समिति विघटन भयो भन्ने तर्क आयो । कसरी भने चौथो महाधिवेशनले ९ जना पूण र ४ जना वैकील्पक गरी १३ जनाको केन्द्रीय समिति बनाएको रहेछ । ९ जना पूर्ण सदस्यमध्ये ३ जना विभिन्न कारणले पहिले नै हटिसकेको, क.भक्तबहादुर श्रेष्ठ गिरफ्तार भएको र क.सूर्यनाथ रान यादवको राजीनामा स्वीकृत भएकोले अव महाधिवेशनबाट निर्वाचित नौ जना मध्य ५ जना हटेकाले अव ४ जना मात्र बांकी रहेकाले अल्पमतमा परि स्वतः विघटन भयो भन्ने तर्क आयो । त्यो बैठक गोरखपुरमा बसेको थियो । र क.मोहन विक्रमपनि त्यही बस्ने भएको हुनाले उहाँसँग यो स्थितिको बारेमा सोध्ने काम भयो । उहाँले तेश्रो महाधिवेशनभन्दा पहिले कमलराज रेग्मी जेलमा परेको बेला अन्तर जोनल सामान्जस्य कमिटि बनाउँदा कमलराज रेग्मीलाई केन्द्रीय सदस्यमा गणना गरेको नजिर प्रस्तुत गर्नु भयो । भक्त बहादुर श्रेष्ठ जेल परेको भए पनि उहाँ केन्द्रीय सदस्य नै हुनुहुन्छ । त्यसकारण केन्द्रीय समितिमा महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यहरू ५ जना भएकाले केन्द्रीय समति विघटन भएको छैन बैठक चलाउनु पर्छ भन्ने कुरा अयो । त्यसपछि जयगोविन्द शाहले पनि उस्तै कारणहरू देखाएर केन्द्रीय समितिबाट राजीनामा दिनु भयो । त्यस पछि चौथो महाधिवेशनबाट निर्वाचित केन्द्रय समिति विघटन भएको कुरा मानियो ।

पार्टीमा अल्पमत र वहुमत पक्ष भएको कुरा अगाडि नै उल्लेख गरिसकिएको छ । केन्द्रीय समिति विघटन भएपछि वहुमत पक्षका साथीहरूले अव बाँकी रहेका केन्द्रीय सदस्यहरूलाई राष्ट्रिय सम्मेलन आयेजक समिति बनाएर राष्ट्रिय सम्मेलन बोलाउँ भन्ने प्रस्ताव भयो । अल्पमत पक्षका साथीहरूले त्यो कुरा स्वीकार गर्नु भएन र बैठक छोडेर हिड्नु भयो । हामीले राजनीनामा दिएका वाहेक सबै केन्द्रीय सदस्यहरूलाई राखेर राष्ट्रिय सम्मेलन आयोजक समिति गठन गरयौ । त्यसको सचिव क.मोहन वैद्य 'किरण' हुनुभयो । छिट्टै नै हामीले राष्ट्रिय सम्मेलनको आयोजना गर्‍यौं । त्यो राष्ट्रिय सम्मेलनमा क.मोहन विक्रम सिंह र क.निर्मल लामालाई पनि आमन्त्रित प्रतिनिधि बनायौं । राष्ट्रिय सम्मेलनको पूर्वसन्ध्यामा बसेको सम्मेलन आयोजक समितिको वैठकमा पनि उहँहरू दुवै जनालाई आमन्त्रित गर्‍यौं । त्यहाँ क.निर्मल लामाले राजनीतिक लाइन सम्मेलको बहुमतले जे निर्णय गर्दछ त्यसलाई इमान्दारी पूर्वक मान्ने, यो आयोजक समितिमा अल्पमत पक्षमा केही साथीहरूलाई थप्ने र सम्मेलनको मिति दुईदिन पछि सार्ने प्रस्ताव राख्नु भयो । यतिगरे अहिले पार्टी फुटदैन भन्ने का.लामाजीको तर्क थियो । त्यतिवेला क.मोहनजीले क.लामाको प्रस्ताव स्वीकार गरेको भए सम्मेलन आयोजक समतिले पनि त्यो प्रस्तावलाई स्वीकार गर्ने अवस्था थियो । तर लामाजीको प्रस्ताव स्वीकार भएन । राष्ट्रिय सम्मेलन निर्धारित समयमा सुरुभयो । क.निर्मल लामालगायत केही साथीहरू सम्मेलनमा सहभागी हुनु भयो । क.लामाजी लगायत अन्य केन्द्रीय सदस्यहरू समेतलाई राष्ट्रिय सम्मेलनले पार्टीबाट निस्कासन गर्‍यो । त्यो सम्मेलनमा क.मोहनजी पनि उपस्थित हुनु हुन्थ्यो र मतदान हुँदा क.निर्मल लामाहरूलाई कारवाही गर्ने पक्षमा मतदान गर्नु भएको थियो । त्यो सम्मेलनले पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी(मसाल)राख्यो । उता कारवाहीमा परेपछि का.निर्मललामाहरूले पनि नेपाल कम्युनिष्ट पार्टी (चौ.म.) गठन गर्नुभयो । यसरी पार्टी विभाजन भएको थियो ।

मोहनजीले त्यो फुटमा लामाजी र आफु केन्द्रीय समितिमा नभएको बेलामा भनेर फुटको जिम्मेवारी लिनबाट जसरी भाग्न खोज्नु भएको छ, माथिको विवरणले पनि उहाँको त्यो आशयको खण्डन गर्दछ । अझ वास्तविकता त यो हो कि उहाँले लेखको र क.चित्रबहादुर के.सीले राष्टिय सम्मेलनमा प्रस्तुत गर्नु भएको 'चौथो महाधिवेशन भित्र देखापरेको दक्षिणपन्थी अवसरवादको सिंहावलोकन' भन्ने दस्तावेजमा भनिएको छ 'यसरी आज पार्टीमा देखापरेका अनुशासन विहिनता,दक्षिनपन्थी भडकाव फुटकालागि मुख्यरूपले का.निर्मललामा जिम्मेवार हुनुहुन्छ । उहाँमा देखापरेको त्यसप्रकारको भडकावको मूलमा उहाँको निम्नपूंजीवादी चरित्र तथा पद र प्रतिस्ठाको भोकले नै मुख्यरूपले काम गरेको छ ।' (रातो तरवार पृ १८६) दस्तावेजमा यसरी लेख्ने अनि पार्टीबाट निस्कासन गर्नुपर्दछ भन्ने पक्षमा मत जाहेर गर्ने कुराले पार्टीफुटमा उहाँको भूमिका कस्तो रह्यो भन्ने कुरा आफैमा प्रष्ट हुन्छ । निश्चयनै त्यसमा हाम्रो पनि कमजोरीको हिस्सा छ तर तत्कालिनरूपमा जसले वैचारिक नेतृत्व गरयो उसले मूख्य जिम्मेवारी लिनुपर्दछ ।

*४- विविध विषयहरू*

*क) एकता केन्द्रलाई मार्क्सवादी-लेनिनवादी संगठनको मान्यता दिएको बारे*

अन्तरवातर्मा उहाँले भन्नुभएको छ 'हाम्रो पार्टीको छैटौं महाधिवेशनले तत्कालीन एकताकेन्द्रलाई मार्क्सवादी-लेनिनवादी संगठनको रूपमा व्याख्या गरेर त्यो सित पार्टी एकता गर्ने निर्णय गर्‍यो ।' यहाँ उहाँले के भन्नु भयो भने 'छैटौं महाधिवशनले प्रथम तत्कालीन एकताकेन्द्रलाई मार्क्सवादी-लेनिनवादी संठनको रूपमा व्याख्या गर्‍यो द्धितिय त्योसँग पार्टी एकता गर्ने निर्णय पनि गर्‍यो । उहाँले भनेका दुवै कुरा सत्य होइन । जस्तै छैठौं महाधिवेशनद्वारा पारित राजनीतिक दस्तावेजको राजनैतिक शक्तिहरूको विश्लेषणमा भनिएकोछ, 'देशमा निम्न पुँजीवादी वर्गको प्रतिनिधित्व गर्ने केही राजनीतिक समूहहरू छन् जसमा ए.के.र एमाले मुख्य छन् ।' अझ अगाडि भनिएको छ, 'ए.के देशभक्त र जनगणतान्त्रीक समूह हो तर त्यसलाई कम्युनिष्ट पार्टी भन्न मिल्दैन । ए.के.वाह्यरूपमा क्रान्तिकारीताको प्रदर्शन गर्ने तर यथार्थमा दक्षिणपन्थी दिशा समातेको अवसरवादी राजनीतिक समूह हो ।' (रातो तरवार पृष्ट ५०९/५१०) त्यो दस्तावेजमा पार्टी एकताको सन्दर्भमा भनिएको छ,'आज देशमा अन्य कुनै मार्क्सवादी लेनिनवादी पार्टी वा समूह नभएकाले पार्टीगत आधारमा पार्टी एकताको सम्भावना छैन ।' (रातो तरवार पृष्ट ५२३) तत्कालीन एकता केन्द्रलाई मार्क्सवादी लेनिनवादी पार्टी मानेको छैठों महाधिवेशन पछि कपिलबस्तुमा भएको केन्द्रीय समितिको विस्तारीत बैठकले हो छैठौं महाधिवेशनले होइन । तत्कालीन एकताकेन्द्रसँग पार्टी एकता गर्ने निर्णय त अझ पछि भएको हो ।

*ख) प्रचण्डको सन्दर्भमा*

अन्तरवार्तामा उहाँले भन्नु भएको छ, 'महाधिवेशनले वैद्यलाई महामन्त्रीमा चुन्यो र प्रचण्ड प्रथम पल्ट केन्द्रीय समितिमा चुनिएका थिए ।' उहाँको यो भनाइमा पनि सत्यता छैन । प्रचण्ड पाँचौं महाधिवेशन (२०४१) भन्दा पहिले २०४० को राष्ट्रिय सम्मेलन पछि केन्द्रीय समितिमा आउनु भएको हो ।

*ग) बाबुराम भट्टराईको सन्दर्भमा*

उहाँले भन्नु भएको छ,'के.सी.ले चुनाव उपयोग गर्नु पर्दछ भन्नुभयो । हामीले बहिस्कार गर्नु पर्छ भन्यौं । केन्द्रीय कमिटिमा उपयोगको पक्षमा वहुमत भयो तर राष्ट्रिय सम्मेलनले वहिस्कार गर्ने निर्णय गर्‍यो । बाबुराम भट्टराईहरू पनि चुनाव वहिस्कार गर्नु पर्दछ भन्ने पक्षमा हुनुहुन्थ्यो ।' यहाँ चुनावको जुन कुरा गरिएको छ त्यो २०४७ सालको संसदीय चुनावको हो । उहाँले भनेका कुराहरू मध्य बाबुराम भट्टराईहरू पनि चुनाव वहिस्कारको पक्षमा हुन हुन्थ्यो भन्ने कुरा गलत हो । जुन राष्ट्रिय सम्मेलनले चुनाव वहिस्कार गर्ने निर्णय गर्‍यो त्यो सम्मेलनमा उहाँ जानु भएकै थिएन । उहाँका मान्छेहरू भनेको टोपवहादुर , हरिबोल गजुरेलजीहरू चुनाव उपयोगको पक्षमा हुन हुन्थ्यो ।

*घ) जयगोविन्द शाहको सन्दर्भमा*

उहाँले भन्नु भएको छ, त्यो सम्मेलनले चित्रवहादुर के.सीको नेतृत्वमा केन्द्रीय संगठन समिति गठन गर्‍यो । जसमा जयगोविन्द शाह भक्तबहादुर श्रेष्ठ, मोहनवैद्य , मसमेत थियौं ।' भन्नु भएको छ । यो सम्मेलन भनेको वि.सं.२०४० को गोरखपुर सम्मेलन हो । त्यो सम्मेलनले जयगोविन्द शाहलाई केन्द्रीय समितिमा राखेको होईन वरु राजीनामा दिएर केन्द्रीय समिति भंग गराएको भनेर पार्टीबाट निस्काशन गरेको हो ।

मेरो आग्रह के हो भने हामीले आफुलाई थाहा भएको इतिहासको सत्यतथ्य घटनाहरू जस्ताको त्यस्तै राखौं । हुदै न भएको कुरालाई हो भनेर वा भएको कुरालाइ होइन भनेर वा विषय बस्तलाई तोडमोड गरेर आखिर कसलाई के फाइदा हुन्छ ? अझ जस्ले आफुलाई सच्चा कम्युनिष्ट भन्दछौं उसले त त्यसो गर्नै हुन्न । मैले उहाँको अन्तरवार्तामा त्यस्ता कुराहरू पाए जसलाई लिखित दस्तावेजहरूले नै खन्डन गर्दछ । त्यस कारण नयाँ पिडीमा भ्रम नपरोस भन्नका लागी केही उदाहरणहरू पेस गरेको हु । मेरो भनाइमा पनि सत्यता छैन भन्ने लाग्छ भने तथ्यबाट सत्यको खोजीमा जान सकिन्छ । कसैको इतिहासलाई बङगाउन नखोजौं । सत्यबाट तथ्य कुरा दिने प्रयास गरौं । *२०७७/०५/२७*

## सुरेश...

तत्कालिन वैकल्पिक पोलिटब्युरो सदस्य क. सुरेश वाग्ले (वासु) को जन्म गोरखाको पालुङ्टार नगर पालिका वार्ड नं.(२ (साबिकआँपपिपल गा.वि.स. (५ )स्थित रातडाँडा भन्ने गाउँमा २०१० साल भाद्र २४ गते बुधबारका दिनमा बुबा भोजराज वाग्लेका जेष्ठ सुपुत्रका रूपमा आमा दुर्गादेवी वाग्लेको कोखबाट भएको थियो ।

गरीब किसान परिवारमा जन्मिनु भएका क. सुरेश वाग्ले (क.बासु)बाल्यावस्थामा भौतिक रूपमा अत्यन्तै कमजोर तर कुशाग्रबुद्धिका हुनुहुन्थ्यो । ६ वर्षको उमेरमा संस्कृत शिक्षा पढ्नका लागि मावली घर गोरखाकै बक्राङ जानुभएका क. वासुले त्यही मामा घरमै बसेर साँहिला हजुरबा गणेशप्रसाद अर्याल (काना गुरु) सँग कक्षा ७ बराबरको औपचारिक शिक्षारम्भ हासिल गर्नुभएको थियो ।

पछि २०२४ सालमा काठमाडौंमा गएर रानीपोखरीस्थित भानु मा.वि. बाट कक्षा ८ मा मध्यमा द्वितीय श्रेणीमा उत्तीर्ण गर्नुभयो । त्यसैगरी रानीपोखरी संस्कृत छात्रवासमा बसेर २०२८ सालमा वाल्मीकि क्याम्पसबाट उत्तर मध्यमा र २०३० सालमा शास्त्री सम्मको अध्ययन पनि नियमित रूपमा पूरा गर्नुभएको थियो ।

यसै क्रममा २०२७ सालबाटै उहाँ नेपाल र नेपालीको मुक्तिका लागि सबै प्रकारका प्रतिक्रियावादसँग लड्दै आएको ञनेपाल कम्युनिस्ट पार्टीझप्रति आकर्षित हुन पुग्नुभएको थियो ।

त्यतिबेलै उहाँले ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद, कम्युनिस्ट घोषणा पत्र, मार्क्सवादी दर्शन र लेनिनका क्रान्तिकारी ग्रन्थहरूको अध्ययन गर्नुका साथै माओका संकलित रचनाहरूको समेत अध्ययन गरेर आफूलाई पनि समाज परिवर्तनको महान् क्रान्तिकारी बाटोमा हिंडाइ सक्नुभएको थियो । सृजनशील क्षमता र सहि विश्लेषण गर्न सक्ने तागत भएका क. सुरेश वाग्ले विद्यार्थी अवस्था देखि क्रान्तिकारी संगठन (गण्डकी विद्यार्थी परिषद्) मा आबद्ध भई त्यसको सचिव समेत हुनुभएको थियो ।

उहाँले त्यसबेला गण्डकी विद्यार्थी संगठनको मुखपत्र 'लालुपाते'मा म्याक्सिम गोर्कीको बारेमा संश्लेषणात्मक लेख समेत छपाउनुभएको थियो ।२०३१ सालमा आफ्नै गृह जिल्ला गोरखा फर्किएर २०३२ मा आफ्नै गाउँ आँपपीपलको जनता मा. वि.मा शिक्षण पेशामा आबद्ध भएयता २०३४ सम्ममा त उहाँ तत्कालीन ने.क.पा.(चौम) को पार्टी सदस्य समेत भइसक्नु भएको थियो ।

उहाँले शिक्षकहरूको छाता संगठन ञनेपाल राष्ट्रिय शिक्षक संगठनझमा पनि काम गर्नुभएको थियो ।२०३६ साल सम्म पुग्दा उहाँ गोरखाको क्रान्तिकारी शिक्षकहरूको नेता बनिसक्नुभएको थियो ।

२०३५र३६ साल तिर गोरखाको हंसपुर गाविसको ञज्ञानज्योति मा.वि.झ मा सरुवा हुनु भएका क. सुरेश वाग्लेसँग त्यहाँ टुकनाथ अधिकारी, तुलसी खनाल, विन्देश्वरी यादव, ऋषि अधिकारी,भोजनाथ धिताल आदि वामपन्थी शिक्षकहरू सँग सहकार्य गर्न पुग्नु भयो। दिउँसो उहाँहरू विद्यालयको शिक्षणलाई अनुशासित ढंगले अगाडि बढाउँदै र बिहानर बेलुका स्थानीय जनतालाई अन्याय र अत्याचारको विरुद्ध गोलबन्द गराउदै गरीब र निमुखाको सत्ता ल्याउने मार्क्सवादी शिक्षाले प्रशिक्षित र संगठित गर्दै लैजानुहुन्थ्यो ।

उहाँहरूका यस्ता क्रान्तिकारी गतिविधिहरूलाई पञ्चायतका भरौटेहरूले देखिसहेनन् । अनेक बहना बनाएर यी संगठित शिक्षकहरूलाई पञ्चका भरौटेबाट षड्यन्त्रमूलक ढंगले तितरबितर बनाइयो । क.सुरेश वाग्ले पुनः जनता मा. वि. आँपपीपलमै सरुवा हुनुभयो ।

ज्ञानज्योति स्कुलबाट क.सुरेश वाग्ले,क.तुलसी खनाल लगायत वामपन्थी शिक्षकहरूलाई तितरबितर बनाइ सकेपछि उक्त स्कुल कांग्रेसिहरूको बिना बर्दीको सिपाही पाल्ने भर्तीकेन्द्र बन्न पुग्यो। अखिल विद्यार्थीहरूलाई भुट्टा आरोप लगाउने, यातना दिने, २(३ वर्ष नियोजित ढंगले फेल गरिदिने, गुण्डा लगाएर पिटाउने, खेद्ने जस्ता अत्यन्तै बर्बर दमन गरियो । पीडा सहेर ज्ञानज्योतिमा अखिलका विद्यार्थीहरूले आफ्नो अध्ययनलाई अगाडि बढाइरहे। धेरै प्रतिकार गरेमा आफ्नो भविष्य नै खत्तम हुने डरले धेरै विद्यार्थीहरू त्राहित्राहिमा पढ्न विवश भए ।

२०३७ सालमा ञनेपाल राष्ट्रिय शिक्षक संगठन गोरखाझको पहिलो जिल्ला अधिवेशनमा सचिव पदमा क. सुरेश वाग्ले निर्वाचित हुन पुग्नुभयो । त्यसपछि उहाँ ञनेपाल राष्ट्रिय शिक्षक संगठन गोरखाझबाट केन्द्रीय प्रतिनिधि बन्नुभयो । ञनेपाल राष्ट्रिय शिक्षक संगठनझको प्रत्येक बैठकमा क.सुरेश वाग्ले पार्टीको लाइन लिएर जानुहुन्थ्यो र प्रस्तावित त्यो लाइनको सही विश्लेषण गरी बैठकमा पास गराउने अग्रिम भूमिका खेल्नु हुन्थ्यो ।

यसरी यस क्षेत्रमा कम्युनिस्ट पार्टीको नेतृत्व गरेकै कारणले तत्कालीन पञ्चायती ब्यवस्थाले क. सुरेश वाग्लेलाई अस्थायी शिक्षकको रूपमा रहन बाध्य पारिरह्यो, स्थायी हुनै दिएन । आफ्नो घरायसी र व्यक्तिगत समस्यालाई उहाँ शिक्षक संगठन र कम्युनिस्ट पार्टीको समस्याको तुलनामा जहिले पनि गौण ठान्नुहुन्थ्यो । पार्टी र संगठनको समस्यालाई प्रधान समस्याको रूपमा लिनुहुन्थ्यो ।

२०४१ सालमा गोरखा जिल्लाका तत्कालीन पञ्चायती ब्यवस्थाका दूतहरूले उहाँलाईँ नेपाल राष्ट्रिय शिक्षक संगठनबाट राजीनामा दिए मा.वि. स्थायी शिक्षक बनाइदिन्छौं, बरु स्थायी भएपछि तपाईं पुनः ञनेपाल राष्ट्रिय शिक्षक संगठनझको जिम्मेवार सदस्य भएपनि त्यसमा हामीलाई कुनै मतलब छैन र तपाईंले राजीनामा दिएको कुरा पनि गोप्य राख्छौं भन्दा पनि क. सुरेश वाग्ले ञनेपाल राष्ट्रिय शिक्षक संगठनझमा रहेर ँअस्थायी नै बस्नु परे पनि ठीक छ, म आफ्नो नैतिकतालाई धरौटी राखेर स्थायी शिक्षक बन्ने मेरो नैतिकताले दिदैनभनि पञ्चायती ब्यवस्थाका दुतहरूको प्रस्तावलाई सिधै अस्विकार गर्नुभएको थियो ।

कठोर साधना र तपस्यापछि २०४६ र ४७ को आन्दोलनपछि उहाँ स्थायी शिक्षक बन्न पुग्नुभयो ।१७ वर्षसम्म शिक्षण पेशामा अविच्छिन्न सेवा गरेका क. सुरेश वाग्लेलाई पञ्चायती शासकहरूले त्यसबेलासम्म स्थायी हुन दिएका थिएनन् । उल्टै उहाँले ञउग्रवादीझ को बिल्ला भिर्नुपरेको थियो । ञउग्रवादीझ आरोपकै कारण वि. सं. २०३६ सालमा पुलिसको गिरफ्तारीमा समेत पर्नु भयो।गिरफ्तारीमा परेकै कारण उहाँ स्थायी हुन पाउनुभएको थिएन ।

२०४७ सालको प्रतिनिधि सभाको चुनावमा नेकपा (एकता केन्द्र)ले चुनाव उपयोग गर्ने उद्देश्यले डा. बाबुराम भट्टराईको संयोजकत्वमा बनाएको पार्टीको वैधानिक मोर्चा ञसंयुक्त जनमोर्चा, नेपालझको तर्फबाट उहाँलाई गोरखा क्षेत्र नं. २ को उम्मेदवारमा छनौट गर्‍यो । चुनावी कलाको अभावमा उहाँ सो चुनावमा १३,६७८ मत ल्याएर पनि भिनोमतले तत्कालीन नेपाली काँग्रेसकी उम्मेदवार मैयादेवी श्रेष्ठबाट पराजित हुनुपर्‍यो ।

चुनावमा पराजित भएपछि उहाँ तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र)को पूर्णकालीन कार्यकर्ता बन्न पुग्नुभयो। त्यसै वर्ष उहाँ जिल्ला पार्टी सचिवमा चुनिनुभयो ।२०४८ सालबाट २०५२ सालसम्म क. वाग्ले नेकपा (एकता केन्द्र) गोरखाको जिल्लाको नेतृत्व तहमा हुनुहुन्थ्यो । मार्क्सवादको गहिरो अध्ययनले उहाँको उचाई धेरै माथि पुगिसकेको थियो ।

मार्क्सवाद( लेनिनवाद(माओवाद प्रति पूर्ण आस्था र विश्वास गर्दै यसलाई नै आफ्नो पथप्रदर्शक सिद्धान्तको रूपमा मान्दै नेकपा (माओवादी)को कार्यदिशा अनुकूल ञनयाँ जनवादी क्रान्तिझ सम्पन्न गरी समाजवाद र साम्यवादको ध्येय र उद्देश्य हासिल गर्नका लागि आफ्नो महान् जिम्मेवारी पूरा गर्न उहाँ २०५२ साल फागुन १ गतेबाट नेकपा (माओवादी)ले थालेको ञमहान जनयुद्धझमा सरिक हुन केहि समय पहिलेबाट नै भूमिगत हुनुभएको थियो ।

रोल्पा, रुकुम,गोरखा,सिन्धुली लगायतका जिल्लाबाट सुरु भएको ञजनयुद्धझको भिल्कोलाई देशव्यापी विस्तार गर्दै पार्टीको महत्त्वपूर्ण जिम्मेवारी बहन गर्ने, ञप्रतिक्रियावादी राजतन्त्रात्मक संसदीय ब्यवस्थाझलाई ध्वंस गर्दै ञनयाँ जनवादी ब्यवस्था स्थापनाझ गर्न नेपाली भुमिमा विकास भएको ञजनयुद्धझको योजनाकारहरू मध्य उहाँ पनि एक हुनुहुन्थ्यो।उहाँलाई त्यसै क्षमताको कारणले नै २०५५ मा नेकपा (माओवादी)ले पोलिट्ब्युरोको बैकल्पिक सदस्य बनाएको थियो ।

२०५६ भदौमा पार्टीको केन्द्रीय समितिकोको पूर्ण बैठकपछि पार्टीकै कामको सिलसिलामा जनसेनाको प्लाटुन कमाण्डर तथा पार्टीको जिल्ला सदस्य क.भीमसेन पोखरेल (जो यो वर्ष निकै चर्चामा रहनु भएकि क.उमा भुजेलको श्रीमान् हुनुहुन्थ्यो) र एक महिला प्लाटुन सदस्य क.चिजा गर्तौला(सरु)सँग गोरखाको गाँखुमा भाद्र २३ गते छोप्राक मैदानबाट गस्तीमा गएका नेपाल प्रहरीको स्पेशल कमाण्डो फोर्ससँग जम्काभेट भयो । त्यसपछि घेरा तोड्न खोज्दा उहाँसँगै रहनुभएका प्लाटुन कमाण्डर क.भीमसेन पोखरेलको गोली लागेर मृत्युभयो । प्लाटुन सदस्य क.सरु चाहिँ घेरा तोड्न सफल हुनुभयो ।

क.भीमसेन पोखरेलको हत्या गरिसकेपछि प्रहरीले क.सुरेश वाग्लेलाई केहि समय कब्जामा राख्यो ।त्यसपछि उहाँलाई आत्मसमर्पण गर्न भनिएको थियो तर त्यो कुरा उहाँले नमानेपछि त्यहीँ गोली हानी प्रहरीले हत्या गरेको थियो ।यसरी उहाँको महान जनयुद्धमा शहादत हुन पुगेको थियो।आज भाद्र २३ उहाँहरूको २१ औं ञस्मृति दिवसझ हो। यस ञस्मृति दिवसझमा उहाँहरूप्रति भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

# कोभिड १९ द्वारा सृजित अन्तर्राष्ट्रिय संकट र समाधान



● हस्तबहादुर केसी ●

*विश्व मानव समाजमा कोभिड–१९ जस्तो महामारी संक्रमण र रोग चाहिँ पहिलो भने होइन । यो भन्दा पहिले सार्स, मर्स, पोलियो, इबोला, भाइरल इन्फ्लुएन्जा जस्ता रोग र महामारी नआएका होइनन । विज्ञानले ती सबैको रोगनिरोधक खोप पत्ता लगाएर समाधान भइसकेका छ । यो कोभिड–१९ वैज्ञानिक नाम दिइएको महामारीको पनि एक दिन खोप (भ्याक्सीन) पत्ता लागिछाड्ने छ । र मानवजातिको उध्दारमा महत्त्वपूर्ण सहयोग पुग्नेछ । पर्खन सक्नु पर्छ । वैज्ञानिकहरू चिन्तित भएर खोज अनुसन्धानमा लागि सकेका छन्*

यो लेख कोभिड-१९ (कोरोना भाइरस)द्वारा सृजित अन्तर्राष्ट्रिय संकट र समाधानसित अन्तर्सम्बन्धित भएर लेख्ने प्रयत्न गरिएको छ ।

***(१)कोभिड १९ को उत्पत्ति***

यो १० महिना पहिले अर्थात सन २०१९ को डिसेम्बरमा चीनको वुहान शहरमा पहिलोपटक देखा पर्यो। त्यसैले चीनको वुहान शहरलाई नै कोभिडको उत्पन्न स्थानको रूपमा लिइन्छ । र, एउटा एक व्यक्तिबाट अर्की व्यक्तिमा अत्यन्तै छिटो सर्ने संक्रामक रोगकै रूपमा चीनमा घोषणा गरिएको थियो ।

एक व्यक्तिबाट अर्की व्यक्तिमा छिटै संक्रमण नहोस भनेर कोभिड-१९ को संक्रमण व्यक्ति व्यक्तिमा फैलिन थाल्ने वित्तिकै चीनले वुहान शहरलाई लकडाउन(बन्दाबन्दी) गरेर रोग फैलिन नदिन बेलैमा सजगता अप्नाएको थियो । जसका कारण चीनभर कोभिड फैलिन पाएन । तैपनि वुहानमा शुरुमै ३१३४ जनाले ज्यान गुमाएका थिए भने करीब ८१ हजार नागरिकहरू संक्रमित भएका थिए ।

चिनीया वैज्ञानिकहरू, चिकित्सकहरू र अन्य विज्ञहरूको सुझाव र निश्कर्षका आधारमा ७६ दिनमै रोग उन्मूलन भएको ठहर गरेर वुहानमा लगाउदै आएको लकडाउन पूर्णरूपमा हटाएको थियो । त्यस पछि चीनमा कोभिड-१९ अन्य क्षेत्रमा संक्रमित हुन सकेन । धेरै पछि बाहिरबाट चीन प्रवेश गरेका व्यक्तिहरूबाट राजधानी बेइजिङका आसपासमा संक्रमण देखा परेको थियो तर त्यो पनि कुनै मानवीय क्षति हुन नपाउँदै चीनले नियन्त्रणमा लिएको थियो ।

विश्व मानव समाजमा कोभिड-१९ जस्तो महामारी संक्रमण र रोग चाहिँ पहिलो भने होइन। यो भन्दा पहिले सार्स, मर्स, पोलियो, इबोला, भाइरल इन्फ्लुएन्जा जस्ता रोग र महामारी नआएका होइनन। विज्ञानले ती सबैको रोगनिरोधक खोप पत्ता लगाएर समाधान भइसकेका छ। यो कोभिड-१९ वैज्ञानिक नाम दिइएको महामारीको पनि एक दिन खोप (भ्याक्सीन) पत्ता लागिछाड्ने छ। र मानवजातिको उध्दारमा महत्त्वपूर्ण सहयोग पुग्नेछ। पर्खन सक्नु पर्छ। वैज्ञानिकहरू चिन्तित भएर खोज अनुसन्धानमा लागि सकेका छन ।

***(२) चीन बाहिर संक्रमण***

चीन पछि एकदमै छिटोभन्दा छिटो गरी पश्चिम युरोपेली देश इटलीमा कोभिड ( १९ अत्यन्तै संक्रामक रूपमा फैलियो। र त्यसले छोटै अबधिमा ठूलो मानवीय क्षति पुर्यायो। एक प्रकारको हैजाकै प्रकोपसरह भएर फैलियो कोभिड-१९ इटलीमा।

त्यस पछि युरोपका अन्य मुलुकहरू स्पेन, फ्रान्स, जर्मन, बेलायतमा अत्यन्तै छिटो छिटो गरी फैलियो। त्यस पछि संयुक्त अधिराज्य, अमेरिकातिर फैलियो भने क्रमशः विश्वका अन्य मुलुकहरू अष्ट्रेलिया, ब्राजिल, एशियाली मुलुक भारत, नेपाल लगायतका देशहरूमा हैजाका किटाणुसरह विश्वभर फैलियो कोभिड-१९ ।

***(३) यसको संक्रमण फैलावट***

माथि पनि उल्लेख गरिएको छ, एशियाली विशाल देश चीनको वुहान शहरमा सन २०१९ को डिसेम्बरमा उत्पन्न भई चीन पछि शुरुमा इटली, स्पेन, फ्रान्स, जर्मनी, बेलायत, अमेरिका, अष्ट्रेलिया, ब्राजिल, भारत, रुस हुदै दुईवटा पानी जहाजसहित विश्वका २१३ वटा देशहरूमा ठूलो महामारीको रूपमा फैलियो कोभिड १९ र, त्यस पछि यस महामारीले विश्व मानव समुदायमा ठूलो डर, त्रास र आतंक नै फैलियो विश्वस्तरमै ।

***(४) आजसम्म कोभिड–१९ ले पुर्याएको क्षति***

आजका मितिसम्म कोभिडले विश्वभर ठूलो मानवीय क्षति पुर्याइसकेको छ। र सबैभन्दा बढी मानवीय क्षति अमेरिका, ब्राजिल र भारतमा भएको छ। यी देशहरू बाहेक विश्वका अन्य देशहरूमा पनि ठूलो मात्रामा मानवीय क्षति पुगिसकेको छ भने यो भयावहपूर्ण क्षति अरु बढेर जाने सम्भावना कायमै छ। किनभने आजसम्म कोभिड विरुद्धको खोप पत्ता लागिसकेको छैन ।

***(५) कोभिड किन र कसरी फैलियो संसारभर***

चीनबाट पहिलो नम्बरमा इटलीमा संक्रमित भएर सर्न पुग्यो। इटली सरकारले शुरुमा त्यसलाई खतरनाक तथा संक्रामक रोग हो भनेर पत्याएन ।

चीनले त संक्रामक रोग भएकोले व्यक्ति व्यक्तिको नजिकको सम्पर्कबाट छिटो छिटो सर्ने भएकोले तुरुन्तै ियअपमयधल को विधि पध्दति अप्नाएर वुहान शहर पुरै लकडाउन गरेर शहर नै सिल गरेर मानवीय भौतिक तथा सामाजिक दुरी कम्तीमा दुई मिटरको कायम गरेकोले त्यहाँ संक्रमण छिटै रोकियो र मानवीय क्षति कम भयो। तर इटलीले पहिलो नम्बरमा कोभिड- १९ मानव जातिकै लागि खतर्नाक रोग हो भनेर पत्याएन। दोस्रो नम्बरमा उसले चिनीया पध्दति, लकडाउनको पध्दति नअप्नाएका कारणले इटली छोटै अबधिमा ठूलो मानवीय क्षति व्यहोर्न बाध्य भयो। त्यस पछि स्पेन, फ्रान्स लगायतका युरोपका अन्य देशहरूमा पनि इटलीकै जस्तै समस्या दोहोरियो। र, ठूलो मानवीय क्षति हुन गयो।

यसै क्रममा आगोको मुस्लो सरी भएर अमेरिकामा फैलियो कोभिड १९ संक्रमण। जसले गर्दा आजसम्म आइपुग्दा अमेरिका नै संसारमै सबैभन्दा बढी मानवीय क्षति व्यहोर्नुपर्ने देश बन्यो ।

अमेरिकाले पनि शुरुमा यसलाई पत्याएन। उल्टै चीनले आफ्नो विरुद्ध मानव निर्मित बनाएर पठाएको भनेर आरोप लगायो। विश्व जनस्वास्थ्य संगठन (डब्लु एच ओ) चीनको माध्यमलाई सही ठहर गरेको र लकडाउन प्रारम्भिक र संक्रमण रोक्न पहिलो विधि भएको बताइरहदा अमेरिका उल्टै डब्लु एच ओको विरुद्ध मात्र गएन, डब्लु एच ओ लाई आर्थिक नाकाबन्दी लगाउने घोषणा गर्न पुग्यो। यो उसको चीनप्रति पूर्वाग्रह मात्रै थियो ।

यसका अतिरिक्त अमेरिकाले समयमै डब्लु एच ओले निर्धारण गरेका स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्ड पालना नगरेकै कारण ठूलो मानवीय क्षति व्यहोर्नुपर्ने अवस्थामा पुग्यो।यसै सिलसिलामा बेलायत, ब्राजिल, भारत, रुस लगायतका देशहरूमा तीव्रगतिले संक्रमण फैलियो र हजारौंको ज्यान लियो। लाखौं जना संक्रमित हुन पुगे।

यी देशहरूमा पनि शुरुदेखि यसप्रति गंभीर भएर डब्लु एच ओ र चिकित्सकहरू, अन्य विज्ञहरूको सुझाव र जनस्वास्थ्य मापदण्ड नअप्नाएकै यिनी देशहरूले कोभिड -१९ को महामारीबाट ठूलो क्षति पुर्ति व्यहोर्नुपर्ने अवस्थामा पुगेका हुन ।

***(६) जनचेतनाको अभाव***

जनचेतनाको अभावले पनि संक्रमण फैलिने वातावरण बन्यो। डब्लु एच ओ र चिकित्सकहरू, जनस्वास्थ्य *बाँकी ७ पेजमा*

# कोरोनाबारे भ्रम र यथार्थ !



● ईश्वर तिमिल्सिना●

१. चीनको हुवेई प्रान्तको वुहान शहरमा रुघाखोकीसहित सरुवा प्रकृतिको रोग देखापरेको कुरा प्रचारमा आयो। सन २०१९ को डिसेम्बर महिनाको अन्त्यतिर देखा परेको भनिएको सो रोग तीव्र गतिमा फैलने त्रास र प्रक्षेपणले चीन लगायत विश्वका धेरै देशहरूमा नौलो तरंग सृजना हुन पुग्यो। सन २०२० को प्रारम्भ संगै यसका बारेमा विश्व स्वास्थ्य संगठन मार्फत यो भाइरस विश्वव्यापी महामारी पैदा गर्ने स्वरूपको भएकोले यसबारे सजगता, सतर्कता, बचाउ र नियन्त्रणका लागि कदम स्वरूप केहि प्रोटोकल निर्धारण गरिएको प्रचारमा आए। जस अनुसार रोगको मारक क्षमता, संक्रामक दर र गतिको आधारमा कुनै नयाँ भाइरस पत्ता लागेमा, त्यसको सामर्थ्य अन्य सरुवा रोग भन्दा गुणात्मक भएमा महामारी घोषणा गर्ने नीति अनुसार यसलाई विश्व महामारीको घोषणासहित त्यसको नियन्त्रणका लागि रोग विस्तार हुने स्थितिलाई रोक्न सुरक्षा, नियन्त्रण र रोकथाम सम्बन्धि विधि निर्धारण भएको चर्चामा आयो। जसमा भौतिक दुरि, सामुदायिक दुरि कायम गर्दै संक्रमितलाई सामाजिक सम्पर्क बाट अलग राखेर यसको फैलावटलाई रोक्न सकिने भन्ने चिनियाँ (वुहान) प्रयोग र अनुभवलाई स्थापित मान्यताको रूपमा सबैले अनुशरण गर्नु उपयुक्त हुने भन्ने कुरा चर्चामा ल्याईयो।

चीनको वुहान कोरोना महामारीको उद्गम र विस्तारको केन्द्रको रूपमा विश्वभर चर्चाको शिखर बाट केहि तल ओरालो लाग्ने क्रम शुरु हुँदा नहुँदै यो संक्रमण युरोपतिर प्रवेश गरेको प्रचारमा आयो। मुख्यतः इटली र स्पेन विश्वका त्रासदीयुक्त देशका रूपमा अगाडि आए। यी देशका मृत्यु र त्रासदीका समाचारले नेपाल लगायत विश्वको ध्यान केन्द्रित गर्‍यो। स्पेन की राजकुमारी (८६ वर्षीया) को मृत्यु लगायत कयौं सेलिब्रेटिसम्मको मृत्युको समाचारले संसारलाई भावुक बनाउने प्रयत्न गर्‍यो।

युरोपका अरु कयौं देशको भ्रमण गर्दै कोरोना भाइरस क्रमशः उत्तर र दक्षिण अमेरिका हुँदै अफ्रिकाका केही मुलुकहरूमा चिहाउन पुग्यो। यसको गति त्यही मात्रै सीमित नरहि साइवेरियाको चिसो आनन्द लिंदै रसिया सम्म फैलदै अन्ततः भारत, बंगलादेश हुँदै नेपालसम्मका करोडौं मानिसमा संक्रमण भएको कुरा सुचित भैसकेको छ। दक्षिण अमेरिकी मुलुक ब्राजिलमा झन्डै ४० लाख संक्रमित हुँदा यता छिमेकी मुलुक भारतमा त्यो भन्दा धेरैमा संक्रमण भएको चर्चा चलिरहेको छ। यो रिपोर्ट तयार हुँदै गर्दा नेपालमा झन्डै ५० हजारभन्दा बढी संक्रमित र ३०० भन्दा बढीको संख्यामा मृतक बारे समाचार सार्वजनिक भएका छन्। यसरी सर्सती बाहिर सार्वजनिक भएका सूचना हरूका आधारमा यो विश्वव्यापी महामारी कै स्वरूप देखिन्छ।

कोरोना भाइरस संक्रमण भई उपचाररत अवस्थामा मृत्युवरण भएकाहरूको बाहिर प्रचारमा आएझै बुझ्ने हो भने स्पेनमा ७५५, इटालीमा ६५५, अमेरिकामा ४५५, चीनमा ३.५ ५ को आंकडा प्रस्तुत हुनुले यो मारक क्षमता भएको नयाँ भाइरस प्रतित हुनु स्वभाविक छ।

२. कोरोना संक्रमण र मृत्युका सन्दर्भमा विश्वका यस्ता देशहरू पनि छन् जहाँ यसले प्रवेश पाएकै छैन र यदि पाएको भए पनि बिना कुनै आतंक सामान्यतः यो प्रकरण समाप्त भएको छ। एसियायी मुलुकहरू मुख्यतः उत्तर कोरिया, भुटान, बर्मा आदि यसका दृष्टान्त हुन जहाँ कुनै पनि त्रास र आतंकको परिस्थिति सृजना नभई कोरोना ठेगान लागेको छ भने दक्षिण कोरिया, जापान र यसको उद्गम भनिएको स्वयं चिनका ९९.३५ आवादिमा यसको कुनै प्रभाव र संक्रमण फैलिएको चर्चा खासै छैन।

यसैगरी दक्षिण अमेरिकी धेरै मुलुकहरू संक्रमण र मृत्युको समाचार चर्चामा छैनन भने त्यहाँका जनतामा यसबारे चासो र चिन्ता समेत नभएको देखिन्छ।

त्यस्तै अफ्रिकाका धेरै जसो मुलुकहरूमा अपवाद बाहेक यसको प्रभाव र त्रासदीको कुनै समाचार सार्वजनिक भएको देखिदैन भने अफ्रिकी मुलुक तान्जानियाका राष्ट्रपति डा. जोहन म्यागफुलि (जो केमेष्ट्रीका विद्यावारिधि समेत हुन्) ले गाडीको तेलको स्याम्पलमा मानिसको नाम राखेर परिक्षण गर्न पठाउँदा नतिजा कोरोना पोजेटिभ आएको कुरा सार्वजनिक मन्तव्यमा व्यक्त गरेका छन। त्यसै गरि भेडा, बाख्रा र कुकुर हरूको स्वाव समेत परिक्षणमा पठाउदा कुकुर र बाख्राहरूमा समेत कोरोना पोजेटिभ देखिएको कारण यो भाइरस र यसको परिक्षण विधिमा गम्भीर प्रश्न मात्रै खडा गरेको छैन यसको जालसाजी पुर्ण षड्यन्त्रको भण्डाफोर समेत गरेको छ।

कोरोना भाइरसको मारक क्षमताबारे गरिएका पुर्वानुमान मात्रै होइन यसको कारणबाट मृत्युवरण गरेका भनेर पुर्व प्रचारित संख्यामा समेत व्यापक अन्तरसहितका विवरणहरू सार्वजनिक हुँदैछन्। जस्तो कि अमेरिकामा श्रावणतिर भनिएको २ लाख भन्दा धेरैको अंक भाद्रमा आउँदा सच्याइएको सूचना सार्वजनिक भएको छ र भनिएको मध्य केवल ९/१०% मात्रै कोरोनाको कारणले मृत्यु भएको प्रचार गर्न थालिएको छ। नेपाल कै कुरा गर्ने हो भने २०० को संख्यामा मृतक सार्वजनिक भई रहदा हाल (भाद्रको दोस्रो हप्ता) १० जना मात्रै कोरोनाको कारण मृत्यु भएको कुरा सरकारी सूचनालाई हवला दिदै सार्वजनिक खबर बाहिर ल्याइएको छ। यो आंकडा नेपाल मा मात्रै नभएर विश्वका धेरै देशहरूमा बाहिर आउने क्रम निरन्तर जारी छ। यहाँ बुझ्नुपर्ने कुरा के छ भने कोरोना आफैमा धेरै मारक क्षमता भएको भाइरस नभएर अन्य असाध्य रोगले जटिल अवस्थामा पुगेका बिरामी हरूलाई समस्या सृजना गर्न सक्ने भन्ने अर्थमा बुझ्दा र विश्लेषण गर्दा उपचाररत रोगी कुन कारणले मरेको हो भनेर निष्कर्ष निकाल्नु नै चुनौतीपूर्ण त छँदै छ यहाँ कोरोना माथि आरोपित सूचांक सहि हुन भनेर कुनै वैज्ञानिकका लागि समेत सहज हुँदैन बरु विश्व स्वास्थ्य संगठनको संशोधित प्रोटोकल(नियमानुसार) आन्तरिक रक्तस्राव, हर्ट अट्याक, व्रेन स्टोक, स्वासप्रस्वास जन्य रोगहरूमा समेत कोरोनाद्वारा मृत्यु भएको ठेगान गर्नै पर्ने नीति अनुरूप यसको त्रासदी र भयावह रूप प्रचारित भएको बुझ्न सकिन्छ।

३. मेडिकल विज्ञानले मानव स्वास्थ्य माथि गंभीर आक्रमण गर्न सक्ने COVID – 19 (corona virus Dearsies– 19) संक्रामक भाइरसको सातौं जेनेरेशन (पुस्ताको) भनिन्छ। सार्सकै (SARS) दोस्रो पुस्ताको मानिने यसलाई ञ नोवेल कोरोना झ अर्थात नयाँ प्रकारको कोरोना भाइरस भनिन्छ। यो भाइरस चीनमा देखा परेको चर्चासँग संसारका विकाशित राष्ट्रका वैज्ञानिकहरूले चासोका साथ यसको अध्ययन गर्दै केहि अनुमानित धारणाहरू बनाउन पुगेका थिए। खासगरी बेलायती सरकारले गरेको अनुमान अनुसार यो भाइरसको संक्रमण दर १ बराबर ६ अर्थात १ जनाबाट ६ जनामा फैलने र मृत्यु दर ५ प्रतिशत हुने निश्कर्ष निकाल्न पुगेको र त्यसैका आधारमा अमेरिकामा २२ लाख र बेलायतमा ५ लाख मानिसको मृत्यु हुने खतरा औंल्याए अनुरूप विश्व स्वास्थ्य संगठन समेतले त्यसकै आधारमा आफ्ना निति तथा धारणाहरू सार्वजनिक गरेको देखिन्छ परन्तु जब यो संक्रमण युरोप तथा अमेरिकामा प्रवेश गर्‍यो तब बेलायती वैज्ञानिकहरूले नजिकबाट अध्ययन गर्दा के पत्ता लगाए भने यसको सारक (संक्रमण दर ) क्षमता १२.७ र मृत्यु दर ०.१५ रहेको निश्कर्ष निकालेको थिए। (New england journal of medicine) (british medical journal) अर्थात यो भाइरस ILI (influenza like illness) को वर्गीकरणमै राखेर बुझ्न पर्ने धारणा सार्वजनिक गरियो।

४. कोरोना भाइरस अर्थात नोबेल कोरोना के हो ?

(ब) कोरोना भाइरस अन्य इन्फ्लुएञ्जा भाइरस सरहको भाइरस हो जसलाई COVID–19 (Corona virus Deasies–19) भनिन्छ।

(द) यसको मृत्युदर (mortalityrate) झण्डै 0.1% रहेको छ।

(अ) यसले स्वासप्रस्वास प्रणालीमा आक्रमण गर्दछ।

(म) स्वासप्रस्वास छोटो हुनु, कफको कमजोरी,ज्वरो जस्ता लक्षणहरू हुन्छन्।

(भ) यो single strand RNA segment हो।

(ा) यो अन्य भाइरस जस्तो पानी युक्त हावामा रहन्छ।

५. RT, PCR (Reverse transcription Polymerase chain Reaction) test द्वारा यसको परिक्षण गरिन्छ जसले आविष्कार अमेरिकी वैज्ञानिक (Bioche mist) kary Mullis जसले 1993 को नोवेल पुरस्कार प्राप्त गरेको थिए। जुन प्रविधि प्रविधि उनले विकास गरेका थिए त्यसको प्रयोजन रोग पत्ता लगाउनु नभएर अध्ययन अनुसन्धान गर्नु रहेको थियो। यसको कार्य क्षमताका हिसाबले समेत कम्तीमा १५ गलत रिपोर्ट देखाउने हुन्छ। अर्थात एक सय स्वास्थ्य मानिसमा परिक्षण गर्दा कम्तीमा एक जनामा कोरोना बिरामी पैदा गरिदिन्छ। अमेरिकी डा. जो कोरोना भाइरस सम्बन्धि कामको संयोजन गरिरहेको छन म्च. द्यष्वह का अनुसार यसले साधारणतया ५०५ मानिसमा यसले गलत रिपोर्ट प्रस्तुत गर्दछ। American jurnal of Midical association का अनुसार ४ जना त्यस्ता कोरोना बिरामी देखिए (उहानमा) यही परिक्षण विधिद्वारा कोरोना मुक्त गरेपछि १३ दिन पछि पुन परिक्षण गर्दा कोरोना पोजेटिभ देखिएको थियो। the lancet जर्नलका अनुसार डेंगु पोजेटिभ देखिएका बिरामीको कोरोना परिक्षणमा पनि पोजिटिभ देखिएको थियो। त्यस्तै American jurnal of Midical association मा प्रकाशित सूचना अनुसार अमेरिकी कोरोना भाइरस संक्रमितको बिरामीको नाकबाट लिइएको स्वाव पोजेटिभ र मुखबाट लिइएको स्वाव नेगेटिभ तथ्यलाई समेत आधार मान्दा यसको कार्य क्षमता गाई कि त्रिशुल बराबर देखा पर्दछ।

६. विश्व बजारमा माल उत्पादन,वितरण र नाफाको होडमा वर्चस्व कायम गर्दै अगाडी बढेको एल्लोपेथी उपचार पद्धति र फर्मास्युटिकल उद्योगहरू मानवीय सेवा र कल्याण मात्रै होइन विकृत लुटका निम्ति पनि प्रतिस्पर्धा र प्रचार युद्धमा संलग्न रहदै आएका छन। संसारमै हतियार उत्पादन पछि दोस्रो ठुलो उद्योगको रूपमा अगाडी बढिरहेको फर्मा कम्पनिहरूको राजनैतिक र आर्थिक प्रभाव देश र विश्वका निति निर्माणकारी संस्थाहरूमा समेत विस्तार हुनु स्वभाविक हो। हतियार उत्पादन कम्पनीहरूले मानवजातीको कल्याण र विश्व शान्तिको कामना गर्दै युद्धको प्रपंच रच्नु र त्यसका लागि राजनैतिक नेतृत्वलाई प्रभावमा पार्नु जति स्वभाविक र आजको विश्व राजनीतिको अभिन्न अंग बन्न पुगेको छ त्यस्तै विश्व बजारमा वस्तु निर्यात मात्र होइन त्यसको माग सिर्जना गर्न जालसाजी पुर्ण षड्यन्त्र गर्नु पनि अर्थनीतिको एउटा हिस्सा बनिसकेको तथ्यलाई हामीले हेक्का गर्नु पर्दछ। त्यसै परिवेशमा हामीले संसारमा चलेका मौलिक र स्थानीय उपचार पद्धतिहरूको बारे समेत ध्यान दिनु जरुरी छ। एलोपेथि चिकित्सा पद्धति बाहेक पनि खासगरी आयुर्वेदिक, होमियोपेथिक प्राकृतिक चिकित्सा क्षेत्रमा कार्यरत विशेषज्ञहरू समेतको धारणालाई ध्यान दिने हो भने कोरोना कुनै माहामारी रोग नभएर साधारण रुघाखोकी हो (डा. बि पि तिमल्सिना, डा बिश्वरूप राय चौधरी) र डरलाग्दो र भयावह रूपमा प्रचार प्रसार हुनुको पछाडी धेरै कारण मध्य संसारमा रहेको हजारौं उपचार पद्धतिलाई निलेर विश्व बजार कब्जा गर्नु रहेको बुझ्न सकिन्छ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# धर्म र ईश्वरबारे



● क.भक्तबहादुर श्रेष्ठ ●

*प्रिय रुकू,*
*सप्रेम सम्झना*

यो भन्दा अगाडिको पत्रमा मैले हिन्दू धर्मको बारेमा केही बुझाउँछु भनी तिमीलाई लेखी पठाएको थिएँ। आजकालका बुढापाकाहरू चालचलन, रीति रिवाज, धर्म कर्म र गरिब धनी त पहिलेदेखि नै ईश्वरले बनाएर ल्याएको हो भन्ने विश्वास गर्ने गर्दछन् र नयाँनयाँ चाल चलन देखे भने के जुग आयो यस्तो  भनी कोकोहोलो हालेर कराउने र खुइय गरेर सुस्केरा हालेर वेदना प्रदर्शन गर्दछन्। नयाँ चाल चलनलाई के जुग आयो यस्तो भनेर पछुतो मान्ने चलन त प्राचीन कालदेखि कै परम्परा भनिदिए पनि भयो। पुरानो रीतिरिवाजबाट नयाँ रीतिस्थितिमा पाइलो टेक्ने सङ्क्रमणलाई तत्कालीन रुढिवादीहरूले अलि मन पराउँदैनन्, किन भन्लाउ भने तिनीहरूको दिमागले त्यो ठम्याउन नसकेकोले नै उनीहरूको त्यो विरोधी भावना प्रकट भएको हो सत्ययुगमा। तर, आजकल त्यसलाई आदिम साम्यवाद भन्दछन्। त्यसबेला देखि नै भएर आइरहेको परिवर्तनमा पनि त्यसबेलाका केही बुढाबुढीहरूले त्यसै भन्दथे र आज पनि त्यसै भन्दैछन्, भोलि पनि त्यसै भन्नेछन् तर समाजको यो प्रगतिलाई रोक्न सक्ने संसारमा केहीको पनि सृष्टि भएको छैन, हुने पनि छैन र होला भनेर कसैले आशा गरेर हिँड्न खोज्नु, पृथ्वीको गतिलाई रोक्न खोज्नु जस्तै हो। यो त आशा र कल्पना गर्न नसकिने कुरा हो।

सत्युयुगमा कुनै जात भात, सानो ठूलो, धनी गरिब, छुतअछुत, तेरो मेरो भन्ने कुरा नै थिएन। तर तिमी पनि यस्तो सुन्दा कस्तो कस्तो अनुभव गरौली। पढ्दै गएपछि तिमीलाई त्यो खल्लो अनुभव कता हराउँछ कता। हामी कुनै कुरा नबुझीकनै अन्सारमै सबैकुरा ईश्वरको थाप्लोमा हालिदिन्छौँ। यही बानीले हाम्रो समाज आजसम्म पनि अन्धो जस्तो बनी नबुझीकनै रहनु परेको छ र हामी अरूले डोहोऱ्याएको भरमा हिँडिरहेका छौँ। यो त अब बिसौँ शताब्दीको वैज्ञानिक युग हो। अब हामीले पनि जानेर र बुझेर काम गर्नुपर्छ। अब फेरि तिमी भनौली त्यो बेलाको कुरा अहिले तपाईँले भन्नुभयो भन्दैमा कसरी पत्याउनु र। हो ! तिमीलाई पत्यार नलाग्ला, तर यो त इतिहासका तथ्यहरूले नै साबित गरिसकेको छ, मैले कुनै हावामा गोलि चलाएको होइन। संसारका मानिसहरूले जसले संसारका बारेमा धेरै जाँचीबुझी अनुसन्धान गरी पत्ता लगाएपछि निर्णय गरेको कुरा हो र आज सबैजसोले यो कुरा मानेका छन्। यो कुरा मान्नु नै पर्ने ठम्याएर मानेका हुन्। बास्तविकतालाई कसैले छोपेर छोप्न सक्दैन। तिमीले ती कुराहरू नमाने तापनि तिमी हिन्दू धर्म मान्ने भएकीले हिन्दू धर्मशास्त्रलाई त पत्याउली। यसबाट नै म तिमीलाई बुझाउने कोसिस गर्दछु। पहिलेदेखि नै बन्दै आएका हिन्दू धर्मशास्त्रहरू नै पछि एकदम फरकफरक हुँदै आएका छन्। यसको मतलब हो समाजको गतिविधि अनुसार शास्त्र रचिँदै आएका रहेछन्। वेदका कुराहरू उपनिषद्मा मिल्दैनन्, उपनिषद्का स्मृतिमा मिल्दैनन्। वैदिक काल एउटा मातृसत्ताको युग हो यसमा सबै सामूहिक रूपमा कुलसँगको सम्बन्धमा थिए। यसैताका श्रुतिको रचना भएको र बिस्तार बिस्तार परिवर्तन हुँदै मातृसत्ताको अन्त्य र पितृसत्ताको उदय हुने सङ्क्रमणकाल आउँछ र मातृसत्ता र पित्रृसत्ताबीच द्वन्द्व हुन्छ। यसैकालमा उपनिषद्को रचना भयो र आखिरमा पितृसत्ताले विजय पाएपछि समाजमा पहिलेका सामूहिक सङ्गठनात्मक व्यवस्था नाश भई दास युग आयो। यही दासयुगमा विभिन्न ऋषिमुनिहरूले स्मृतिको रचना गरे। यस्ता पुराना श्रुति र उपनिषद्का कुराहरू प्रयोगमा नआई विधिको रूपमा मात्र आउँछन्। त्यसैले धर्म भनेको पुरानो एउटा सामाजिक नियम हो। अझ सोचविचार गरी भनौं भने शोषक वर्गको स्वार्थलाई रक्षा गर्ने एउटा बलियो गढ हो र तिनीहरूकै स्वार्थलाई रक्षा गर्दै आएको कानुन हो।

तिमी हाम्रा पुरेत र पण्डित बाजेहरूका मात्र कुरा नसुनेर चारैतिर नियालेर हेरेर विचार गर त ! यदि तीन त्रिलोक चौध भुवन (यो काल्पनिक हो, जुन अहिले मिल्दैन) का मालिक ईश्वर, ब्रम्हा, विष्णु, महेश्वर हुन्, उनले नै सबै सृष्टि, स्थिति र संहार गरेका हुन्, उनले नै धर्म र पापको फैसला गर्ने भएको भए के आज संसारमा एकै किसिमका धर्म छन् त ? किन देश अनुसारको धर्म फरकफरक मिल्दै नमिल्ने भएको हो ? संसारका धेरैजसो मानिसहरूले ब्रम्हा, विष्णु, महेश्वर भन्ने नाम नै सुनेका छैनन्। कोही मूर्ति पूजा गर्नु नै धर्मको मूल उद्देश्य मान्दछन् भने कोही मूर्तिपूजाको भयङ्कर विरोधी छन्। कोही कुनै चिजलाई मान्दछन् भने कोही कुनै चिजलाई मान्दछन्, कसैको ईश्वरको धर्मको बारे एउटा भनाइ छ अर्काको ईश्वरको भनाइ बेग्लै छ। यदि संसारमा ईश्वरले पनि आफ्नो साम्राज्य कायम गरेको हो त ? तसर्थ तिमीले अझ घोरिएर विचार गरी हेर त ! धर्म र ईश्वर भनेको मानिसको समाजले बनाएको हो कि होइन ? आफ्नो सामाजिक रीतिस्थिति, चालचलन अनुसार आफ्नाआफ्ना विचारबाट उत्पन्न भएको चिज हो कि होइन रहेछ ? हिन्दू आर्यहरूले सबैभन्दा पहिले प्रकृति र शक्तिलाई ईश्वर भन्ने मान्यता दिए, किनभने त्यस बेला विज्ञानको उन्नति भएको थिएन, प्रकृतिको भीषण प्रहार देखेर त्यसभित्र कुनै अज्ञात वस्तु छ, जुन ईश्वर हो भनी कल्पना गरे। अझ सबैभन्दा पहिले इन्द्रलाई सबैभन्दा शक्तिशाली मान्दथे र उनको नै पूजा धेरै हुन्थ्यो। जति कुरा शास्त्रमा लेखिएका छन्, ती सबै घटना यही पृथ्वीमा घटेका हुन् र त्यसलाई विशेष बढाईचढाई गरेर लेखे। देवता भन्ने जाति यस्तो सुरपुर भन्ने ठाउँमा रहन्थ्यो र राज्य विस्तार गर्नका लागि दैत्यदानव भन्ने जातिहरूसँग लडाइँ भइरहन्थ्यो। त्यसमध्येका राजा इन्द्र बढो धूर्त, चलाख, कुटनीतिज्ञ र बलवान थिए र उनको शक्तिको अगाडि सबै झुक्नु पऱ्यो। वैदिक साहित्यमा सबैभन्दा धेरै मन्त्र इन्द्रको बारेमा पाइन्छ। ऋग्वेद जुन वेदमध्ये सबैभन्दा पुरानो वेद हो, त्यसमा १०४६७ मन्त्र छन् यसमा साढे तीन हजार मन्त्र इन्द्रको बारेमा लेखिएका छन्। यी सबै मन्त्रहरू, उपनिषद्हरू र अरू धार्मिक पुस्तक पढ्यौँ भने इन्द्रको चरित्रबारे थाहा पाउन सक्छौँ। ऋग्वेद लेख्ने व्यक्तिहरू पूर्ण रूपले इन्द्रका भक्त थिए। त्यसैले उनीहरूले इन्द्रका बारेमा बढाईचढाई लेखेका छन्। तैपनि सत्य कुरा छोप्न सकिँदैन। इन्द्रको भ्रष्ट चरित्रबारे हामीले धेरै कथाहरूमा पाउँछौँ।

इन्द्रको जन्मका बारेमा ऋग्वेदमा धेरै प्रमाणहरू पाइन्छन्। इन्द्रको धर्मका बारे ऋग्वेदमा धेरै प्रमाणहरू पाइन्छन्। आर्यहरूको महापुरुष इन्द्रको जतिसुकै महिमा गाइए पनि उनी काल्पनिक देवता थिए। (ऋग्वेद २।३० सु. मन्त्र २,३-४८-२, ४-१८-४, १०-७३-१) पुरुष सूक्त -ऋग्वेद १०-९०-१३) मा लेखिएको छ : इन्द्र अग्निसँगै पुरुषको मुखबाट जन्मिएको हो। ऋग्वेद ६-५९-२ को मन्त्रमा इन्द्र र अग्निलाई जुम्ल्याहा दाजुभाइ भनिएको छ।

तिमीले फेरि अग्नि र इन्द्र मुखबाट जन्मिएको भनी विश्वास मान्लेउ, त्यसो होइन। एकातिर मनुष्यका रूपमा इन्द्र शक्तिशाली भएर निस्क्यो भने अर्कातिर अग्निको प्रयोग गर्न जानेकाले आर्य समाजले चाँडै नै आफ्नो विरोधी शक्तिलाई दबाउन सफल हुँदै थियो र क्रमशः विकास गर्दै आयो। त्यसैले इन्द्र र अग्निलाई जम्ल्याहा दाजुभाइ भनी कल्पना गरिदिए। फेरि तिमी अचम्म मान्लेउ। इन्द्र मनुष्यबाट जन्मिएको भए दुईतीन हजार वर्षसम्म कसरी बाँच्न सक्यो होला ? त्यसो होइन। त्यो सिंहासनको पदवी लिएर बसेकालाई पनि इन्द्र भन्दथे र इन्द्र भन्दैमा सबै इन्द्र एउटै होइनन्। त्यस्तै वर्षातले ल्याएको बाढीदेखि भयभीत भएर पानीलाई बरुण भनी पानीको राजा बरुणलाई मान्न थाले। त्यसरी नै प्रत्येक देखापरेको शक्तिहरूलाई ईश्वरीय नामकरण गर्र्दै गए- प्राकृतिक र मानसिक दुवैलाई। त्यसपछि विभिन्न देवताहरूको कल्पना गर्दै जाँदा यी सबैलाई छाडेर ब्रम्हा, विष्णु, महेश्वरलाई सबै शक्ति सुम्पिदिए। आज हुँदाहुँदा तेत्तिस कोटी देवता पुऱ्याइसकेका छन्। यी अदृष्य शक्तिलाई अपौरुषेय शक्तिको रूपमा ईश्वर मान्ने भएकाले हाम्रो समाजले बाटाका चिल्ला ढुङ्गालाई समेत देवता मान्दै टाउको निहुऱ्याउँदै हिँड्न थाले र जहाँ पनि देवता स्थापना गरे। त्यसै ठाउँको नामबाट नै देवताको नामकरण गर्दैगए। आज साँच्चै हिसाब गर्ने हो भने तेत्तिस कोटी त के एक अर्बभन्दा पनि बढी देवताको सृष्टि यो समाजले गरिसक्यो होला। जतिजति धर्ममा विकृति बढ्दै गयो त्यतित्यति समाजमा पनि विकृति बढ्दैगयो। त्यसैले धर्मले जटिल रूप लिँदैगयो।

हाम्रो हिन्दू शास्त्र हेर्ने हो भने खालि सङ्घर्ष, झगडा र खुनखराबीले नै भरिएको छ। वर्गसङ्घर्षले गर्दा एकले अर्कोलाई घृणाको दृष्टिले हेर्ने गरेकाले नै हिन्दूहरूमा कुनै एकता नभएकोले त्यत्रो हिन्दूस्तान सयौँ वर्षसम्म परतन्त्रमा जकडिएर बस्नुपऱ्यो। त्यसैले घृणा नै यो धर्मको नीति हो। हजारौँ वर्षदेखि यो धर्मले मानिसहरूलाई एकदमै निसास्सिएर बस्नुपर्ने अवस्था पारिदियो। ल, हेर त ! धर्मको नातामा युधिष्ठिरले जुवा खेलेर राजपाठ हारेर आफ्नी प्यारी द्रौपदीको कत्रो बेइज्जत गराए र आफ्ना भाइहरूलाई दास बनाए। त्यहाँ कस्ता कस्ता धर्मका महान् विभूतिहरू थिए। तिनीहरूले धर्मको विरोध हुन्छ भनेर औंला ठड्याउनु त के चुँ सम्म बोल्न सकेनन्। फेरि धर्मकै नाताले द्रौपदीले ५ वटा लोग्नेलाई सकारेर बस्नुपऱ्यो। त्यही धर्मले रामले वनवास जानुपऱ्यो। त्यही धर्मको महान् उपदेशले महाभारतको सङ्ग्राममा आफ्ना दाजु, भाइ, साला, भिना, काका, भतिजा र गुरुजनहरू समेत कयौँको नरसंहार भयो। हरिश्चन्द्रले राजपाठ छाडेर स्वास्नीलाई बेच्न र आफू पनि बेचिनुपऱ्यो। यही धर्मको महान् उपदेशले आज कयौँ नारीहरू विधवा बनेर आँसुको भलमा डुब्नु परेको छ। धर्मको कारणले मरेका लोग्नेको नाममा बलजफ्ती स्वास्नीलाई बाँधछाँध गरी कैयौँ नारीहरूलाई सती प्रथाको नाममा अग्निमा होमियो। धर्मको कारणले नै करोडौं मानिसलाई अछुत गराई कुकुरभन्दा पनि घृणित बनाइएको छ र त्यही धर्मको कारणले कुकर्मी, ढोँगीलाई पुजनीय बनाइएको छ। यही धर्मको नसामा गरिब शोषित वर्गलाई अन्धकारमा राखी शोषित गराइएको छ। यसैको नसामा लागेर हिन्दू र मुसलमानहरू एक अर्काका दुस्मन बनी निरपराध मानिसको संहार गरिरहेका छन्।

यो झुटो धर्मको भाउ धेरै माथि चढेर ओर्लँदै गइरहेछ। रोमका पोपले मर्ने मानिसको पाप नास गरी स्वर्ग पठाउने भनेर स्वर्गको नाममा स्वास्नीसम्म दान लिन्थे। काशी र प्रयागमा मानिसहरू आत्महत्या गर्नु धर्म सम्झन्थे। आजकल भने धर्मको हाँगाबिगा भाँचिदै गइरहेको छ।

प्रिय रुकू ! धर्मको बारेमा यस्ता कुराहरू सुन्दा तिमीलाई चसक्क बिझेको पनि हुनसक्छ। तिमी सम्झ त, धर्मलाई कर्तव्यबाट धेरै टाढा फालेर, हुँदाहुँदा मन्दिरको देवताको अगाडि एक पैसा फिन्द्रिङ्ग फाल्दैमा धर्म हुने, नदीमा एक डुबुल्की लगाउँदैमा धर्म हुने। थोत्रो र आफूले लगाउन नहुने कपडा दान गरे धर्म हुने, पिपलको रुखवरिपरि दुईचार चोटि घुमे धर्म हुने, तुलसीको एउटा पात चपाएमा स्वर्गको ढोका खुल्ने, गाईको गहुँत खाएमा धर्म हुने, निधारमा तीन धर्के अथवा १११ कोरेको साइन बोर्ड टाँस्यो भने धर्म हुने, बाटो हिँड्दा हिँड्दै सिन्दुर लगाएको ढुङ्गालाई टाउको निहुऱ्यायो भने धर्म हुने भनेर धर्म नै समाजमा भारी भएर विकृतिको रूपमा गइसक्यो। अब यसरी धर्म पाइने भएपछि पाप कसले नगर्ने ? पास गर्नासाथ झट्ट यी सस्ता धर्महरूले काटिदिइ हाल्छ नि। अब त्यही धर्मको नाताले नै यसरी अर्कालाई माऱ्यो भने पाप हुन्छ, दुःख दियो भने पाप हुन्छ, अर्काको पसिना खायो भने पाप हुन्छ, झुटा कुरामा अर्कालाई दुःख दियो भने पाप हुन्छ भन्ने कुराहरूलाई चाहिँ बुझेर पनि पखालिएको छ।

पहिलापहिला राजामहाराजाहरूका ठूलाठूला अश्वमेध, राजसुय यज्ञहरू हुन्थे। त्यसमा बलिया राजाले निर्धा राजालाई दबाउँथ्यो। पुरेतले राजालाई जता मनलाग्यो त्यतै नचाउँथे। सर्वसाधारण मानिसहरू उनीहरूको दास हुन्थे। मानिसहरू अन्धाझैँ थिए, बहिरा थिए, धर्मका महाजालको पछाडि भेडा झैँ हिँड्दथे।

हामीलाई धर्मको बारेमा ज्यादा जेलिनु पर्ने कुनै आवश्यकता छैन। मुख्यतः कर्तव्य र अकर्तव्य नै धर्म हो भनेर साधारण मानिसले पनि बुझेका छन्। धर्म र पाप भन्ने कुरा मानव मात्रमा विदित भएको कुरा हो। विश्वका कुनै पनि मानिस धर्म र पापका बारेमा अज्ञात छैनन्। धर्म सम्प्रदायमा जति विभिन्नता देखिए तापनि मोटामोटी रूपमा अर्काको श्रम शोषण नगर्ने र राम्रो कामलाई धर्म र खराब कामलाई पाप भन्ने कुरामा विश्वका मानिस एक छन् भन्ने कुरामा शङ्कै छैन। तर, कुन कुरा खराब र कुन कुरा असल भन्ने कुरामा भने विभिन्न धर्म सम्प्रदायका आफ्नाआफ्ना छुट्टै मत छन्। एउटा धार्मिक सम्प्रदायले असल धर्म भनेको कुरा अर्को धर्म सम्प्रदायलाई पाप हुने गर्छ। कोही खरानी घसेर धुमधुमती बसेर पाताल खेल्छन् भने कोही आकासतीर मुन्टो फर्काएर स्वर्गको भगवानलाई चिच्याएर पुकार गर्दछन्। कोही निर्धा पशुको रगतलाई बहादुरीपूर्वक छ्यालब्याल पारेर स्वर्गीतिर जाने पुकार गर्दछन्। धर्मको यो विभिन्नताले गर्दा बुझिन्छ, धर्म भन्ने वस्तु विभिन्न समाजको आफ्नो समाजमा उठेको विरोधी तत्वलाई दमन गर्ने र त्यसलाई साम्य पार्ने एउटा यन्त्र हो। समाजका सबै धर्मावलम्बीहरूले आफ्नो धर्मलाई नै सर्वोपरि मानेका छन् र आफ्नो धर्म प्रचार गर्नमा नै जोड दिएका छन्। यी धर्महरूमा ठूलाठूला राजनीतिक रहस्य लुकेका हुन्छन्। धर्मको नामले मुट्ठीभर वर्गलाई फाइदा दिएको छ भने बहुसङ्ख्यक शोषितपीडित जनताका गला रेटिरहेको छ। धर्म प्रचार गर्दा लाखौँ व्यक्तिहरूको नृशंस हत्या भएको कुरा इतिहासका पानाहरूमा चाङ लागेर बसेका छन्। हामीले कर्तव्य नै धर्म हो र अकर्तव्य पाप हो भन्ने कुरा त बुझिसकेका छौँ। कर्तव्य आफ्नो स्वार्थमा मात्र हितकर हुँदैन। यो परस्वार्थसँग पनि जोडिएको हुन्छ। त्यसैले 'बहुजन हितायः बहुजन सुखायः' ले नै कर्तव्यलाई छुट्याउँछ।

हामीले धर्मका बारेमा नअलमलिइकन सोच्नु पर्छ। तिमीलाई त चित्त बुझ्दैन होला। यो त ऐतिहासिक तथ्यसित गाँसिएको कुरा हो। हत्तपत्त मानिसले नबुझ्न सक्छ। तर बुझेन भनेर चट्ट छाडिदिनु हुँदैन। वर्षौंदेखि खिया लगेको भाँडालाई एक पटक यसो लस्याङलुसुङ तालले माझ्दैमा सफा हुँदैन, त्यसलाई खसो लुँडोले माझिरहनु पर्छ, आखिरमा त्यो टल्किएरै छाड्छ। त्यस्तै हाम्रो रुढिवादी समाजमा उहिलेदेखिका पुराना मैला विचारधाराले भरिएका मथिङ्गल विस्तार विस्तार मात्र साफ हुँदै जान्छन्। म त ठोकुवा गरेर भन्छु, साँचो धर्म त्यो हो, जसबाट मानिसको मानिसप्रति उत्तरदायित्व निर्वाह हुन्छ। धर्म त्यो हो, जहाँ मानिसहरूले जति सक्यो आफूलाई स्वच्छ राखेर लोकोपकार गर्न सकोस्। यसका साथै शोषणविहीन समाज निर्माण गरेर मानिसले स्वतन्त्रता र भाइचाराको सम्बन्ध कायम गराउन खोजेको होस्। तिमीलाई अझ म भन्दछु, दया धर्म हो, सेवा धर्म हो, उत्साह र उदारता धर्म हो। सङ्क्षेपमा भन्दा धर्म त्यो हो, जसले प्रकाश र जीवन दिन्छ। मानवीय कर्तव्य नै धर्म हो।

तिमीलाई यति लामो चिठी पढ्दापढ्दै पट्टाइ पनि लाग्यो होला र तिम्रो मनमा गढेको भए पट्टाइ नलागेर जिज्ञासा जाग्यो होला। यसलाई धैर्यसँग पढीदिए म तिम्रो ठूलो गुन मान्नेछु। तिमीले यो चिठी पढ्दा अझ गाउँका भाइ-बहिनीलाई समेत अगाडि राखेर पढिदियौ भने तिमीले पनि देश र समाजको ठूलो हित गर्न खोजेको हुनेछ।

तिमीलाई मेरो यस्तो गन्थने चिठी मन परेको भए, अरू कुरा पनि जान्ने इच्छा भए तिमीलाई चिठी लेख्न मेरा यी हातले समातेको यो कलम कहिल्यै पछि पार्ने छैन। मेरो मात्र एकोहोरो चिठी हैन तिम्रो मनका भावनाहरू ओकल्दै मलाई केही मसला दिन्छौ कि भन्दै यो पत्र यहीँ टुङ्ग्याउँछु।

*तिमीलाई माया गर्ने मायालु*

## गम्भीर...

श्रीलङ्कामा पनि यो सम्झौता विवादमा परेसँगै संसदबाट अनुमोदन हुन सकेको छैन। सन् २००४ मा अमेरिकी संसदबाट यो सम्झौता पारित भएको थियो। संसदमा सबै दलको प्रतिनिधित्व हुने भएपछि यो सम्झौता अरु देशमा पनि संसदबाटै पारित गराउन लगाउने नीतिमा अमेरिका छ। परराष्ट्र सम्बन्धी जानकार राख्ने विज्ञहरूले एमसीसी सम्झौता संसोधनको विषय निकै चुनौतिको विषय रहेको बताएका छन्। परराष्ट विज्ञ कमलदेव भट्टराईको दावी गर्छन्- डबल नेकपाको कार्यदलले दिएको सुझावको आधारमा संसदमा लानुअघि एमसीसी सम्झौता संशोधन हुन सक्दैन।

अमेरिकी राजदूत ऱ्यान्डी बेरीले पनि एमसीसी संशोधन नुहने अभिव्यक्ति दिएका छन्। यसअघि एमसीसी संसोधनको प्रस्ताव पेश भएको कुनै पनि देशमा छैन। बरु, रद्द भएका उदाहरण भने भेटिन्छन्।

'एमसीसी पास गर्ने डबल नेकपाको चालबाजीको विरोध गरौं'

एमसीसीबारे डबल नेकपाको स्थायी समितिको बैठकको निर्णय एमसीसी पास गर्ने चोरदुलो साबित हुने खतरा बढेर गएको, स्थायी समितिको बैठकको औपचारिक एजेन्डा बनिसकेको र त्यहाँबाट एमसीसी पास हुन नसक्ने अवस्था देखेपछि स्थायी समितिको अधिकारक्षेत्रबाट पनि "पार्टीले निर्णय गर्ने" भन्दै अमूर्त कुरा गरी अलमलाउँदै धूर्तयाँइपूर्वक पन्छिने प्रपन्च गर्न खोजिएको भन्दै एमसीसी खारेज अभियानले 'होशियार होऔं र खबर्दारी गरौं' भनेर सार्वजनिक अपिल गरेको छ।

अपिलमा भनिएको छ, '"पार्टीको निर्णय" भन्नाले सरकारी कार्यक्षेत्रभित्रको प्रधानमन्त्रीको काम भएकोले पार्टीको अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले एक्लै गर्ने वा पार्टीका दुई अध्यक्षले गर्ने अथवा बढीमा नौ जनाको सचिवालयले गर्ने भन्ने चाल नै हो।"

सर्वशक्तिशाली र सर्वाधिकार सम्पन्न केन्द्रीय समितिबाट अध्ययन कार्यदल बनाई यसको सुझावको आधारमा गर्ने भनिए पनि त्यस अनुसार निर्णय नगरी त्यो सुझाव सरकार र कतिपय शीर्ष नेताहरूको चाहना अनुकूल नभएकोले आजसम्म थन्काई राखिएको उल्लेख गर्दै अपिलमा भनिएको छ, "अहिले स्थायी समितिमा यसबारे अत्यधिक बहुमत सदस्यहरू विरुद्धमा भएको बुझेपछि "पार्टीले निर्णय गर्ने" भन्दै संशोधन र परिमार्जनका नाममा केही न्यून महत्वका कुरा थपघट गरेर वा यस्तै अरु केही गर्ने(गराउने भनेर पारित गर्ने चोर दुलो खोजिएको छ।"

अपिलमा भनिएको छ, "हाम्रो प्रश्न छ- अब एमसीसीबारे पार्टीको कुन अङ्गले कहिले र कसरी निर्णय गर्ने हो ? र, यो संशोधन र परिमार्जन पनि कुन-कुन बुँदामा के कति र कस्तो संशोधन हुने हो अथवा के गरेर यसलाई "पारित" गर्न खोजिएको हो ? स्पष्ट पार्नु जरुरी छ। झलनाथ कार्यदलले "कैयौं राष्ट्रहित विपरीतका बुँदाहरू संशोधन नगरी यथास्थितिमा एमसीसी पारित गर्न नहुने" भन्दाभन्दै अमूर्त संशोधनको कुरा गरी संशोधन र परिमार्जन हुन पनि सक्नेरनहुन पनि सक्ने विषयलाई संशोधनरपरिमार्जन गर्ने भन्ने अनि पारित हुन पनि सक्ने र नहुन पनि सक्ने कुरालाई पारितै गर्ने किन भनिँदैछ ? नेताहरूको नियत र पार्टीको निर्णय स्वच्छ छ र नीति विधिसम्मत पनि गर्ने हो भने "एमसीसी बारेमा पार्टीको यो तहले निर्णय गर्छ" नभनेर किन कुरा चपाइएको छ ? पार्टीको घोषित नीति सिद्धान्त र विधि पद्धतिअनुसार खुला र पारदर्शी किसिमले संस्थागत निर्णय गरी काम गर्ने भन्ने यसै बैठककै पारित प्रतिवेदनको नै मर्मविपरीत किन "संशोधनरपरिमार्जन गरी पारित गर्ने" भनिएको हो ? आम जनता स्पष्ट हुन चाहन्छन्।"

डबल नेकपाका नेता समेत रहेका नारायण शर्माले जारी गरेको अपिलमा अगाडि भनिएको छ, "फेरि, त्यो संशोधन र परिमार्जन गर्न नसकिने कुरा अमेरिकाले बारम्बार गरिरहेको छ ! अमेरिका जस्तो शक्तिशाली देसले संझौतामा फेरबदल नहुने भन्दै लिएको अडान छोड्ला त नेपालको अडानको अगाडि झुकेर ? कथं अमेरिकाले अडान छोडिहाल्यो र संशोधन गर्न तयार भयो भनेपनि त्यो संशोधन नेपालको हितमै होला त ? बिल्कुल सन्देह छ।"

जुर्मुराउँदै देशभक्त क्रान्तिकारीहरू

सत्तारुढ डबल नेकपाले राष्ट्रघाती एमसीसी सम्झौता संसदबाट पारित गर्ने निर्णय गरेपछि देशभक्त क्रान्तिकारीहरू जुर्मुराएका छन्। नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायत ११ दल, एमसीसी खारेज अभियान तथा अन्य नागरिक समाज र बौद्धिक समुदायले एमसीसी खारेजीको दबाब आन्दोलनलाई अब सशक्त रूपमा अगाडि बढाउनुपर्ने आवाजहरू बुलन्द गरिरहेका छन्। एमसीसी खारेज अभियानको आव्हानमा शनिबार बेलुका ८ बजे ब्ल्याक आउट गरिएको छ। कोरोना संक्रमण भयावह भइरहेको अवस्थामा समेत एमसीसीको खारेजीको माग गर्दै देशभक्त क्रान्तिकारीहरू सडकमा उत्रने तयारी गरिरहेका छन्। नेकपा (क्रान्तिकारी माओवादी) निकट जिल्ला जनगणतान्त्रिक सम्पर्क मञ्चले असोज ४ गते सडकमा विरोध प्रदर्शन गर्ने उद्घोष गरिसकेको छ। पार्टीले निर्णय गरेरै गम्भिर राष्ट्रघातको तयारी गरेपछि डबल नेकपाभित्रका देशभक्त नेता कार्यकर्ताहरूले व्यापक विरोध अभियानहरू पनि सञ्चालन गरिरहेका छन्।

## ❑ कविता

### आइसोलेसन अर्थात्



● प्रा.डा.जगदीशचन्द्र भण्डारी ●

उहिलेदेखि
अर्थात्
अँध्यारो र उज्यालो
विहान र साँझ
दिउँसो र रात
बर्स र महिना
बार र दिन
कुनै पनि
न छुट्टिदैदेखि
होइन क्यारे
ती जब देखिए
उँच निच
छुत अछुत
पुरुष नारी
कालो गोरो
अग्लो होचो
पठित अपठित
तल्लो माथिल्लो
बाहुन शुद्र
आर्य अनार्य
राम रावण
देव दानव
ती ती पलाए
त्यतिबेलै
मानिसहरूको
भयो क्यारे
विलगन अर्थात्

आइसोलेसन
भनुँ
पृथक्करण
ठुला राष्ट्र
साना राष्ट्र
ठुला जात
साना जात
जितुवा हरूवा
सत्तासीन
सत्ताहीन
यस्तै यस्तै
अर्थात्
आइसोलेसन
यस विपरीत
अर्थात्
विलगन विरुद्ध
सुलगन
वर्गशत्रु विरुद्ध
आइसोलेसन

### सरकार !



•सुनाखरी •

सरकार !
तिम्रा ,
प्रत्येक शब्द !
प्रत्येक कार्य !
प्रत्येक निति नियम,
जनताका सम्बन्धसँग जोडिनु पर्छ !
तिमी जनता प्रति जिम्मेवार हुनुपर्छ !

न कि ,
भ्रष्टाचार !
माफिया !
तस्कर !
विचौलिया !
गुन्डागर्र्दी ,
कमिसन र दलालसँग हैन !

तिम्रा हृदयमा !
जनताका !
हित ,
दुख ,
पीडा ,
छट्पटी ,
आँसु ,
रगत र पसिना ओक्ष्याइनु पर्छ !

तिमी !
जनताको !
सेवा ,
मुक्ति ,
हित ,सँग,
सँगै सर्वहारा वर्गका,
मजदुर ,
किसान ,
सबै सबै उत्पीडित वर्गसँग जोडिनु पर्दछ !
र सबै सबैको अभिभावक बन्नुपर्दछ !

तिमी !
गरीब दुखी ,
असहाय ,
निर्धन ,
मजदुर ,
किसान ,
उत्पीडित वर्गको
गास ,
वास ,
कपास ,
शिक्षा ,
स्वास्थ्य र रोजगार बन्नुपर्दछ !
जन्म ,
मृत्यु सम्मको ग्यारेन्टी बन्नुपर्दछ !

यो !
पुँजीवादले लादेको संकटग्रस्त आवस्थामा !
तिम्रा देशका मजदुरहरू ,
नदि ,
आगो ,
छट्पटी सडक भरी पोख्दै !
सिङ्गो आकाश ओढि माटो ओक्ष्याएर
,
नाङ्गो शरीर ,
भोको पेटमा नाम्लो फनफनी कसेर !
रोटी सँगै अधिकार माग्दैछन !

ए !
सरकार !
तिमी ,
यसरी !
अन्धो ,
बहिरो ,
लाटो र निरंकुश बन्न पाउछौ ?
तिमिले यिनका आँसु ,
भोक ,
तिर्खा ,
छट्पटी र पीडा लपेटिएका कथा व्यथा पढ्नु पर्दैन ?
राष्ट्र घात र जनघातका सम्बन्ध टुटाउनु पर्दैन ?

यिनैका !
गाँस ,
बाँस ,
कपास र सपना खोसेर !
रगतपसिनामा नुहाएर !
समृद्ध नेपाल सुखी नेपाली कसरी हुनसक्छ सरकार ??

के !
इमानदार !
स्वाभिमानी !
देशभक्ति निर्धन मनहरूको !
यो माटो ,
यो पानी ,
यो हावा र सिङ्गो देश हैन सरकार ?
यिनिहरूलाई बाच्ने अधिकार छैन सरकार ?

यस्तै हो भने ,
यिनका ,
आँखा ,
मिर्गौला ,
मुटु ,
कलेजो ,
फोक्सो र बोनम्यारो माग सरकार !

यदि माग्दैनौ भने ,
न्याय ,
समानता ,र स्वतन्त्रता बाड सरकार !
नत्र !
यी नाम्लाहरू भारी भारी पर्नेछन !
एकदिन !
पक्कै सरसर !

## कोभिड–१९....

विज्ञहरूले दिएका सुझावहरू मापदण्ड अपनाउने, सरसफाइ र भौतिक दुरी कायम गर्ने सवालमा लापरबाही गरिने गरेको कारणले पनि संक्रमण बढ्ने गरेको पाइएको छ।

यसका साथै जनस्तरबाट नटेर्ने, मापदण्डहरू उलंघन गर्ने र पुलिसले सम्झाउनु पर्ने, पुलिसले कार्वाही गर्नुपर्ने जस्ता कार्यले गर्दा पनि संक्रमण बढेको पाइएको छ।

*(७) जनताका समस्याहरूका कारण*

लकडाउन संक्रमणबाट बच्ने पहिलो उपाय हो। तर जनताले जनजीवन निर्वाह गर्नका निम्ति, किनमेल, बजार व्यवस्थापन गर्नुपर्ने, साँझ विहानको समस्या टार्नका निम्ति घर बाहिर निस्कनु पर्ने बाध्यताका कारणले गर्दा पनि संक्रमण बढेको पाइएको छ।

*(८) नेपालमा संक्रमण बढ्नुका कारण*

नेपालमा २०७६ माघ ४ गते चीनबाट आएका विद्यार्थीमा संक्रमण देखिएको थियो। तर उनी छिटै मुक्त भए। फाल्गुनको तेस्रो हप्ता चीनबाट १७५ जना विद्यार्थीहरू ल्याइयो र १४ दिनसम्म भक्तपुरको खरिपाटी क्वारेन्टाइनमा राखियो। एक जनामा पनि संक्रमण देखिएन।

२०७६ चैतको शुरुतिर फ्रान्सबाट फर्केकी एक जना युवती र बेल्जियमबाट फर्केकी एक जना आमामा कोरोना संक्रमण भेटियो। त्यस पछि दलाल सरकारले निकै आत्तिएको जस्तो गरेर २०७६ चैत १२ गतेदेखि देशव्यापी रूपमा लकडाउन गर्यो। र मुलुकको सबै गतिविधिहरू ठप्पै पारियो।

यसैबेला दलाल सरकारले चीनबाट औषधि खरिद गर्ने मौका मिलाएर करोडौंको भ्रष्टाचार गर्न तिर लाग्यो भने अर्कोतिर भारतमा व्यापक रूपमा संक्रमण फैलिएको देख्दादेख्दै पनि भारत सँगको नाकाहरूमा कडाइ गरेर दुबै देशका बिच आवत जावत बन्द गर्नुपर्नेमा त्यसो नगरेकै कारण भारतबाट नेपाल आउनेहरूबाटै संक्रमण भित्रीयो।

रोजगारीका लागि भारत प्रवास गएकाहरू जुन पश्चिम नेपालका विभिन्न नाकाहरूबाट हाम्रा नेपाली मजदुर दाजुभाइ दिदीबहिनीहरू फर्किएकाहरूलाई व्यवस्थित र वैज्ञानिक विनाका क्वारेन्टाइनहरूमा राख्ने गरेकोले पनि संक्रमण फैलियो।

कतिपय जनचेतनाको अभाव र लापरबाही जनता स्तरबाटै गलती भएको र जीवन चलाउन कै लागि जनता घर बाहिर जानै पर्ने बाध्यताले पनि संक्रमण फैलियो।

दलाल सरकारले मनलागी कडा बन्दाबन्दी गर्ने कार्यहरूले राजधानी उपत्यका लगायत अन्य जिल्ला र स्थानहरूमा घरीघरी आवतजावत गर्ने वातावरण बनाएकै कारण संक्रमण बढ्यो। अर्थात सरकारको गैर जिम्मेवार रवैयाका कारण पनि संक्रमण बढ्यो। र आजसम्म पनि तीव्र गतिले संक्रमण फैलिरहेको छ। विश्वका अन्य देशहरूमा यही प्रकारका समस्याहरू र त्रुटीहरू रहन गए, जो संक्रमणको श्रोत बन्यो।

*(९) दलाल तथा रमिते सरकार*

यो निश्चित कुरा हो कि पुँजीवादी संसदीय व्यवस्थाहरूमा दलालहरू सत्ता सञ्चालन गर्ने तहमा पुगेका हुन्छन्। विश्वका सबै पुँजीवादी संसदीय व्यवस्था भएका जस्तै स अमेरिकी मुलुकहरू, युरोपेली देशहरू, एशियाली देशहरू, अफ्रिकी देशहरू जहाँ जहाँ पुँजीवादी संसदीय व्यवस्थाहरू सञ्चालनमा छन ती देशहरूमा सरकारकै गलत रवैयाका कारण तीव्र गतिले संक्रमण फैलियो र ठूलो मानवीय क्षति हुन पुगेको पाइएको छ।

दलाल सरकारहरू जनताप्रति उत्तरदायी हुँदैनन र समस्या परेको बेला पन्छिएर समस्या जति जनतामाथि थुपार्ने कार्य गर्दछन। उनीहरूले जनतालाई माया नगर्ने भएकोले जनताको सुरक्षा गर्ने कुरा पनि आउदैन। यहाँ त्यही भएर जनताले ठूलो मानवीय क्षति व्यहोर्नुपरेको हो । नेपाल पनि यही सरकारी रवैयाले गर्दा धेरै ठूलो संख्यामा जनताको ज्यान गइरहेको छ।

*(१०) भ्रष्टाचारलाई मलजल गरियो*

यो कुरा साँचो हो कि सबैखाले पुँजीवादी शासकहरू जनपक्षीय कम भ्रष्टाचारी बढी हुन्छन। सत्तामा पुगेको बेला पुँजीवादी दलालहरू सत्ताको दुरूपयोग गरेर यस्तै जनतालाई अप्ठ्यारो परेको बेला अर्को चोरबाटोबाट छिरेर सत्ताको साधन श्रोत कब्जा गर्ने, राष्ट्रिय सम्पत्तिमा लुट मच्चाउने गर्दछन। नेपाल लगायत विश्वभरका देशहरूमा यस्तै प्रकारका तरिका अप्नाएर कोरोना कहर समाधान गर्ने तिर भन्दा पनि कोभिडलाई निहुँ बनाएर सम्पतिमाथि कब्जा जमाएर लागे। जनताका समस्या हल गर्नेतिर नभएर सम्पत्ति आर्जन गर्ने माध्यम बनाए कोरोनालाई बुर्जुवाहरूले।

नेपालमा त यता देशभित्र पुरै बन्दाबन्दी लगाए भने उता चीनबाट औषधि खरिदमा ओम्नी नामको नक्कली कम्पनी खडा गरेर करीब ४१ करोडको भ्रष्टाचार गरेको कतैबाट लुकेको छैन। नेपाली सेनालाई त्यही स्तरको ठेक्का दिइयो चीनबाट औषधि खरिदका लागि सेनाले पनि भ्रष्टाचार गर्न चुकेन। मजदुरहरूलाई, निमुखाहरूलाई राहत वितरणका नाममा पनि सत्ताधारीहरूले देशव्यापी रूपमा भ्रष्टाचार गरेको तथ्य जनतासितै छ। नेपालका भ्रष्ट शासकहरू र विश्वकै बुर्जुवा पुँजीवादी एवं संसदीय शासकहरूलई मागिखाने भाँडो बनाएको तथ्य पनि छिपेको छैन।

जनता भोकभोकै मरे। औषधि मुलो नपाएर मरे। तर सत्ताधारी वर्गलाई भने दशै, तिहार नै आयो। यस्तो किन भयो भने दलालहरूले जनतालाई माया गर्दैनन। जनतालाई अप्ठ्यारो परेको बेला रमिते बन्दछन। यो तथ्य अहिले सावित भएको छ।

*(११) कोभिड-१९ प्रति भ्रम र यथार्थता*

कोभिड -१९ के हो ? के होइन ? यो कुनै रोग नै होइन। सत्ताधारीहरूले आफ्नो स्वार्थपूर्तिका लागि स्वाभाविक रूपले मरेका मान्छेहरूलाई कोरोनाले मरेको भनेर प्रचार गरिएको छ भने अर्कोतिर कोरोना नै सबैथोक हो भनेर चारैतिर आतंक फैलाउने गरिएको छ। सर्वसाधारणलाई त्रसित र आतंकित तुल्याउने काम भइरहेको छ भनेर दुबै तर्फ अतिवाद फैलाएको पाइन्छ। यस विषयमा स्पष्ट हुन जरुरी छ।

कोभिड १९ (कोरोना भाइरस) विज्ञानसित सम्बन्धित विषय हो। कोभिड- १९ स्वास्थ्य विज्ञानसित सम्बन्धित विषय हो । कोभिड-१९ औषधि विज्ञानसित सम्बन्धित विषय हो। यो त्यत्तिकै हचुवाको भरमा बोल्ने विषय होइन। यो टपर्टुयाँ ज्ञानका भरमा बाल्ने विषय होइन। यो अन्दाजको भरमा, संकाको भरमा बोल्ने विषय होइन।

हामी मार्क्सवादी हौ। हामीले हरेक घटना परिघटनाहरूलाई मार्क्सवादी द्न्द्ववादका आधारमा हेर्ने, बुझ्ने, अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने र संश्लेषण गर्ने गर्नु पर्दछ। विज्ञान विरोधी कुरा गर्नु एउटा त विज्ञानप्रतिको अज्ञानता हो भने अर्को पक्ष वितण्डावादी वा जाली झेलीहरूको कुरा हो। त्यसो भएर नै हो कमरेड माओले भन्नुभएको छ, विना अनुसन्धान बोल्न कसैलाई अधिकार छैन।

अझै अगाडि बढेर के भन्न सकिन्छ भने हामी मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो पथप्रदर्शक सिध्दान्त मान्दछौ। मालेमावाद विश्व सर्वहारा वर्गको पथप्रदर्शक सिध्दान्त र उसको विश्वदृष्टिकोण पनि हो । त्यसैले हामीले हरेक घटना परिघटनाहरूलाई मालेमावादी विश्वदृष्टिकोणका आधारमा हेर्नु पर्दछ। त्यस पछि मात्र आफ्ना धारणाहरू प्रस्तुत गर्नुपर्ने हुन्छ। बुर्जुवाहरूले भने जस्तो गरी, बोले जस्तो गरी विनाआधारमै हचुवाको भरमा, हावाधारी कुरा गर्नु हुदैन।

मार्क्सवादी द्वन्द्ववादको के मान्यता छ भने हरेक घटना घटित हुनुमा निश्चित वैज्ञानिक कारण विद्यमान हुन्छ। र विनाकारण कुनै घटना घटित हुन सक्तैनन। यो नै वैज्ञानिक तत्थ्य हो।

त्यसो भएर चीनको वुहानबाट उत्पन्न भएको कोभिड -१९ (कोरोना भाइरस ) विनाकारण उत्पन्न भएको होइन। यसका पछाडि निश्चित वैज्ञानिक कारण रहेका छन।

कोभिड- १९ चीनको वुहानबाट पैदा हुनुको मुख्य कारण पुँजीवाद हो। यो विकृत पुँजीवादकै गर्भबाट यसको जन्म भएको हो। अर्थात पुँजीवादी कर्पोरेट सिस्टमका कारण यसको जन्म भएको।

यस विषयमा हामीले बहस नगर्नु नै बेश हुन्छ। किनभने आज संसारभरका वैज्ञानिकहरू कोभिड-१९ कुन प्रकारको भाइरस हो र यसको खोप के हुने भन्ने बारेमा व्यापक खोज अनुसन्धान भइरहेको छ। विश्वभरकै डाक्टरहरू र त्यस क्षेत्रका विज्ञ र अनुभवीहरूले पनि बढो चिन्ताका साथ खोज अनुसन्धान मै व्यस्त छन। आजसम्म यसको खोप पत्ता लागि सकेको छैन। रुसले खोप परिक्षण भइरहेको छ र सफल भइरहेको कुरा बताइरहेको छ। तर डव्लु एच ओले भने मान्यता दिएको अवस्था छैन। अमेरिका लगायतका देशहरूले पनि यसको खोप पत्ता लगाउन प्रयास गरिरहेका छन। यो अझै खोजको गर्भ भित्रै छ। यो पत्ता लागि छाड्ने छ। किनकि विज्ञानमा निर्विकल्प भन्ने कुनै चिज छैन।

*(१२) समस्या समाधानमा पुँजीवाद असफल*

कोभिड-१९ (कोरोना भाइरस) द्वारा सृजित समस्याहरू समाधान गर्न साम्राज्यवादमा मरिरसकेको विश्व पुँजीवाद असफल भइसकेको छ। यसको मुख्य कारण पुँजीवादी संसदीय व्यवस्थामा सत्ता सञ्चालन गर्नका लागि दलालहरू, नोकरशाहहरू पुगेका हुन्छन।

दलालहरू देशर र जनताप्रति उत्तरदायी र जिम्मेवार हुदैनन। उनीहरू गैर जिम्मेवार र नालायक हुन्छन। त्यसैले उनीहरूले जनतालाई माया र सहयोग गर्दैनन। उनीहरूले पैसा बाहेक अरु वरीपरी, यताउता केही पनि हेरेका हुदैनन। दलालहरूले पैसा पाए भने जन्म दिने आमालाई पनि बेच्न सक्छन।

किनभने दलालहरूको सरकारलाई दलालहरूले, विचौलियाहरूले, माफियाहरूले, काला बजारियाहरूले, मुनाफाखोरहरूले, तस्कर र भ्रष्टाचारीहरूले, हत्यारा र बलत्कारीहरूले र अनैतिकहरूले चलाएका हुन्छन। उनीहरूले जनताको पक्षमा काम गर्न दिदैनन दलाल सरकारलाई।

यिनै कारणहरूले गर्दा पुँजीवादी दलाल सरकारले नैतिकता गुमाई सकेको हुन्छ। त्यसो भएर उसले चाहेर पनि गर्न सक्ने अवस्थामा हुदैन दलाल सरकार। यसै कारणले कोभिड- १९ द्वारा सृजित समस्याहरू समाधान गर्न पुँजीवाद असफल भएको छ।

*(१३) कोभिड-१९ द्वारा सृजित समस्या समाधानमा एक मात्र विकल्प वैज्ञानिक समाजवाद*

(१४) पुँजीवादी दलाल सत्ताहरूले कोभिड-१९ को आतंक मच्चाएर कहिले कडा लकडाउन लगाउने त कहिले कर्फ्यु लगाउने र जनतालाई सानो घेरा भित्र कैद गर्ने आफ्नो स्वार्थपूर्ति पुरा गर्न हर प्रयत्न र उपाय लगाउने निश्चित छ। यसबाट जनता सचेत हुन जरुरी छ। किनभने पुँजीवादी शासकहरू जनतालाई ठूलो समस्यामा परेको बेला अप्ठ्यारोमा पारेर निरह तुल्याउने हो। किनभने दलालहरू इमानदार हुदैनन। क्रान्तिकारीहरू भने जोगिन आवश्यक हुनेछ। पुँजीवादी भनेका व्यापारी हुन। जनतालाई यस्तै मौका छोपेर ठक्न सक्छन। यो उनीहरूको खानदानी पेशा मानिन्छ। विश्व जनसमुदाय सचेत रहन जरुरी हुन्छ।

*(१५) दोस्रो विश्वयुध्द पछिको सबैभन्दा ठूलो मानवीय क्षति*

दोस्रो विश्व युधदमा सबैभन्दा बढी मानवीय क्षति भएको थियो। उक्त दोस्रो विश्व युध्दको अवधिमा करीव तीन करोड मानिसहरू मारिएको रेकर्ड छ।

त्यस पछि यता विश्वस्तरमा ठूलो संख्यामा त्यति ठूलो संख्यामा मानवीय क्षति भएको थिएन। सार्स, पोलियो, भाइरल इन्फ्लुएञ्जा आदि रोगले विश्ववमा ठूलो संख्यामा मानिसहरूले ज्यान गुमाएका थिए।

दोस्रो विश्व युध्दपछि कोभिड-१९ को कहरबाट ठूलो मानवीय क्षति पुग्न गएको छ र यो अवस्था पछिसम्म अरु बढ्ने निश्चित छ। यो क्षतिले विश्वमा ठूलो संकट पैदा गरेको छ।

*(१६) अन्तर्राष्ट्रिय संकट र समाधान*

कोभिड-१९द्वारा सृजित समस्याले मानवीय क्षति मात्र भएको छैन। यसले आर्थिक क्षेत्रमा पनि ठूलो क्षति व्यहोर्नुपरेको छ। लामो समयसम्म बन्दाबन्दीका अवस्था र अन्य कारणले विश्वस्तरमा कल कार्खाना बन्द हुनु, बन्द व्यवसाय र बजार बन्द हुन पुग्नु, स्कुल, कलेजहरू बन्द हुन पुग्नु, यातायात लामो समयसम्म बन्द हुन पुग्नु, आदि कारणले पनि आर्थिक संकट पैदा गरेको छ।

अर्कोतिर विश्वस्तरमै ठूलो संख्यामा मजदुरहरूको कटौती हुनु, उनीहरूले रोजगारी गुमाउँदै जानु र मालिकहरूले रोजगारी उपलब्ध गराउन नसक्ने अवस्थामा पुग्नुले विश्वस्तरमै विद्रोह जन्माउने निश्चित छ। यसले ठूलो राजनीतिक संकट पैदा गर्नेछ।

यस प्रकारका संकट समाधान गर्न पुँजीवाद असफल भइसकेको छ र भविष्यमा पनि नसक्ने भए पछि यसको समाधान वैज्ञानिक समाजवादको विकडब्लु एच ओ छैन। यस प्रकारको संकटले वैज्ञानिक समाजवादी विश्व क्रान्तिको बाटो फराकिलो बनाउने निश्चित छ। त्यसो भएर विश्व मानव समुदाय वैज्ञानिक समाजवादी क्रान्ति प्राप्तिको बाटोमा लामबध्द हुनुको विकल्प छैन। किनभने यो संकट विश्व समाजवादी क्रान्तिको पूर्वबेला बनेर महान अवसर र कठिन चुनौती बोकेर आउँदै छ। अब विश्व सर्वहारा वर्गले आफ्नो तयारी गर्नुको विकल्प छैन ।

मितिः १२ सेप्टेम्बर २०२०

*(लेखकः अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रका अध्यक्ष)*

## वैदेशिक...

अधिकार माथि अंकुश लगाएर विदेश कै भुमिमा मर्न वा सड्न बाध्य गराउदै छ। यो अक्षम्य अपराध हो सायद यसको हिसाब आगामी दिनमा मजदुर हरूले पक्कै चुक्ता गर्नेछन।

५. अहिले राज्यले वैदेशिक रोजगारीमा रहेका मजदुर स्वदेश फिर्ताको जुन बहस गर्दैछ यो भ्रमपुर्ण र मिथ्या कुरा हो। स्वदेश ल्याउने बहानामा राज्यले पुनः मजदुर माथि अर्को लुटको राजनीति शुरु गरेको छ। अहिले राज्यले अन्तर्राष्ट्रिय उडानहरू सिमित गरि दिएको छ भने आगमन प्रणाली लाई पनि सिमित गरेको छ। एक दिनमा ८०० भन्दा बढि यात्रुलाई आउन नदिने गरि व्यवस्था गरिएको छ। भाद्र १६ देखि असोज १४ सम्मको एक महिनामा ९३ वटा नियमित र ४९ वटा चार्टर उडानलाई मात्रै काठमाडौंका लागि अनुमति दिएको छ परन्तु यी उडानहरू पनि मुख्यतः श्रम गन्तव्य र उत्पीडित श्रमिक वर्ग लक्षित छैनन। राज्य सँगको मिलेमतोमा व्यावसायिहरूले हवाई भाडा २००५ भन्दा अधिक वृद्धि गरेका छन। हवाई भाडा, ७२ घण्टे पिसिआर परिक्षण रिपोर्ट , होटलको व्यवस्थापन लगायतका शर्तहरू अगाडि सारिएका छन। सामान्य उडानहरूलाई निषेध गरेर चार्टर्ड उडानको नाटक गरिएको छ। ६ महिना देखि पुर्ण रोजगारी गुमाएर उच्च संकटमा बाँचिरहेका मजदुर हरूले को यो मापदण्ड पुरा गर्न सक्छन ? यो असम्भव मात्रै छैन मजदुरका लागि पहाड उठाउनु बराबर भएको छ। यद्यपि अहिले वैदेशिक रोजगार बोर्डमा मात्रै वैदेशिक रोजगारी मा जाने मजदुर हरू बाट संकटमा मजदुरको पक्षमा प्रयोग गरिने भनि असुल गरिएको ६ अर्ब भन्दा बढि रूपैयाँ रहेको छ परन्तु यो पैसा मजदुर हरूको हितमा नभएर माफिया हरूको स्वार्थमा बढि खर्च हुने गरेको छ। संकटमा परेका मजदुरको उदार गर्न यो रकम किन खर्च गरिन्न ? यो हामीले प्रश्न गर्ने समय हो।

६.विभिन्न देशमा उच्च संकट सहेर बाँचिरहेका नेपाली मजदुर दाजुभाइ दिदिबहिनीहरूले हामीलाई उदारको लागि राज्य संग पहल गरिदिन अनुरोध र गुनासो गर्नु भएको छ। पछिल्लो समय यसमा व्यापाक वृद्धि भएको छ। हामीले आवश्यक पहल गरिदिन जिम्मेवार निकायहरूको बारम्बार ध्यानाकर्षण गराउदै आएका छौं। हामीले हाम्रो संगठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको तर्फबाट यहि भाद्र १० गते जारी गरेको विज्ञप्तिमा पनि यो विषयलाई महत्त्वका साथ उठाएका छौं। उक्त विज्ञप्तिको २ नम्बर बुँदामा भनिएको छ ूराज्यले वैदेशिक रोजगारीमा रहेका श्रमिक हरूलाई उच्च संकट, मध्यम संकट र सामान्य संकटको आधारमा वर्गीकरण गरि हवाई भाडा, स्वास्थ्य परिक्षण सहित आवश्यक सम्पुर्ण व्यवस्थापन निशुल्क गर्नु पर्दछ।ू यसै गरि ६ ट्रेड युनियन महासंघले संयुक्त रूपमा भाद्र १४ गते जारी विज्ञप्तिमा यसलाई अझै व्याख्या गर्दै भनिएको छ ूवैदेशिक रोजगारीको शिलशिलामा मुख्यतः मध्यपुर्व, मलेसिया र भारत प्रवासमा रहेका नेपाली श्रमिकहरूको लाखौं संख्यामा रोजगारी गुमेको छ।

कतिपयको भिषा इजाजत सकिएको छ। उनीहरू कठिन भन्दा कठिन संकट संग जुधिरहेका छन। तत्काल स्वदेश फिर्ता उनीहरूको पहिलो आवश्यकता हो। यो सन्दर्भमा राज्यले नेपाली श्रमिकको संकटलाई मुख्यतः उच्च संकट, मध्यम संकट र सामान्य संकटको आधारमा ३ तहमा वर्गिकरण गरि हवाई शुल्क, आवश्यक स्वास्थ्य परिक्षण र उपचार एवं व्यवस्थापनको निशुल्क व्यवस्था सहित अविलम्ब स्वदेश ल्याउने व्यवस्था गर्नुपर्छ।ू परन्तु उत्पीडित मजदुरको पक्षमा हामीले उठाएको आवाजलाई प्रतिक्रियावादी शासक वर्ग सुन्न अस्विकार गरि रहेका छन। उनीहरू यसलाई लागु गर्न तयार छैनन।

७.यो सँगै हामीले कयौं पटक वैदेशिक रोजगार बोर्ड र सम्बन्धित देशको कुटनैतिक नियोग र दूतावासलाई पनि उत्पीडित मजदुरहरूको पक्षमा सक्रियतापुर्वक काम गर्न ध्यानाकर्षण गराएका छौं परन्तु उनीहरू यसलाई लागु गर्ने दिशामा जिम्मेवार छैनन। दूतावासहरू अहिले मजदुरको संकट मा एक भरपर्दो सहयोगि बनेर उभिनुको सट्टा उल्टै तुच्छ चलखेलमा रमाई रहेका छन। उनीहरू उत्पीडित मजदुरको आवाज अधिकार सम्बोधन गर्नुको सट्टा कम्पनीको गलत नीतिलाई समर्थन गर्दै मजदुर विरोधी धन्दामा सक्रिय छन। उनीहरू यति सम्म पतन भएका छन कि यो नै लुट्ने, कमाउने र जमाउने बेला हो भनेर लुटको धन्दा चलाइ रहेका छन। अहिले कतिपय देशमा नेपाली मजदुर हरू सशक्त विरोध प्रदर्शनमा उत्रिएका छन। हिजो साउदी अरब स्थित नेपाली दूतावासमा भएको मजदुरहरूको प्रदर्शन लाई यसको पछिल्लो कडिको रूपमा बुझ्न सकिन्छ।

*अब के गर्ने ?*

अहिले हामीले राज्यलाई चौतर्फी दबाब सृष्टि गर्न केहि नयाँ तयारी गर्न जरुरी भएको छ। मजदुर हरूको श्रम पसिना माथि गरिने कुनैपनि लुटलाई हामीले अस्विकार गर्नुपर्छ। यसका लागि पहिलो तयारी भनेको हरेक देशमा रहेका उत्पीडित नेपाली मजदुरहरूले आजको नयाँ आवश्यकता अनुसार ध्रुवीकरणको तयारी गर्नु हो। दोस्रो तयारी भनेको हाम्रो समस्यालाई सम्बन्धित देशका नेपाली कुटनैतिक नियोग र दूतावासमार्फत नेपाल सरकारको खबरदारी र विरोधको तयारी गर्नु हो। तेस्रो तयारी भनेको वैदेशिक रोजगारी मा रहेका श्रमिक र नेपाल भित्र रहेका उत्पीडित श्रमिक वर्गको बिचमा समन्वय गरि नेपाल भित्र पनि सशक्त विरोध र संघर्षलाई अगाडि बढाउने तयारी गर्नु हो। अन्तिम र मुख्य तयारी भनेको उत्पीडित जनता विरोधी यो दलाल प्रतिक्रियावादी संसदीय राजनीतिक सत्ता वा व्यवस्थाको विरुद्ध निर्णायक जन विद्रोहको तयारी हो। साँच्चै हामी एक हुने हो भने, निरन्तर राज्यको शोषण दमन र उत्पीडनको मार झेलिरहेका विपन्न किसान, मजदुर, महिला, मधेसी, दलित, आदिवासीरजनजाति र सिमान्तकृतहरू एकताबद्ध भएर लड्न तयार हुने हो भने अर्थात सम्पुर्ण उत्पीडित जनताले यो दलाल प्रतिक्रियावादी हरूको लुटको स्वर्ग ध्वस्त गर्न तयार हुने हो भने निमेषभरमा प्रतिक्रियावादीहरू ध्वस्त खरानी हुने छन। यसो गर्न सकियो भने हामि संधैका लागि मुक्त स्वतन्त्र हुनेछौं। हामीले हाम्रो रगत पौरख र पसिना विदेशको मरुभूमिमा बगाउदै मर्नु पर्ने यो बर्बर युगको अन्त्य हुनेछ। हामि वैज्ञानिक समाजवादको सुन्दर व्यवस्थामा प्रवेश गर्न सफल हुनेछौं। धन्यवाद

## ७ ट्रेड...

आउने प्रक्रिया अनिश्चित भएको भन्दै विरोध सभामा राज्यको विशेष ध्यानाकर्षण र खबरदारी गरिएको छ।

विरोध सभामा मजदुर लड्ने को सँग ? रोग सँग कि भोक सँग ? भन्दै राज्यले अनिश्चित लकडाउनको अन्त्य गरि उत्पीडित मजदुर वर्गलाई गरिखान दिनु पर्ने, मजदुरहरूको रोटी, रोजगारी र सुरक्षाको ग्यारेन्टी गर्नु पर्ने, मजदुर विरोधी ऐन तथा सम्झौता खारेज गर्नु पर्ने, मजदुरलाई तत्काल खान पुग्ने गरि नगद राहत उपलब्ध गराउनु पर्ने,वैदेशिक रोजगारीमा रहेका नेपाली मजदुरलाई हवाई भाडा, स्वास्थ्य परिक्षण लगायत निशुल्क गरि अविलम्ब स्वदेश आउने वातावरण बनाउनु पर्ने सहितका मागहरू राखेर नारा जुलुस गरिएको थियो।

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका महासचिव वसन्त बोगटीले सञ्चालन गरेको विरोध प्रदर्शन तथा संयुक्त मजदुर सभालाई समाजवादी ट्रेड युनियन महासंघका अध्यक्ष लाल ध्वज नेम्वाङ, प्रगतिशिल नेपाल स्वतन्त्र ट्रेड युनियन महासंघका अध्यक्ष केदार गीरि, क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष राजन तिमिल्सिना र नेपाल ट्रेड युनियन फेडेरेसनका उपाध्यक्ष नारायण थापाले सम्बोधन गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै मजदुर नेताहरूले नेपालको मजदुर वर्गले भोगिरहेको यस किसिमको संकटमा राज्यले उत्पीडित मजदुर वर्गको पक्षमा काम गर्न नसकेको भन्दै मजदुर हरूको संकटलाई अविलम्ब सम्बोधन गर्न राज्यलाई दबाब सहितको ध्यानाकर्षण गराउदै राज्यले यहि प्रकारको गतिविधि कायम राखे मजदुरहरूले विद्रोह रोज्न बाध्य हुनुपर्ने चेतावनी समेत दिएका छन। मजदुरहरूको हक अधिकारको पक्षमा मजदुर संगठनहरूले विगतमा पनि यस किसिमका विरोधका कार्यक्रमहरू गर्दै आएका छन। यहि श्रावण १६ गते ६ ट्रेड युनियन महासंघले संयुक्त रूपमा मजदुरको रोजगारी कटौती, तलब सुविधा कटौती र मजदुर विरोधी सम्झौताको विरुद्ध काठमाडौमा सशक्त विरोध प्रदर्शन र मजदुर विरोध सभा सम्पन्न गरेका थिए।

७ ट्रेड युनियन महासंघमा नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ, जनता समाजवादी निकट समाजवादी ट्रेड युनियन महासंघ, नेकपा(माले) निकट प्रगतिशील नेपाल स्वतन्त्र ट्रेड युनियन महासंघ(पिकोन्ट), माओवादी केन्द्र निकट क्रान्तिकारी ट्रेड युनियन महासंघ, नेकपा संयुक्त निकट नेपाल ट्रेड युनियन फेडेरेसन, नेकपा निकट अखिल नेपाल ट्रेड युनियन र स्वतन्त्र ट्रेड युनियन महासंघ रहेका छन्।

## क्रान्तिकारी....

बहुमुखी क्याम्पस पश्चिम तर्फको साविक माकर २ ग कित्ता नम्बर १३१० को जम्मा ८ विगहा २ कठ्ठा १२ धुर क्षेत्रफल रहेको उक्त जग्गाको बिषयमा नगरपालिकाले चासो नदिएको र स्थानिय तह प्रमुखको मौनता रहेको कुरा निराधार रहेको दावी गर्नुभएको थियो। उहाँले विगतमा समेत राष्ट्रिय आवास कम्पनीले उक्त जग्गा बिक्री बितरण गर्न नगरपालिकाको सहमति विना टेण्डर प्रकृया अत्यन्तै गोप्य ढंगले अगाडी बढाएको र त्यस बिषयमा तत्कालिन समयमा नगरपालिका र व्यक्तिगत तवरमा कुनै जानकारी नदिने जस्ता प्रयत्न गरिएको हुदा जग्गा व्यवस्थापनको बिषयमा बर्दघाट नगरपालिकाले प्रष्ट अडान राख्दै आएको जानकारी दिनुभयो। त्यस्तै नगर प्रमुख बस्यालद्वारा हस्तक्षरित बिज्ञप्तिमा त्यहाँ रहेका अव्यवस्थित बसोबासी, चिसापानी अस्पताल र क्याम्पस सँग भएको पुर्व सहमति अनुसार जग्गा बितरण गरि बाकी रहेको जग्गा स्थानिय तह (नगरपालिका) को नाममा गरिनु पर्ने अडान रहेको उल्लेख गरिएको छ। उहाँले उक्त जग्गामा अस्पताल नै निर्माण हुने र कोही कसैलाई बिक्री बितरण गर्न नदिई नगरको संरक्षणमा ल्याउन सो जग्गामा तारबार समेत गरिने बताउनुभएको थियो।

अर्को प्रसंगमा बोल्दै नगर प्रमुख बस्यालले बर्दघाट नगरपालिकाले कोभिड १९ को महामारीलाई मध्यनजर गर्दै रोगको संक्रमण नियन्त्रण र रोकथामको कार्यमा सबै कार्यहरू नगर स्तरिय विपद व्यवस्थापन समिति र बर्दघाट नगर कार्य पालिकाको बैठकको निर्णय बाट नियमित रूपमा खर्च अनुमोदन गर्दै आएको बताउदै नगरले आवश्यक रूपमा पिसिआर चेकलाई निरन्तरता दिने र सो नियन्त्रणका लागी सबै नागरिक सचेत हुनु पर्ने बताउनुभयो। फरक प्रसंगमा बर्दघाट ९ स्थित राजा महात्मा पुर्ण भद्र मा.वि भुताहाको आर्थिक क्रियाकलापको सम्बन्धमा सम्बन्धित निकायबाट छानबिन र अनुसन्धान भईरहेको हुदा केहि दिनमै त्यसको सत्य तथ्य सार्वजनिक हुने पत्रकार सम्मेलनमा जानकारी गराउनुभएको थियो।

## आलोपालो

## वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको समस्या, राज्यको गलत नीति र आगामी तयारीबारे

**अहिले वैदेशिक रोजगारीमा रहेका नेपाली मजदुरहरू मुख्यतः पुर्ण रोजगारी कटौती र सकुशल स्वदेश फर्कने अन्योलका बिचबाट गुज्रिरहेका छन ।**



●बसन्त बोगटी ●

१. मलेसिया र मध्य पुर्वका देशहरू मुख्यतः साउदी अरब, युएई, कतार, ओमन,लेबनान, कुवेत, बहराइन सहित सामान्यतः संसारभर नेपाली श्रमिक हरू रोजगारीको शिलशिलामा रहेका छन । कानुनी र गैरकानुनी हिसाबले रहँदै आएका नेपाली मजदुरहरूको यो तथ्यांक ३० लाख भन्दा माथि छ। भारत प्रवासलाई पनि यहि जोडेर राख्दा यो ५० लाख भन्दा अधिक हुन सक्छ। यद्यपि राज्यसँग यसको सहि तथ्यांक र आंकडा छैन जुन दुःखद पक्ष हो ।

२.अहिले विश्वव्यापी बनेको कोरोना भाइरसको आतङ्क र लकडाउनले विश्व पुँजि बजारमा ठुलो असन्तुलन र हलचल पैदा भएको छ। यो संगै विश्वभर करोडौंको संख्यामा मजदुरहरूको रोजगारीमा भीषण कटौती गरिएको छ। मजदुर कटौतीको यो क्रम ५०५ भन्दा अधिक जाने क्षीइ ले एक रिपोर्टमा सार्वजनिक गरेको छ। यसले वैदेशिक रोजगारीमा रहेका नेपाली मजदुरहरूको ठुलो हिस्साले पुर्ण रोजगारी गुमाउनु परेको मात्रै छैन उनीहरूको जीवनलाई एक अनिश्चित संकटको दिशा तर्फ धकेलि दिएको छ ।

३. अहिले वैदेशिक रोजगारीमा रहेका नेपाली मजदुरहरू मुख्यतः पुर्ण रोजगारी कटौती र सकुशल स्वदेश फर्कने अन्योलका बिचबाट गुज्रिरहेका छन। यो संगै तलब सुविधा कटौती, करार सम्झौता अनुसार काम गरेको समय अबधिको तलब सुविधा नपाएको स्थितिको बिचमा कतिपय मजदुरहरूको कम्पनीसँगको करार सम्झौता सकिएको छ र सम्बन्धित कम्पनी नयाँ करार सुविधा थप गर्ने पक्षमा छैनन। पछिल्लो ६ महिनादेखि कामबिहिन मजदुरहरू एउटा कोठामा महिनौं गुजार्न विवश छन। यसले कतिपय मजदुरहरूमा सामान्य स्वास्थ्य समस्या देखि मानसिक समस्याहरू देखा पर्न थालेका छन। मुख्यतः महिला श्रमिकहरूले विगत देखि नै विभिन्न प्रकारका हिंसात्मक दुस्कर्मको सिकार हुनु परेको विषयले हामीलाई निरन्तर दुखित बनाई रहेको छ। कम्पनीमा कार्यरत अवस्थामा घाइते भएर अंगभंग भएकाहरूको व्यवस्थापन र उचित क्षतिपूर्तिको प्रबन्धमा समस्या छ। कतिपय नेपाली श्रमिकहरू अहिले पनि कोमामा उपचाररत छन। उनीहरूको आगामी भविष्य अन्योल ग्रस्त छ। आश्रति परिवारको विचल्लि छ। विभिन्न झुठो प्रकृतिको मुद्दा सहित सयौंको संख्यामा नेपाली मजदुरहरू विदेशको जेलमा बन्दी जीवन बिताउन बाध्य छन। अर्कोतिर गैरकानुनी रूपमा रहँदै बस्दै आएका मजदुर हरूको स्थिति थप संकटग्रस्त बनेको छ। नेपालमा रहेका उनीहरूका आफन्त हरू व्यग्र पुर्वक उनीहरू सँगको पुनर्मिलनका लागि प्रतीक्षारत छन। यो प्रकारको उच्च संकटको सामना गर्ने नेपाली मजदुरहरूको संख्या १० लाखको हाराहारी रहेको छ। विभिन्न आन्तरिक र बाह्य दुर्घटनामा मृत्यु भएका नेपाली श्रमिकहरूको डेथ बडि अझै नेपाल ल्याउन र परिवारलाई बुझाउन सकिएको छैन ।

४. अहिले वैदेशिक रोजगारीमा रहेका नेपाली मजदुरहरूको एक मात्रै प्रमुख मुद्दा भनेको स्वदेश फिर्ताको मुद्दा हो। विगतको समयमा देशको कुल अर्थतन्त्रमा करिब एक तिहाई योगदान दिँदै आएको यो समुदाय अहिले राज्य बिहिन र टुहुरो जस्तो देखिएको छ। राज्यको सक्रियता, पहल र सहयोगमा स्वदेश फर्कन पाउनु उनीहरूको अधिकार हो। तर राज्य उनीहरूको *बाँकी ७ पेजमा*

## नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाःद्वारा श्रद्धाञ्जली व्यक्त



काठमाडौं। मोर्चाका पूर्व केस र हाल ३ नं. प्रदेशका सदस्य अजय बज्राचार्यका बुबा जीवनरत्न बज्राचार्यको ८३ बर्षको उमेरमा भाद्र १८ गते, २०७७ मा निधन भएको उल्लेख गर्दै नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाःले दिवंगत जीवनरत्न बज्राचार्यप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ। मोर्चाका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठद्वारा जारी शोक वक्तव्यमा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गरिएको छ। दिवंगत बज्राचार्यका जीवनसंगिनीसहित ६ जना छोरा र एउटी छोरी रहेका छन्। अजय बज्राचार्य उहाँको माइलो छोरा हुनुहुन्छ ।

## अखिल...

रहेका नेपाली श्रमजीवी वर्गलाई समेत जोडेर नेपालको कृषि समस्या, कोभिड-१९ ले कृषि क्षेत्रमा पारेको असर र राज्यको दायित्वको विषयमा अन्तर्क्रिया कार्यक्रम गरियो र उपयुक्त समयमा सरकारसमक्ष माग प्रस्तुत गरेर माग पूरा गराउन सङ्घर्षमा उत्रने निर्णय गरियो। यसरी किसानका समस्याहरूको समाधानका लागि राज्यको भूमिका गलत दिशातिर गइरहेको अवस्थामा सङ्घर्षमा सङ्घर्षको विकल्प नरहेको आत्मसात गर्दै चार किसान सङ्गठन र यसका सम्पूर्ण अङ्गसहितको यो राष्ट्रिय भेलाको आयोजना भइरहेको छ ।

किसानका समस्या र समाधानका विषयमा हामीले प्रशस्त छलफल गर्दै आइरहेका छौँ। हाम्रा घोषणापत्र तथा मागहरूले त्यसको सम्बोधन गरिरहेको छ। व्यक्तिको भूमिकाभन्दा राज्यको भूमिका प्रमुख भएर आएको छ। यस महासङ्कटलाई व्यवस्थापन गर्न विश्वका साम्राज्यवादी मुलुक असफल भएका छन्, जसले गर्दा उनीहरूको आफ्नो देशमा सङ्क्रमित र मृत्युको सङ्ख्या करोडौं र लाखौंमा पुगेको छ। साथै करोडौं किसान-मजदुरहरू रोजगारविहीन बन्न पुगेका छन्। अन्य मुलुकहरूको अवस्था पनि सन्तोषजनक देखिएको छैन। यसको नियन्त्रणका लागि जहाँ राज्यको भूमिका प्रभावकारी देखिएको छ, तुलनात्मक रूपमा त्यहाँ सङ्क्रमण र मृत्युदर कम रहेको छ। जहाँ राज्यहरूले समाजवादी मान्यताहरू आंशिक रूपमा भए पनि अपनाएका छन्, ती देशहरूमा राज्यको व्यवस्थापनले यसको नियन्त्रण अपेक्षाकृत सकारात्मक देखिएको छ। सङ्क्रमित र मृत्युदर पनिकम देखिएको छ। यसले मानव स्वास्थ्यको रक्षा र मानव जीवनको व्यवस्थापनमा समाजवादी बाटो नै ठिक भएको औचित्यता पुनः प्रमाणित भएको छ ।

पुँजीवादी देशहरू सङ्कटग्रस्त अवस्थाबाट गुज्रिरहेको अवस्थामा कोभिड-१९ को महामारीले विश्व अर्थतन्त्र धरासायी बन्नपुगेको छ। पुँजीवादका पुराना मान्यताहरू गर्ल्यामगुर्लुम ढलिरहेका छन्। किसान-मजदुरहरू कोभिड-१९ को रोग र भोकले मरिरहेका छन्। यो स्थितिमा विश्वमा नयाँ युगको निर्माणका लागि ढोका खुल्न थालेका छन्। यो अवस्थाबाट नेपाल पनि अछूतो रहन सक्दैन। यस प्रकारको स्थिति भएता पनि किसानका समस्याहरूमध्ये प्रमुख भएर आएको विषयलाई जोडदार रूपमा उठाउनुपर्ने आवश्यकता छ। त्यसमध्ये मलको आपूर्ति गम्भीर र जटिल बनेको अवस्था छ। सरकारले समयमा र पर्याप्त मात्रामा मल उपलब्ध नगराउनु, साम्राज्यवादीहरूको इसारामा किसानमारा भूमिबैङ्कको स्थापना गर्न खोज्नु, यो महामारीको सङ्कटमय अवस्थामा पनि किसानले उत्पादन गरेको वस्तु विक्री-वितरण गर्ने कुरामा सरकार गैरजिम्मेवार हुनु, भारतबाट निर्बाध रूपमा कृषिआयात बढाइरहनु, बाढीपहिरोजस्ता प्राकृतिक प्रकोप र रोगब्याधिले किसानलाई परेको मारबारे सरकारले उपेक्षा गर्नु—यस प्रकारका किसानका समस्याहरू भयावह स्थितिबाट गुज्रिरहेको छ ।

यसका साथसाथै देशको राष्ट्रियतामाथि जुन गम्भीर सङ्कट उत्पन्न भएको छ, लिम्पियाधुरा-कालापानीलगायत देशका विभिन्न भागका नेपाली भूमिमाथि भारतद्वारा कब्जा गरिएको छ। राष्ट्रियताका विषयहरू, जस्तो- अतिक्रमित भूमिफिर्ता, एमसिसीको खारेजीका सवालमा राजनीतिक पार्टी र देशभक्तले गरेका सङ्घर्षमा हाम्रो समर्थन, सहयोग र द् सहभागिता रहँदै आएको छ। देशको अर्थतन्त्र दलाल पुँजीपति वर्गको अधिनस्त बन्दै गइरहेको छ। किसानका लागि भूमि र स्वतन्त्र अर्थप्रणाली विकासका लागि प्रमुख स्तम्भहरू हुन्। आधाभन्दा बढी जनसङ्ख्या ओगटेका महिलाहरूको ठुलो हिस्सा कृषिकर्मसँग जोडिएको छ। सामन्ती शोषणले गाँजिएका महिलाहरूको सम्पत्ति, श्रम, ज्यालामा पुरुष सरहको अधिकार अझै प्राप्त हुन सकेको छैन ।

अहिले गणतान्त्रिक व्यवस्था स्थापना भएता पनि राज्यको संरचना प्रतिक्रियावादी रहेको, अर्धसामन्ती र अर्धऔपनिवेशिक चरित्रमा परिवर्तन नआएकाले किसानका दीर्घकालीन समस्याको समाधानका लागि नयाँ जनवादी व्यवस्था आवश्यक भएको र त्यसका लागि सर्वहारा वर्गको पार्टी कम्युनिस्ट पार्टीको नेतृत्वमा हुने क्रान्तिबाट आउने नयाँ जनवादी व्यवस्थाले मात्र किसानका दीर्घकालीन समस्या समाधान गर्न सक्दछ भन्ने कुरामा हामी चार किसान सङ्गठन सहमत छौं। तर यही राज्य संरचनाभित्र पनि किसानका तात्कालिक समस्यालगायत राष्ट्रियता र स्वतन्त्र अर्थतन्त्रको पक्षमा हामी लगातार सङ्घर्षमा लागिरहेको पनि यथार्थ हो। त्यसैले किसानका समस्याहरूको समाधानका लागि देशव्यापी रूपमा छलफल गरेर सङ्घर्षमा उत्रनुको विकल्प छैन। यसका साथै किसानका समस्या साझा हुन् र यी साझा समस्यालाई कृषिकर्म गर्ने र कृषिसँग सरोकार रहने तह र तप्कालाई पनि समावेश गरेर जाने कुरामा हाम्रो सहमति छ। त्यही आधारमा हामीले निम्न तात्कालिक समस्याहरूमा छलफल गरी एउटा निस्कर्षमा पुगी सङ्घर्षमा उत्रने तयारीमा जुटौं ।

**क. समस्याहरू**

१. प्राकृतिक प्रकोपले क्षति पुगेका किसान र बालीको क्षतिपूर्तिको माग क. आगलागी, डढेलो, बाढीपहिरो, पशुपन्छी तथा कृषिबालीमा भएका रोगब्याधिको क्षति ख. वन्यजन्तु, जनावर, सलह आदिले पुऱ्याएको क्षति

२. मल, बिउ, औषधि, प्रविधि, प्राविधिक, वैज्ञानिक, अनुसन्धान क्षेत्र र आधुनिक कृषिऔजारको सहज उपलब्धता

३. कृषि उत्पादनको विक्री र वितरणमा राज्यको प्रत्यक्ष भूमिका

४. कृषिक्षेत्रमा सिँचाइको समस्या

५. कृषिभूमिको क्रान्तिकारी भूमिसुधार लागु गर्नुपर्ने

६. भूमिहीन किसानलाई कृषि कर्मको लागि राज्यले सम्पूर्ण साधनको सहज उपलब्धता गराउनुपर्ने

७. सरकारी निकायमा भइरहेको व्यक्तिगत वा संस्थागत भ्रष्टाचारको पूर्ण नियन्त्रण

८. कृषिभूमिमा खुल्ला गरिएको कित्ताकाटको खारेजी

ख. कोभिड-१९ को महामारीले उत्पन्न गरेका समस्याहरू

क. कृषिउपजको विक्री-वितरण

ख. कृषि उत्पादनका लागि सरकारी अनुदान

ग. वैदेशिक रोजगारीबाट आएका श्रमिकलाई रोजगारीको व्यवस्था, कृषि रोजगारका लागि आवश्यक योजना र त्यसको कार्यान्वयन

घ. सहुलियतपूर्ण ऋण-अनुदानको व्यवस्था

ङ. कृषिऋण र ब्याजमा मिनाहा

च. कृषि अनुदानमा कमिसनखोरीको उन्मूलन, भ्रष्टाचार बन्द हुनुपर्ने

छ. सुकुम्बासी किसानहरूलाई कृषिकर्मका लागि सम्पूर्ण व्यवस्था

ज. कोभिड-१९ ले रोजगारविहीनका लागि तत्काल राहतको व्यवस्था

झ. कोभिड-१९ ले कृषि उत्पादनमा पारेको क्षतिको विवरण तयार पारी क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने

ञ. कृषिक्षेत्रका उद्योगी-व्यवसायीका लागि राहत व्यवस्था

**तत्काल उठाउनुपर्ने विषय**

१. लिपुलेक-लिम्प्याधुरालगायत भारतद्वारा कब्जा गरिएका भूमिहरू फिर्ता हुनुपर्ने, अमेरिकी साम्राज्यवादसँग गरिएको एमसिसी सम्झौता खारेज हुनुपर्ने

२. मलको सहज उपलब्धता हुनुपर्ने, मलको अभावले कृषि उत्पादनमा भएको क्षतिको क्षतिपूर्ति दिनुपर्ने

३. कृषिभूमिमाथिको कित्ताकाट गर्न नपाइने कानुन यथावत रहनुपर्ने

४. उखुकिसानको बाँकी भुक्तानी तुरुन्त दिलाउनुपर्ने

५. पशुपन्छी, कृषिबालीमा भएको रोगब्याधिको नियन्त्रण र त्यसको क्षतिपूर्ति

६. प्राकृतिक प्रकोपको सङ्कटमा परेका किसानहरूलाई तत्काल राहत र उनीहरूको व्यवस्थापन

७. भूमिबैङ्क स्थापना गर्ने नीति खारेज गर्नुपर्ने

८. कोभिड-१९ ले पारेको सम्पूर्ण असरको मूल्याङ्कन गरी राहत, क्षतिपूर्ति, कृषिबजार व्यवस्थापन, नयाँ रोजगारी आदिको व्यवस्था गर्नुपर्ने

९. कृषि महिलाको अधिकार सुनिश्चित गर्नुपर्ने, उनीहरूलाई पुरुष सरह ज्याला र श्रममा समान अधिकार हुनुपर्ने, उनीहरूमाथि हुने सामन्ती क्रुर उत्पीडनको अन्त हुनुपर्ने

१०. सुकुम्बासी, दलित, हलीगोठाला, कमैया, महिलालगायत सीमान्तकृत वर्गको उत्थानको लागि तत्काल व्यवस्था गर्नुपर्ने

कार्यक्रम

माथिका समस्या र स्थानीय समस्याहरूलाई समेटेर निम्न कार्यक्रमहरू गर्ने :

क. जिल्लामा संयुक्त बैठक, भेलाको आयोजना गर्ने, गाउँका किसानहरूलाई समेत सम्मिलित गराई साझा माग तयार गरी वडा, पालिका, जिल्ला कृषि ज्ञान केन्द्रमा दबाब दिनका लागि उपयुक्त वातावरणमा तयारी गर्ने ।

ख. केन्द्रमा पनि चार किसान सङ्गठनसहित कृषि वैज्ञानिक, विज्ञ र सरकार पक्षहरूसँग समेत सहमति गरी साझा माग तयारी गरी सरकारलाई मागपत्र बुझाउन तयारी गर्ने। माथिका विषयमा घनीभूत छलफल भई एउटा साझा निस्कर्षमा पुग्ने छौं भन्दै सम्पूर्ण सहभागी कमरेडलाई पुनः स्वागत अभिवादन गर्दछु ।

धन्यवाद ।








**कोभिड-१९ को संक्रमण फैलन नदिन सम्पूर्ण उद्योग, व्यापारिक एवं व्यावसायिक फर्म, डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र एवं पसलहरूले वस्तु तथा सेवाको उत्पादन, प्रशोधन, ढुवानी तथा बिक्री वितरणलगायतका कार्यहरू गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृत गरेको कोभिड-१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocal) अनिवार्य पालना गरौं ।**



**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।